मुसहर बस्तीमा धुर्मुस...पृष्ठ ६


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं । वर्ष १५, अंक २२०, काठमाडौं, बुधबार ६ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np I Email rajdhaninews@gmail.com I RAJDHANI Nepali National Daily I Kathmandu, Wednesday 20 January 2016 I पृष्ठ : ८ मूल्य रु. ५/-



लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

☎ ग्राहक बन्नु परेमा

☎ नवीकरण गर्नु परेमा

☎ ठेगाना परिवर्तन भएमा

र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300,

बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108


# १७ वर्षपछि नेपाल फाइनलमा

## ◆ नवयुगको ह्यात्रिक ◆ नेपाल ४-१ माल्दिभ्स

**प्रकाश कँडेल/राजधानी**
काठमाडौं, ५ माघ

नेपाल बंगबन्धु गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। मंगवार साँझ भएको सेमिफाइनलमा नेपाल माल्दिभ्सलाई ४-१ ले हराउँदै १७ वर्षपछि औपचारिक फुटबलको फाइनलमा प्रवेश गरेको हो । सन् १९९९ पछि नेपाल कुनै पनि अन्तर्राष्ट्रिय फुटबलको फाइनलमा प्रवेश गरेको थिएन । नेपालले माल्दिभ्सलाई सन् १९९९ पछि पहिलो पटक हराएको हो ।

कुनै पनि वहानामा मौका गुमाउनु नेपाली फुटबलका लागि थप घातक थियो । एकपछि अर्को खराब नतिजा र समाचारले आजित नेपाली फुटबल मंगलवार निकै उत्साहित बन्यो । अनि सबै खराब इतिहास बिसिएर फुटबल उपाधिको सपनामा आफूलाई उभ्याउन सफल भयो नेपाली टिम । युवा स्टार नवयुग श्रेष्ठले ह्यात्रिक गरेको खेलमा थप १ गोल विशाल राईको नाममा रह्यो । नवयुग नेपालका लागि अन्तर्राष्ट्रिय फुटबलमा ह्यात्रिक गर्ने पाँचौं खेलाडी बनेका छन् । नवयुगको ह्यात्रिकसँगै नेपाल बंगलादेशमा जारी बंगबन्धु गोल्डकपको फाइनलमा प्रवेश गऱ्यो, जुन नेपाली अपेक्षाभन्दा माथि थियो। अब राष्ट्रिय टिमको उपाधि अभियानका लागि बहराइनको यू-२३ टिमलाई पाखा लगाउनु अर्को ठुलो चुनौती रहेको छ।

माल्दिभ्सलाई पाखा लगाउने क्रमको सुरुआत नेपालले ३१औं मिनेटमा महत्त्वपूर्ण गोलमार्फत गऱ्यो । स्ट्राइकर बिमल घर्ती मगरले गरेको लेफ्ट फुटेड प्रहार फस्ट बारमा लागेर फर्किएको बललाई नवयुगले कुनै गल्ती नगरी पोस्टको दिशा दिए। दोस्रो हाफको सुरुआतमा नै डिफेन्डरको गल्तीको फाइदा उठाउँदै विशालले दोस्रो गोल गरे । त्यसपछिका थप २ गोल नवयुगको नाममा रहेयो माल्दिभ्सका नासिद अहमदले ७६औं मिनेटमा गोल गरे, जुन उसका लागि सान्त्वना गोलका रूपमा रह्यो ।

अधिकांश यू-२३ टिम नै रहेको नेपाली टिमले मंगलवार सनसनीपूर्ण प्रदर्शन गर्दा साफ च्याम्पियनसिपको खराब नतिजा बिर्साउन पर्याप्त रहयो । दक्षिण एसियाली फुटबलमा निकै बलियो मानिएको माल्दिभ्सलाई ४-१ ले स्तब्ध पार्ने क्रममा नेपाल सबै पक्षमा बलियो साबित भयो ।

सन् १९९९ पछि पहिलो पटक कुनै पनि अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताको उपाधिनजिक पुगेको नेपालका लागि यो जितले नजिकिंदो सागका लागि आत्मविश्वास बढाउने राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिव केशव कुमार बिष्टले बताए ।

(बाँकी पृष्ठ २ मा)

### उपाधि जिते राखेपले जनही २ लाख पुरस्कार दिने

**काठमाडौं/रास-** राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिव केशवकुमार बिष्टले बंगबन्धु गोल्डकपको फाइनलमा प्रवेश गरेको नेपाली फुटबल टोलीलाई उपाधि जिते जनही २ लाख रुपैयां पुरस्कार दिने घोषणा गरेका छन् ।

नेपाली फुटबल टोली मंगलवार माल्दिभ्सलाई ४-१ ले हराउँदै फाइनल पुगेसँगै उत्साहित भएका राखेपका सदस्य सचिवले भने, 'नेपालले महत्त्वपूर्ण जित हात पारेको छ । यसको प्रोत्साहन गर्ने नै छौं । अझ उपाधि जितेको खण्डमा प्रत्येक खेलाडीलाई जनही २ लाख रुपैयां उपलब्ध गराउने घोषणासमेत गर्दछौं,' सदस्य सचिव बिष्टले राजधानीलाई भने ।

# यसरी रोकियो अन्तिम सहमति

**विजय चाम्लिङ/राजधानी**
काठमाडौं, ५ माघ

प्रमुख तिन दल र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबिच हुने लागेको सहमति रोकिएको छ । केही दिनयता वार्ता लगभग सहमतिनजिक पुगे पनि मंगलबार मोर्चाले एक्कासि तिन दलसंग वार्ताका लागि गठन गरेको कार्यदल बिघटन गरे 'हुनै लागेको सहमति' रोकिएको हो ।

पाँच महिनादेखि आन्दोलनरत मधेसी मोर्चा र तिन दलबिच मोर्चाले राखेको ११ बुंदे मागमध्ये धेरैजसो बुंदामा लगभग सहमति भइसकेको थियो । तर, राजनीतिक संयन्त्रमार्फत सीमांकन टुंगो लगाउने तथा संयन्त्रको क्षेत्राधिकार (टीओआर) निर्धारण गर्ने विषयमा तिन दल र मोर्चाबिच विवाद उत्पन्न भएपछि अपेक्षित सहमति टाढिएको हो । मोर्चाले सरकारसामु राखेको ११ बुंदेको पहिलो नम्बरमै पहिलो संविधानसभाको राज्य पुनःसंरचना समिति र राज्य पुनःसंरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदनका आधारमा संघीय संरचना कायम गर्नुपर्ने उल्लेख छ ।

सीमांकनलाई आफ्नो वटमलाइन भन्दै आएको मोर्चाले राजनीतिक संयन्त्रमार्फत तिन महिनाभित्रमा सीमांकन टुंगो लगाउने हो भने संयन्त्रलाई सोही समिति र आयोगले दिएको प्रतिवेदनका आधारमा संघीय संरचना हेरफेर गर्ने राजनीतिक कार्यादेशसमेत दिनुपर्ने बताउँदै आएको छ ।

गत सोमवार सिंहदरबारमा बसेको कार्यदलस्तरीय वार्तामा पनि मोर्चाले यही कुरा दोहोऱ्याएको थियो । तर, सो वार्तामा एमालेको तर्फबाट भीम रावलले समिति र आयोगको प्रतिवेदनलाई सन्दर्भ सामग्रीका रूपमा मात्रै लिन सकिने प्रस्ट कुरा बताएपछि मंगलवार मोर्चाले राजधानीमा पत्रकार सम्मेलन गरी उपान्त अध्यक्ष तहबाट मात्रै वार्ता हुने घोषणा गरेको छ ।

'सरकार र तिन दल नाटकीय रूपमा परिवर्तन भयो, हामी धेरै कुरामा सहमतिनजिक पुगेका थियौं तर उहाँहरू अहिले फेरि ३ असोजअघिकै अवस्थामा फर्कनुभएको छ,' पत्रकार सम्मेलनमा तमलोपा उपाध्यक्ष हृदयेश त्रिपाठीले भने, 'यही कारण अब सहमति हुन सकेन र आजैबाट कार्यदलको औचित्य पनि समाप्त भयो ।' अध्यक्ष तहबाटै वार्ता हुनुपर्ने बताउँदै उनले आफूहरू वार्तावाट भने नटाडिने प्रस्ट पारे ।

मोर्चाले आफूले भनेबमोजिम राजनीतिक संयन्त्रलाई राजनीतिक कार्यादेश दिन तिन दल तयार रहने हो भने अन्य विषय लचिलो हुने बताउँदै आएको छ । तर, पछिल्लो वार्तामा मोर्चाले सात प्रदेशको सीमांकन नै हेरफेर गर्नेसम्मको अधिकार संयन्त्रलाई दिनुपर्ने अडान नछोडेपछि यही कारण सहमतिनजिक आएर पनि सहमति हुन नसकेको हो ।

'सिधा अर्थमा भन्नुपर्दा हामीले पहिचानसहितको संघीयता छाड्न सकौंनौं, उहाँहरूले सात प्रदेशको सीमांकन मात्रै मिलाउने भन्नुभयो, यसैले गर्दा कुरा मिलेन,' वार्तामा सहभागी मोर्चाका एक नेताले भने, 'सोमबारको वार्तामा भीम रावलजीले शीर्ष तहमा पुगेपछि कुरा मिलेन, तपाईहरूले भनेजस्तो नहुने भयो, आयोग र समितिले दिएको प्रतिवेदनलाई सन्दर्भ सामग्रीका रूपमा मात्रै लिन सकिन्छ भन्नुभयो, त्यसपछि नै वार्ता भाँडिएको हो ।'

स्रोतका अनुसार तिन दल र मोर्चाबिच सीमांकनबाहेक अन्य कुरा भने करिब मिलिसकेको छ । समानुपातिक समावेशी, निर्वाचन क्षेत्र, नागरिकता, मातृभाषा, सेनामा समावेशी, न्यायालयजस्ता अन्य मुद्दा हाल जटिल नभएको बताइएको छ ।

'नागरिकतावारे सहमति भइसकेको थियो, समानुपातिक समावेशी, निर्वाचन क्षेत्र, भाषालगायत अन्य विषयमा पनि हामी सहमतिनिकट आइपुगेका थियौं,' स्रोतले राजधानीसँग भन्यो, 'वार्तामा बस्दा मिल्ने आँटेका कुराहरू पनि उहाँहरू तिन दलले फेरि शीर्ष तहमा मिलेकै छैन भन्दै हिंडेपछि हामीले आन्दोलनबाहेक के गर्ने त ?'

मोर्चा नेताका अनुसार अहिलेको वार्ता एमालेकै कारण मिल्न नसकेको हो । 'कांग्रेस त सुरुदेखि नै सकारात्मक थियो, एकीकृत माओवादी पनि पछिल्लो समय लचिलो बन्दै आएको थियो,' ती नेताले भने, 'तर, अहिलेसम्म अबस्था हेर्दा एमालेकै कारण कुरो मिल्न सकिरहेको छैन ।'

**मिल्न लागेका विषय**

समानुपातिक समावेशी
नागरिकता
निर्वाचन क्षेत्र
मातृभाषा
न्यायपालिका
सेना समावेशी

**नमिलेका विषय**

सीमांकन (संघीय संरचना)
बहुराष्ट्रिय राज्य

राजधानी कुरा-कुरा

•उत्तम नेपाल

छक्का, चौका ठोकेर खेल्ने! 'बल र ब्याट' मै करोडौं लगानी गऱ्या छौं हाँम्ले !

# आज वर्षा र हिमपातको सम्भावना

**सविन शर्मा/राजधानी**
काठमाडौं, ५ माघ

मध्य भारतमा विकसित भएको मौसमी प्रणालीको प्रभाव र नेपालमा उत्पन्न मौसमी प्रणाली आपसमा मिश्रण हुँदा मंगलवार दिनभर नेपाली आकाशमा बादल लाग्यो । मौसममा भएको बदलीले बुधवार मध्य र पूर्वी नेपालमा वर्षा हुनुका साथै उच्च हिमाली क्षेत्रमा हिमपात हुन सक्ने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसमविद् विभूति पोखरेलका अनुसार मध्य भारतमा विकसित भएको मौसमी प्रणालीको प्रभावका कारण अहिले नेपालको मौसममा बदली भएको हो । मंगलवार विहानदेखि नै मौसम बदलीका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने उडान अवतरण पनि रोकिएको थियो ।

आन्तरिक उडानका लागि न्यूनतम १५ सय मिटर र अन्तर्राष्ट्रिय उडानका लागि न्यूनतम ३ हजार मिटर भिजिबिलिटी आवश्यक पर्दछ । अरब सागरबाट आएको हावा र बंगालको खाडीबाट आएको हावा मध्य भारतमा मिसिएर उत्तर पूर्वतर्फ सर्दै गएकाले त्यसको प्रभाव नेपालमा पनि परेको महाशाखाले जनाएको छ ।

'मध्य भारतमा विकसित भएको मौसमी प्रणालीका कारण र पश्चिमी बायुको प्रभावका कारण मौसम बदली भएको छ,' मौसमविद् पोखरेलले भनिन्, 'त्यसैको प्रभावले पूर्वी पहाडी क्षेत्र र हिमाली क्षेत्रमा हिमपातसहित पानी पर्ने सम्भावना अत्यधिक छ ।'

महाशाखाका अनुसार जनवरी महिनाको औसत अधिकतम तापक्रम १९ दशमलव १ डिग्री सेन्टिग्रेड हो भने न्यूनतम औसत तापक्रम २ दशमलव ४ डिग्री सेन्टिग्रेड हो । जल तथा मौसम विज्ञान विभागका अनुसार जनवरी महिनाको औसत वर्षा १४ दशमलव ४ मिलिमिटर भए पनि मंगलबारसम्म वर्षा शून्य भएको छ । विगतमा जनवरी महिनाको सबैभन्दा बढी तापक्रम ३१ जनवरी २००१ मा २७ दशमलव ४ डिग्रीसम्म पुगेको थियो ।

जनवरी महिनाको सबैभन्दा चिसो दिनका रूपमा ११ जनवरी १९७८ मा उपत्यकाको तापक्रम माइनस ३ दशमलव ५ डिग्रीसम्म झरेको थियो । जनवरी महिनामा सबैभन्दा बढी १६ जनवरी १९९६ मा ५६ मिलिमिटर वर्षा भएको थियो ।

बुधवार वेलुकादेखि भने पश्चिमतर्फवाट मौसममा सुधार हुँदै जाने महाशाखाको पूर्वानुमान छ । बुधवार साँझदेखि सुरु भएको मौसमी सुधार विहीवार साँझवाट पूर्वी नेपालवाट वाहिरिनेछ ।

# विधान मस्यौदामा विवादै विवाद

**भुवन शर्मा/राजधानी**
काठमाडौं, ५ माघ

नेपाली कांग्रेसको आगामी १३औं महाधिवेशनमा प्रस्तुत हुने विधान संशोधन मस्यौदामा एक दर्जनभन्दा बढी विषयमा विवाद उत्पन्न भएका छन् ।

अधिक विवादका कारण समाधान नै गर्न नसक्ने परिस्थिति उत्पन्न भएपछि विधान संशोधन मस्यौदा समितिले विवाद टुंग्याउने जिम्मा केन्द्रीय पदाधिकारीलाई सुम्पिएको छ । विधान प्रदेश समितिका पदाधिकारीहरू मनोनीत गर्ने कि चुनाव गर्ने भन्ने विषयमा पनि विवाद उत्पन्न भएको छ । समितिका केही सदस्य प्रदेश समितिको प्रमुख सभापतिले मनोनयन गर्नुपर्ने पक्षमा छन् भने केही सदस्य प्रदेश समितिको सभापति, उपसभापतिलगायतका सबै पदाधिकारीमा निर्वाचन गर्नुपर्ने पक्षमा देखिएका छन् ।

क्षेत्रीय पार्टीहरूलाई कमजोर बनाउन र राष्ट्रिय पार्टीहरूलाई बलियो बनाउन प्रदेश समितिको सभापति, उपसभापति लगायतका सबै मस्यौदा समितिको दुई दिनसम्म धुलिखेलमा चलेको बैठकबाट पनि विवाद समाधान हुन नसकेपछि विवाद समाधानको जिम्मा पदाधिकारीसमक्ष आइपुगेको हो । समितिका सदस्यविच नै मतैक्य हुने नसकेपछि शीर्ष नेतासँग बसेर विवाद टुंग्याउने गरी बैठक सकिएको छ । कांग्रेसको प्रदेश समितिको चुनाव गर्ने कि सभापतिले मनोनयन गर्ने भन्ने विषयमा विधान संशोधन समितिका सदस्यहरूमै विवाद उत्पन्न भएको छ ।

आगामी महाधिवेशनपछि पार्टीको संगठनात्मक संरचना संघीयतात्मक तय भइसकेको छ । तर, पार्टीको संघीय संरचना कस्तो बनाउने भन्ने विषयमा समितिका सदस्यविच मतैक्य हुन सकेन । संघीय प्रदेश समिति कस्तो बनाउने, पदाधिकारीको निर्वाचन गराउनुपर्ने पक्षमा विधान समितिमा चर्को आवाज उठे पनि बहुमत जुट्न सकेन । 'प्रदेश समितिको चुनाव गराउँदा राष्ट्रिय पार्टी बलिया हुन्छन् र क्षेत्रीय पार्टी कमजोर हुन्छन् तर पार्टी सभापतिले प्रदेश समितिका प्रमुखहरू मनोनयन गर्दा क्षेत्रीय पार्टी बलियो हुने सम्भावना हुन्छ । त्यसैगरी, सभापतिले आफ्नो मान्छेलाई ल्याउन चुनाव हारेका व्यक्तिलाई पनि मनोनयन गर्न सक्छन्,' विधान संशोधन समितिका सदस्य बालकृष्ण खाँडले राजधानीसँग भने ।विधान संशोधन समितिका सदस्य आनन्द ढुंगानाले प्रदेश समितिमा चुनाव गर्ने कि मनोनयन गर्ने भन्ने विषयमा टुंगो नलागेको बताए ।

(बाँकी पृष्ठ २ मा)

**यस्ता छन् विवादित विषय**

- प्रदेश समितिको चुनाव गर्ने कि मनोनयन गर्ने
- पदाधिकारी बढाउने कि यथावत् राख्ने
- सभापतिलाई मनोनयन अधिकार दिने कि नदिने
- केन्द्रीय समितिको आकार बढाउने कि यथावत् राख्ने
- जिल्ला सभापतिको अधिकार बढाउने कि यथावत् राख्ने
- निर्वाचित खुला केन्द्रीय सदस्य संख्या बढाउने कि यथावत् राख्ने

# बरालको सकियो, गुरुङलाई सजिलो

## अख्तियार आयुक्तका कानुनी विवाद

**डिल्ली अचार्य/राजधानी**
काठमाडौं, ५ माघ

लामो रिक्ततापछि तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा केशव बराललाई ६६ सालमा आयुक्त नियुक्त गरे। प्रमुख आयुक्तसमेत नभएको अख्तियारमा अवकाशप्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) बराल नियुक्त त भए तर शपथ लिन पाएनन् । आयुक्तलाई शपथ गराउने प्रमुख आयुक्त नै नभएपछि बराल कामविहीन बन्नुपऱ्यो, लामो समयसम्म ।

राजनीतिक संक्रमणले प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सिंहदरबार पुऱ्यायो । र, तिनै रेग्मीले प्रमुख दलहरूको सहमतिमा बराल नियुक्त भएको चार वर्षपछि पूर्वमुख्य सचिव लोकमानसिंह कार्कीलाई अख्तियारको प्रमुख आयुक्तमा नियुक्त गरे । त्यसपछि भटाभट आयुक्तहरू नियुक्त भए, अख्तियारले पूर्णता पायो । बरालले पनि शपथ लिन पाए । अख्तियार आफ्नै रफ्तारमा दुई वर्ष चलेपछि एकै पटक दुई आयुक्तको पद संवैधानिक विवादको घेरामा पऱ्यो । आयुक्त केशव बरालको पदावधि निर्युक्ति भएको दिनदेखि गणना हुने कि शपथ ग्रहण गरेपछि भन्ने विवाद अदालतसम्म पुग्यो । जबकि, बरालले अख्तियारले आज (बुधवार) बाट विदाइ गर्ने तयारी गरिरहेको छ । बराल भने पदावधि बढाउन अदालत धाइरहेका छन् ।

बरालसँगै अर्की आयुक्त सावित्री गुरुङ पनि विवादमा तानिइन् । उनी भने बरालभन्दा फरक विषयमा । दोहोरो सुविधा लिएको विवादमा आयुक्त गुरुङलाई प्रमुख आयुक्त लोकमानसिंह कार्कीले काममा रोक लगाए । उनको सो कामविरुद्ध अदालतमा मुद्दा पऱ्यो । यसपछि अख्तियारका दुई आयुक्तको कानुनी विवाद अदालतमा पुग्यो । ६ वर्ष पदावधि हुने आयुक्त पदमा नियुक्तिको चार वर्षपछि शपथ ग्रहण गरेका बरालको पदावधि सकिएको अख्तियारको बुझाइ छ । तर, बरालले शपथ ग्रहण गरेपछि पदावधि गणना हुने जिकिर लिए ।

विवाद अदालत पुग्यो । तर, अदालतले अख्तियारको दावीअनुसार पदावधि सकिन एक दिनअघि (मंगलवार) उनको पदावधि विवादलाई संवैधानिक इजलासमा पठाइदियो । अब उनको मुद्दा संवैधानिक इजलासले हेर्नेछ ।

(बाँकी पृष्ठ २ मा)

## ग्याँस कालोबजारीमा संलग्न पक्राउ

**काठमाडौं/रास-** ग्यांस कालोवजारीमा संलग्न व्यक्तिलाई महानगरीय प्रहरी परिसर ललितपुरले पकाउ गरेको छ। सानेपास्थित श्रीराम तथा राजधानी ग्यांसका सञ्चालक अमित महर्जनलाई अवैध ढंगले वढी मूल्य लिई विक्री गर्दै गरेको अवस्थामा २३ ओटा सिलिन्डरसहित प्रहरीले पकाउ गरेको हो।

महर्जन यसभन्दा पहिलेदेखि नै अवैध कारोवारमा संलग्न रहेको आशंकामा प्रहरीले निगरानी वढाइरहेको परिसर प्रमुख प्रहरी वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) पीतामवर अधिकारीले वताए। ठेंचो स्थायी घर भएको महर्जनले सो स्थानमा करिव ९ महिनापहिलादेखि ग्यांस पसल सञ्चालन गर्दै आएका थिए।

ग्यांस वितरणका लागि लिस्टिड भए पनि आफूखुसी सटर वन्द गरी व्यक्तिगत रूपमा सानो गाडी तथा मोटरसाइकलको प्रयोग गरी कालोवजारी गरिरहेको सूचनाको आधारमा उनलाई नियन्त्रणमा लिई कालोवजारीअन्तर्गत अनुसन्धान अगाडि वढाइएको परिसर प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसपी) दयानिधि ज्ञवालीले वताए।

# सहमतिका लागि थप दुई दिन

## रोकियो संविधान संशोधन प्रक्रिया, पर्सिसम्म संसद् स्थगित

**राजधानी समाचारदाता**
काठमाडौं, ५ माघ

प्रमुख तिन दल र आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सहमतिका लागि थप दुई दिन प्रयास गर्न भएका छन्। कार्यदल र शीर्ष तहको छलफलपछि पनि सहमति जुट्न नसकेपछि तिन दल र मोर्चाका नेताहरू सहमतिको विकल्पमा थप दुई दिन छलफल गर्न सहमत भएका हुन्।

नेताहरूबिचको सहमतिअनुसार मंगलवारको व्यवस्थापिका संसद् वैठक केहीवेर बसेर पर्सि (७ माघ) सम्मका लागि स्थगित भएको छ। तत्काल संविधान संशोधन अघि नवढाउने, दुई दिनसम्म कार्यदल र शीर्ष तहमा सहमतिको प्रयास गर्ने, ७ माघमा बस्ने संसद् वैठकमा संशोधनमाथि छलफल गर्ने तर ९ माघमा मात्रै प्रस्तावलाई निर्णयार्थ पेस गर्ने गरी वैठक स्थगित गरिएको हो।

वैठकअगावै प्रमुख तिन दलका शीर्ष नेता तथा तिनै दलका प्रमुख सचेतकहरूबिचको छलफलले मोर्चासंगको सहमतिका लागि तत्काल संशोधन प्रस्ताव अघि नवढाउने गरी दुई दिन वैठक स्थगित गर्न सभामुख ओनसरी घर्तीमगरलाई अनुरोध गर्ने निर्णय गरेको थियो।

नेताहरूको अनुरोधमा सभामुख घर्तीमगरले वैठक सुरु भएको केहीवेरमै ७ माघसम्मका लागि स्थगित भएको जानकारी गराएकी थिइन्। वैठकपछि उपप्रधानमन्त्री तथा एमाले उपाध्यक्ष भीमवहादुर रावलले ७ माघमा वस्ने वैठकबाट मात्रै संविधान संशोधन विधेयकमाथि परेका संशोधन प्रस्तावमाथि दफावार छलफल अघि वढ्ने जानकारी दिए। उनले त्यस अवधिभित्र सहमतिका लागि अधिकतम प्रयास गरिने पनि वताए। दुई दिनको छलफलपछि मात्रै ९ माघमा संविधान संशोधन विधेयक पारित गर्न प्रमुख तिन दलको तयारी छ।

मोर्चाको माग सम्बोधनका लागि संसद्मा दर्ता भएको दुईवुंदे संशोधन विधेयकामाथि झन्डै पांच दर्जन सभासद्हरूले संशोधन प्रस्ताव दर्ता गराएका छन्।

मोर्चातर्फका सभासद्हरूले भने सहमतिविनै संसद् वैठक अघि वढाइएको विरोधमा वहिष्कार गरेका थिए। तिन दल र मोर्चाबिच निरन्तर छलफल हुँदै आए पनि मोर्चाको मागमा अझै सहमति जुट्न सकेको छैन।

# हलो अड्काएर गोरु चुट्ने काम भयो : पोखरेल

**भक्तपुर/रास-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले आन्दोलनरत मधेसी मोर्चाले वार्ताका नामामा जनतालाे प्रहरीकत तथा नैसर्गिक अधिकार कुण्ठित पार्ने प्रयास गरेको वताएका छन्। भक्तपुरवाट प्रकाशन हुँदै आएको समय समाज राष्ट्रिय साप्ताहिकको ११औं वर्ष प्रवेश कार्यक्रममा बोल्दै उनले सहमतिका नाममा देशलाई वन्दक वनाउन नहुने वताए।

सहमतिका लागि मार्चासंगको वार्तामा सरकार अति नै लचक भए पनि संघीय संरचनामा सिमानाको स्वीकृति लिनुपर्ने व्यवस्था गर्न हुन्छ कि हुन्न भन्ने विषयमा मोर्चासंग अझै कुरा नमिलेको उनको भनाइ थियो। नेपालभित्रका जुनसुकै जनताले पनि उत्तरी छिमेकी सिमानासम्म र दक्षिणी सीमासम्म जाने अधिकार हुनुपर्ने वताउँदै उनले त्यो जनताको प्राकृतिक र नैसर्गिक अधिकार भएकाले त्यसलाई सबैले आत्मसात् गर्नुपर्ने औल्याए। मन्त्री पोखरेलले आन्दोलनरत मधेसी मोर्चाले सहमतिको नाममा हलो अड्काएर गोरु चुट्ने काम गरेको वताए।

उनले आगामी वैशाखसम्ममा वारावोनिजगढमा वन्न लागेको नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सुरु हुने वताए। विमानस्थलको वैशाखमा शिलान्यास गर्ने उनको भनाइ थियो। सासिस्क पर्यटनले मात्र देश विकास नहुने औल्याउँदै उनले धार्मिक र सांस्कृतिक पर्यटनलाई समेत मुख्य रूपमा विकास गर्दै लैजान् पर्ने वताए।

पूर्वउद्योगमन्त्री महेश वस्नेतले प्रधानमन्त्रीले घोषणा गरेको घरघरमा ग्यांसको पाइपलाइन जोड्ने कुरालाई व्यङ्ग्य गरिए पनि संकल्प लिएर अगाडि वढे प्रधानमन्त्रीले घोषणा गरेका सवै काम पूरा गर्न सकिने दावी गरे।

## विधान मस्यौदामा...

'यस विषयमा विधान संशोधन समितिमा छलफल भइरहेको छ तर टुंगो लागेको छैन,' डुंगानाले भने।

विधान मस्यौदा समितिमा सवैभन्दा ठुलो विवाद पदाधिकारीको संख्या वढाउने कि यथावत् राख्ने भन्ने विषयमा छ। संस्थापन पक्षले एक वरिष्ठ उपसभापतिसहित तिन उपसभापति र सात सहभ्रान्मन्त्री थप खोजेको छ भने वरिष्ठ नेता शेरवहादुर देउवा पक्ष पदाधिकारी वढाउने नदिने पक्षमा छ। दुवै पक्षले यसलाई प्रतिष्ठाको विषय वनाएपछि समिति विधान मस्यौदाको टुंगोमा पुग्न नसकेको हो। संस्थापन पक्षले आफ्नो निकट मान्छेलाई भाग पुऱ्याउन पदाधिकारीरू थप खोजेको आरोप देउवा पक्षका छ भने संस्थापन पक्षले पार्टीलाई सशक्त र वलियो वनाउन पदाधिकारीहरूको संख्या थप्नुपर्ने आवश्यकता औल्याउँदै आएको छ।

मस्यौदा समितिका देउवा पक्षधर सदस्यहरू संशोधित विधानमा पार्टी सभापतिलाई केन्द्रीय सदस्यलगायतका पदाधिकारी मनोनयन गर्ने अधिकार दिन नहुने पक्षमा छन् भने संस्थापन पक्ष सभापतिको अधिकार वलियो वनाउन मनोनीत अधिकार झनै थप्नुपर्ने पक्षमा छन्। पार्टीको वर्तमान विधानमा पार्टी सभापतिले एक उपसभापति, एक महामन्त्रीसहित २१ केन्द्रीय सदस्य मनोनयन गर्न सक्छन्। देउवा पक्षधर नेताहरू भने पार्टीलाई पूर्ण रूपमा कार्यकर्ता केन्द्रित पार्टी वनाउन केन्द्रीय सदस्य र पदाधिकारीहरू सवैको चुनाव हुनुपर्ने पक्षमा रहेका छन्।

त्यसैगरी, संस्थापन पक्ष पार्टीको केन्द्रीय समितिको आकार वढाई कम्तीमा ९१ सदस्यीय वनाउनुपर्ने पक्षमा छ भने देउवा पक्ष केन्द्रीय समितिको आकार वढाउनै नहुने पक्षमा देखिएको छ। संस्थापन पक्षका नेताहरूले पार्टीको विधानमा दलित, मधेसी, आदिवासीको कोटा वढाउन केन्द्रीय समितिको आकार अहिलेको भन्दा वढी वनाउनुपर्ने आवश्यकता रहेको वताउँदै आएका छन्। देउवा पक्षीय नेताहरू भने आकार वढाउन नहुने अडानमा छन्।

यसैगरी, केन्द्रीय समितिमा खुला निर्वाचित हुने संख्या वढाउने कि यथावत् राख्ने भन्ने विषयमा पनि विवाद उत्पन्न भएको छ। वर्तमान विधानमा खुलामा २५ केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था छ। यसैगरी, जिल्ला सभापतिको अधिकार वढाउने कि यथावत् राख्ने भन्ने विषयमा पनि मस्यौदा समितिका सदस्यहरू एकमत हुने स्थिति छैन।

देउवा पक्षधर नेताहरूले भने सहमतिमै विधान संशोधन हुनुपर्ने अडान राख्दै आएका छन्। 'सहमतिमा विधान संशोधन हुन सकेन र वुंदागत रूपमा वहुमत र अल्पमतमा लैजान खोजियो भने प्रत्येक वुंदामा महाधिवेशनमा मतदान गर्नुपर्ने हुन्छ। यसले गर्दा महाधिवेशन प्रक्रिया दुईतिन दिन लम्विने मात्रै होइन, कठिन पनि हुन्छ,' समिति सदस्य खांड भन्छन्।

समितिकी अर्की सदस्य पुष्पा भुसालले समितिभित्र सहमति हुन नसकेका विषयहरूलाई पार्टीको शीर्ष नेताहरूवाट टुग्याउने वताइन्। 'सहमती गर्ने प्रयासमै छौं, नभए शीर्ष नेताकहाँ लैजान्छौं,' भुसालले भनिन्।

## १७ वर्षपछि...

खस्किंदो फुटवल माहोललाई पुनः ब्युंताउन यो जित सफल भएको छ। अनुभवी खेलाडीका रूपमा रहेका विराज महर्जनको कप्तानीमा रहेको टिमलाई पहिलो पटक पूर्वस्टार वालगोपाल महर्जनले सम्हालिरहेका छन्।

नेपाल र माल्दिभ्सविच सन् २०१२ पछि पहिलो भेट भएको हो। सन् १९९९ मा माल्दिभ्सलाई २-१ ले स्तब्ध वनाएर फाइनल पुगे पनि नेपाल वंगलादेशसँग पराजित हुन पुगेको थियो।

नेपाल पछिल्लो २३ वर्षदेखि सिनियर स्तरमा अन्तर्राष्ट्रिय उपाधिविहीन रहँदै आएको छ। माल्दिभ्सविरुद्धको खराव इतिहासलाई पछि पार्न पनि मंगलवार जित आवश्यक थियो। सन् १९९९ पछि नेपालले ६ खेलमध्ये ४ मा हार २ वरावरी वेहोऱ्यो, यद्यपि नयां दिल्लीमा २०१२ मा नेहरू कपका दौरान पनि माल्दिभ्स नेपालमाथि हावी भयो।

त्यस खेलमा पनि नेपाल २-१ ले पराजित हुँदै जित भविष्यलाई नै छोइन वाध्य भएको थियो। त्यो खडेरी नेपालले मंगलवार तोड्यो। नेहरू कपपछि यी दुई देशविच भएको यो पहिलो भेट हो। सागको तयारीका रूपमा पनि लिइएको खेलमा नेपालले पाएको सफलता निकै सनसनीपूर्ण र सराहनीय रहेको छ। युवा खेलाडीले भरिएको टिममा अनुभवी खेलाडीका रूपमा रहेका विराज महर्जनले पहिलो पटक कप्तानी भूमिका निर्वाह गरेका थिए।

नेपालको पहिलो उपाधिका रूपमा रहेको दक्षिण एसियाली महासंघीय खेलकुदका रूपमा सन् १९९३ मा स्वर्ण जितेको थियो। त्यसको ६ वर्षपछि नेपालले माल्दिभ्सलाई पराजित गर्दै फाइनल यात्रा तय गऱ्यो। तर, आठौं दक्षिण एसियाली फुटवलको उपाधि भने वंगलादेशले जित्यो।

त्यसमा नेपाल वंगलाशेको हातवाट २-१ ले पराजित भएर उपाधि सुम्पन वाध्य भयो। सन् १९९९ मा फाइनल पुग्ने क्रममा नेपालले माल्दिभ्सलाई २-१ ले स्तब्ध पारेको थियो।

त्यसयता भने नेपाल अन्तर्राष्ट्रिय प्रतियोगितामा सिनियर स्तरमा फाइनल यात्रा तय गर्न असफल रहँदै आएको छ। यद्यपि, उमेर समूहमा भने गत संस्करणको यू-१९ साफ च्याम्पियनसिप जित्यो। जसको प्रशिक्षण पनि वालगोपाल महर्जनले नै गरेका थिए। नेपालको तर्फवाट सर्वाधिक क्याप जितेका महर्जनले पहिलो पटक राष्ट्रिय टिम सम्हालेका हुन्।

नयाँ प्रारूपमा खेलाइएको साफ च्याम्पियनसिपमा नेपालले अहिलेसम्म कुनै पनि उपाधि जित्न सकेको छैन। १२औं दक्षिण एसियाली खेलको तयारीमा रहेको नेपालका लागि वंगवन्धु गोल्डकप एक ऐतिहासिक अवसर हुन सक्छ। गत महिना साफ च्याम्पियनसिपको समूह चरणवाटै वाहिरिएपछि नेपाल ऐतिहासिक रूपमा नै कमजोर सावित भयो।

जसका कारण फिफा वरीयतामा नेपाल दक्षिण एसियाको पुछारमा मात्रै पुगेन, इतिहासमै सर्वाधिक कमजोर १९६औं नम्बरमा रह्यो। सन् १९९३ मा स्वर्ण जिन्दा फिफा वरीयतामा अहिलेसम्मकै सर्वाधिक उच्च स्थानमा रहेको थियो। त्यसतावा नेपाल १२४औं स्थानमा रहेको थियो। त्यो लव्ध नेपालको अवको चुनौती रहनेछ भने प्रदर्शन सुधार्दै फुटवलमा नयां युगको प्रारम्भ गर्नु अर्को चुनौती हुनेछ।

**नेपालका लागि पाँचौं हयाट्रिक**

सेमिफाइनलमा हयाट्रिक गर्ने पहिलो खेलाडी वनेका नवयुग श्रेष्ठ समग्रमा हयाट्रिक गर्ने नेपाली खेलाडीमा भने पाँचौं नम्बरमा रहे। नेपालका लागि गणेश थापा, नरेश जोशी, निराजन रायामाझी र भरत खवासले अन्तर्राष्ट्रिय प्रतियोगितामा हयाट्रिक गरेका छन्।

गणेश थापाले सन् १९८७ मा भुटानविरुद्ध, नरेश जोशीले १९९९ मा श्रीलंकाविरुद्ध, निराजन रायामाझीले २००१ मा मकाउविरुद्ध, भरत खवासले २०१३ मा नर्दन मारियानाविरुद्ध हयाट्रिक गरेका थिए। नवयुग श्रेष्ठले मंगलवार माल्दिभ्सविरुद्धको खेलमा हयाट्रिक गरेका हुन्।

# दाहालद्वारा छलफललाई तीव्रता

**राजधानी संवाददाता**
काठमाडौं, ५ माघ

मुलुकको जारी गतिरोध अन्त्यका विषयमा उच्चस्तरीय राजनीतिक समितिका संयोजक तथा एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भेटवार्तालाई तीव्रता दिएका छन्।

संयोजक दाहालले मंगलवार प्रधानमन्त्री केपी शर्मा ओली, विपक्षी दलका नेता तथा कांग्रेस सभापति सुशील कोइराला र मधेसी मोर्चाका नेता राजेन्द्र महतोसंग छुट्टाछुट्टै भेट गरेका छन्।

तिन नेतासंग अलगअलग छलफल गरे पनि दलहरूबिच कुनै ठोस सहमति भने जुटेको छैन। भेटमा कांग्रेस-एमाले लचिलो बन्न एमाले अध्यक्षमासँग रहेका प्रधानमन्त्री ओली र कांग्रेस सभापति कोइरालालाई आग्रह गरेको उनको सचिवालयले जनाएको छ। महतोसंगको भेटमा पनि सहमतिका लागि लचिलो बनेर वैठकमा वस्न आग्रह गरेका थिए। सभापति कोइरालालाई भेट्न अध्यक्ष दाहाल कोइरालानिवास पुगेका थिए। भेटमा मुलुकमा जारी गतिरोध अन्त्य, संविधानको प्रक्रियालगायत विषयमा उनीहरूबिच छलफल भएको थियो।

संसद् वैठक सुरु हुनुअगाडि भएको भेटमा केही दिन सहमति जुटाउनका लागि संविधान संशोधन प्रक्रिया स्थगित गर्न दुवै नेता राजी भएका थिए।

वैठकपछि सञ्चारकर्मीसंग अध्यक्ष दाहालले मुलुकको जारी गतिरोध अन्त्य र संविधान संशोधन प्रक्रियालगायत विषयमा छलफल भएको जानकारी दिए। उनले भने, 'मधेसी मोर्चासंगको वार्ता केही नकारात्मक भएकाले तिन दलको वैठक वसेर कसरी अघि वढ्ने भन्नेवारे छलफल हुनेछ।'

## बरालको ...

तर, उनको विवादमा आज (बुधवार) नै सुनुवाइ हुने अवस्था छैन। अदालतले निर्णय दिन नसकेपछि उनले नियुक्ति लिएको मिति गणनाका आधारमा आजवाटै अवकाश पाउँदै छन्।

अन्तिम टुंगो संवैधानिक इजलासले कहिले लाउंछ, त्यो भने हेर्न वांकी छ। ५ माघ २०६६ मा नियुक्त वरालले ६ माघ २०७० मा मात्र शपथ लिई पदभार ग्रहण गरेका थिए। अख्तियार प्रमुख आयुक्त कार्कीले यसअघि नै वरालवाई ६ माघवाट विदाइ गर्ने संकेत दिइसकेका छन्। अदालतले समेत शपथ ग्रहणको मितिवाट पदावधि गन्ने कि नियुक्त मितिवाट भन्ने निर्णय नदिएपछि उनी अख्तियारवाट तत्कालका लागि विदा हुने पक्का छ। अख्तियारकै अर्की आयुक्त गुरुङले भिभुवन विश्वविद्यालय र अख्तियार आयुक्त दुवै हैसियतमा सुविधा लिएको पाइएपछि विवादमा तानिएकी हुन्।

समाचार सार्वजनिक भएपछि प्रमुख आयुक्त कार्कीले सोही समाचारका आधारमा गुरुङलाई काम गर्न रोक लगाए। दोहोरो सुविधा लिएकाले अख्तियारको पदवाट हटाउनुपर्ने र तत्काल अन्तरिम आदेशमार्फत गुरुङलाई आयुक्तका रूपमा काम गर्न रोक लगाउन मागसहित अदालतमा रिट निवेदन दायर भयो।

गत १६ पुसमा अधिवक्ता रमेश काफ्लेले उनलाई काममा रोक लगाउन मागसहित सर्वोच्चमा रिट निवेदन दायर गरेपछि उनलाई प्रमुख आयुक्तले कामविहीन वनाएका थिए।

तर, अदालतले सो रिटमा मंगलवार सुनुवाइ गर्दै गुरुङलाई तत्कालका लागि काममा रोक लगाउनुनपर्ने (अन्तरिम आदेश जारी नहुने) आदेश दिएपछि उनलाई काममा रोक्ने प्रमुख आयुक्तको निर्णय पनि निष्क्रिय भएको छ।

जुन अभियोगमा उनलाई काममा रोक लगाइयो, सोही अभियोगमा उनलाई काममा रोक लगाइरहन नपर्ने गरी मंगलवार नै अदालतले आदेश जारी गरेपछि गुरुङले आयुक्तका रूपमा तत्कालका लागि काम गर्न पाउने भएकी हुन्।


## साउदी अरेबियामा रोजगार

१ कम्पनी : MOHAMMAD SALEH ALZWAID CONTRACTING EST.
पूर्व स्वीकृत मिति : २०७२/१०/०४ चलानी नं. : ७७१ LT. No. 148970

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब SR | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 02 | 1200 | 33,600 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | [illegible] |

२ कम्पनी : NASER BIN EID SHAYE AL ETAIBY FOUNDATION FOR CONTRACTING
पूर्व स्वीकृत मिति : २०७२/१०/०४ चलानी नं. : ७७७ LT. No. 150254

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब SR | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 03 | 900 | 25,200 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | [illegible] |
| 2 | driver mechanics of ways | 07 | 1900 | 53,200 | | | | | | | | |

| महोत्सव गरिने मे मेडिकल खुर्चा बनाये गर्ने र प्रति लाग्ने | रोजगार कम्पनीले मेडिकल खुर्चा दिने-पोलिट | महोत्सव गरिने बिमा खुर्चा बनाये गर्ने र प्रति लाग्ने | रोजगारका लिया हुने-खुर्चा र बनाये गर्ने | हवाई टिकट बनाये दिने र प्रति लाग्ने | भिसा शुल्क बनाये दिने र प्रति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | कम्पनीले दिने |

- छलौट भई भीषा प्राप्त भैसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषावापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

मेडिकल रोजगार विमाबारमा सावधानी बमबारी : १. कम्पनी नजाना लिया प्रापत अद्युतले लिईसकेपछि काम कम्पनीले गई रकम बुझाउनु होला। बुझाएको रसिद जरीमाना लिनुहोला। २. आफू काम गर्न जाने मुलुकका गोरो नेपाली कुटनीतिक निवेदनको कम्पनी ठेकाना र फोन नम्बरहरु थाहा राख्नुहोला। आफू कोटिएकाहरु पर्दा कम्पनी गर्न सकिने हुन्छ। ३. यस विज्ञापन लुकाएमा ठगीबाजीको बारेमा गोरो रकम कमैलाई गोरिहोला। ४. विदेश जाने अघि अनिवार्यरूपमा वा इमुद्धमान गरिनेमा अनिवार्य लिनुहोला। ५. विदेश जानुअघि आफूलाई सुरुक्ष, काम लिने कम्पनी, यात्रुले गर्ने, सुविधा र अन्य कागजात राम्रोसँग पढेरमात्र कम्पनीलाइ हस्ताक्षर गर्नुहोला। सोधी ९ तक: फोन आफूलाई गर्नुहोला। ६. कम्पनी विदेश जाँदा नेपालकै राजदूतको प्रमोण गर्नुहोला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपा राजदूत प्रमुख विभाग, परिवारमाथि सम्पर्क गर्नुहोला।

Pratigya Management Services Pvt. Ltd.
G.P.O. Box: 4686, Word No. 9, Gaushala, Battisputali, Kathmandu, Nepal, Tel: 977-1-4499293, 0088-01824351477(Dhaka)
Fax: +977-1-4492964, Email: pratigyams067@yahoo.com
pratigyams@gmail.com Web: www.pratigyams.com

## मलेशियामा रोजगार

1 Company : JG CONTAINERS (MALAYSIA) SDN.BHD., Selangor
पूर्व स्वीकृती मिति : २०७२/१०/०५ चलानी नं. : ७८८२ LT. No.: 150047

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब RM | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 46 | 900 | 22,500 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | छैन | छ | छ | [illegible] |

2 Company : CENTRAL MEDICARE SDN.BHD. Mukum
पूर्व स्वीकृती मिति : २०७२/१०/०५ चलानी नं. : ७८८१ LT. No.: 150731

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब RM | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 900 | 22,500 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | छैन | छ | छ | [illegible] |

3 Company : M.S.M. FOOD INDUSTRIES SDN. BHD. Johor
पूर्व स्वीकृती मिति : २०७२/१०/०५ चलानी नं. : ७८८३ LT. No.: 150778

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब RM | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 02 | 900 | 22,500 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | छैन | छ | छ | [illegible] |

| महोत्सव गरिने मे मेडिकल खुर्चा बनाये गर्ने र प्रति लाग्ने | रोजगार कम्पनीले मेडिकल खुर्चा दिने-पोलिट | महोत्सव गरिने बिमा खुर्चा बनाये गर्ने र प्रति लाग्ने | रोजगारका लिया हुने-खुर्चा र बनाये गर्ने | हवाई टिकट बनाये दिने र प्रति लाग्ने | भिसा शुल्क बनाये दिने र प्रति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | कम्पनीले दिने |

मेडिकल रोजगार विमाबारमा सावधानी बमबारी : १. कम्पनी नजाना लिया प्रापत अद्युतले लिईसकेपछि काम कम्पनीले गई रकम बुझाउनु होला। बुझाएको रसिद जरीमाना लिनुहोला। २. आफू काम गर्न जाने मुलुकका गोरो नेपाली कुटनीतिक निवेदनको कम्पनी ठेकाना र फोन नम्बरहरु थाहा राख्नुहोला। आफू कोटिएकाहरु पर्दा कम्पनी गर्न सकिने हुन्छ। ३. यस विज्ञापन लुकाएमा ठगीबाजीको बारेमा गोरो रकम कमैलाई गोरिहोला। ४. विदेश जाने अघि अनिवार्यरूपमा वा इमुद्धमान गरिनेमा अनिवार्य लिनुहोला। ५. विदेश जानुअघि आफूलाई सुरुक्ष, काम लिने कम्पनी, यात्रुले गर्ने, सुविधा र अन्य कागजात राम्रोसँग पढेरमात्र कम्पनीलाइ हस्ताक्षर गर्नुहोला। सोधी ९ तक: फोन आफूलाई गर्नुहोला। ६. कम्पनी विदेश जाँदा नेपालकै राजदूतको प्रमोण गर्नुहोला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपा राजदूत प्रमुख विभाग, परिवारमाथि सम्पर्क गर्नुहोला।

वाईड-स्पेस इन्टरनेशनल प्रा.लि.
हानेफुन बिल्डिङ 5th floor, टुकुचे चोक-२, मैतीघर, काठमाडौं, नेपाल
फोन: ४४५५६२, ४००४६५०, ४००४५५०, फ्याक्स : ४४४९९५१

## साउदी अरेबियामा रोजगार

१. कम्पनी : RESTAURANT COMPANY BAIT AL-MARASEEM शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/३० चलानी नं. : ७५७ LT. No. 147593

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब SR | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 02 | 1000 | 28,000 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | [illegible] |

| महोत्सव गरिने मे मेडिकल खुर्चा बनाये गर्ने र प्रति लाग्ने | रोजगार कम्पनीले मेडिकल खुर्चा दिने-पोलिट | महोत्सव गरिने बिमा खुर्चा बनाये गर्ने र प्रति लाग्ने | रोजगारका लिया हुने-खुर्चा र बनाये गर्ने | हवाई टिकट बनाये दिने र प्रति लाग्ने | भिसा शुल्क बनाये दिने र प्रति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | ५००००/ |

मेडिकल रोजगार विमाबारमा सावधानी बमबारी : १. कम्पनी नजाना लिया प्रापत अद्युतले लिईसकेपछि काम कम्पनीले गई रकम बुझाउनु होला। बुझाएको रसिद जरीमाना लिनुहोला। २. आफू काम गर्न जाने मुलुकका गोरो नेपाली कुटनीतिक निवेदनको कम्पनी ठेकाना र फोन नम्बरहरु थाहा राख्नुहोला। आफू कोटिएकाहरु पर्दा कम्पनी गर्न सकिने हुन्छ। ३. यस विज्ञापन लुकाएमा ठगीबाजीको बारेमा गोरो रकम कमैलाई गोरिहोला। ४. विदेश जाने अघि अनिवार्यरूपमा वा इमुद्धमान गरिनेमा अनिवार्य लिनुहोला। ५. विदेश जानुअघि आफूलाई सुरुक्ष, काम लिने कम्पनी, यात्रुले गर्ने, सुविधा र अन्य कागजात राम्रोसँग पढेरमात्र कम्पनीलाइ हस्ताक्षर गर्नुहोला। सोधी ९ तक: फोन आफूलाई गर्नुहोला। ६. कम्पनी विदेश जाँदा नेपालकै राजदूतको प्रमोण गर्नुहोला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपा राजदूत प्रमुख विभाग, परिवारमाथि सम्पर्क गर्नुहोला।

Dar Al-Khaleej
Govt.Lic. No. 557/062/63
OVERSEAS MANPOWER CONSULTANT
G.P.O. Box: 9875, EPC 2154, Shambhu Marg-163/16, Nayabasti, Airport, Kathmandu, Nepal, Tel. +977-1-4469996, Fax. +977-1-4469995,Email: dakmanpower@gmai.com
dakoverseas@gmail.com,web:www.dakmanpower.com.np

## साउदी अरेबियामा रोजगार

१. कम्पनी : ALORINI CONTRACTING CO शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ चलानी नं. : ७९६९ LT. No. 150283

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब SR | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 05 | 1100 | 30,800 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | [illegible] |
| 2 | Public Transport Driver | 05 | 1800 | 50,400 | | | | | | | | |

२ कम्पनी : FAHAD YOUSEF AL-SHEHILI LATHE WORKSHOP शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ चलानी नं. : ७९७१ LT. No. 150700

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब SR | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 01 | 1100 | 30,800 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | [illegible] |
| 2 | Lathe Machine Operator | 03 | 2500 | 70,000 | | | | | | | | |

३ कम्पनी : RADEM ALTOROK CONTRACTING शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ चलानी नं. : ७९७० LT. No. 150706

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब SR | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा | पोलिटिक अन्य सर्त पस्ता | हाजामा काम सर्त दिन | बोनस दिइ | खाने सुविधा | बसने सुविधा | कराए अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL ROAD EQUIPMENT DRIVER | 03 | 2500 | 70,000 | सम्भविए आफ्नो राख | आफ्नोनिमित्त खुराक | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | [illegible] |

४ कम्पनी : AL AMAN AL MOTAMAYZ CONSTRUCTION EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ चलानी नं. : ७९७१ LT. No. 150707

| क्र. | कामदारको पद | मर्का संख्या पुरुष | मासिक तलब SR | ज.ज.ना. नगरेमा रोजगार | ओभर टाइम सुविधा

## छोटकरी

### प्रेस चौतारी बाँकेमा विक

**नेपालगन्ज/रास-** प्रेस चौतारी नेपाल बाँके शाखाको अध्यक्षमा हेमन्त विक सर्वसम्मत चयन भएका छन्। नेपालगन्जमा सम्पन्न चौतारीको सातौं अधिवेशनबाट तिन वर्षीय कार्यकालका लागि विकको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति चयन भएको हो।

कार्यसमितिको उपाध्यक्षमा सकिल अहमद खान, सचिवमा कमल डांगी, सहसचिव सरला सुवेदी र कोषाध्यक्षमा क्षेत्रनाथ देवकोटा 'आकाश' चयन भए। त्यस्तै, सदस्यहरूमा सुमित्रा चौधरी, जिता केसी, पबित्रा परियार, राजेन्द्र विक, जियाउल मुस्तफा कादरी, खम्बप्रसाद पुन, भगतराम थारू र देवेन्द्र पौडेल चयन भएका छन्।

प्रेस चौतारीका केन्द्रीय अध्यक्ष राजेन्द्र अर्याले उद्घाटन गरेको सम्मेलनमा पूर्वजिल्ला अध्यक्ष कृष्ण अधिकारी, शिव डोटेल, मो. हारुन, सुरेन्द्र काफ्ले, ठाकुर सिंह थारू, रुद्र सुवेदी, पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य जनक पोखेल, केन्द्रीय सदस्य झलक गैरे, बांकेका संस्थापक अध्यक्ष लियाकत अली सिद्दिकीलाई सम्मान गरिएको थियो।

### सवारी दुर्घटनामा मृत्यु

**नवलपरासी/रास-** जिल्लाको दुम्किवासमा मंगलवार भएको सवारी दुर्घटनामा परी नेपाली सेनाका सहसेनानीको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय नवलपुरका अनुसार बुटबलबाट नारायणगढ आउँदै गरेको ना४ख ८८७५ नम्बरको ट्रकले बुटबल जाँदै गरेको बा३ज ४१०६ नम्बरको मोटरसाइकललाई दुम्किवास-५ दाउन्नेमा ठक्कर दिंदा मोटरसाइकल चालक सहसेनानी चितवन रत्ननगरपालिका-१५ का ४७ वर्षीय सुशील श्रेष्ठको मृत्यु भएको हो। ठक्करबाट गम्भीर घाइते श्रेष्ठको उपचारका क्रममा भरतपुर अस्पतालमा निधन भएको हो।

सहसेनानी श्रेष्ठ रूपन्देहीको सैनामैना तालिम केन्द्रमा कार्यरत थिए।

### सुतेकै ठाउँमा हत्या

**रूपन्देही/रास-** तिलोत्तमा नगरपालिकामा एक पुरुषको हत्या भएको छ।

सोमवार राति करिब १० बजेतिर घरको बिस्तरामा सुतिरहेको अवस्थामा ४५ वर्षीय पदम थापाको बीभत्स ढंगले हत्या भएको हो। तिलोत्तमा-१४ कुमारी भन्ने स्थानमा थापाको ओछ्यानमै टाउकोमा धारिलो हतियार प्रहार गरी हत्या गरिएको अवस्थामा शव फेला परेको छ।

हत्या भएको समयमा उनकी श्रीमती रेनु थापा भने घरबाहिर थिइन्। श्रीमती घरबाहिर रहेको अवस्थामा हत्या भएकाले घटना रहस्यमय बनेको छ। दैनिक मदिरा सेवन गरेर घरपरिवारका सबै सदस्यलाई दुःख दिने, पिटने गरेको श्रीमती थापाले प्रहरीसंगको बयानमा बताएकी छन्। घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बुटबलका प्रहरी नायब उपरीक्षक महेन्द्र खड्काले बताए।

### अज्ञात रोगबाट पाँच बालबालिकाको मृत्यु

**कपिलबस्तु/रास-** सो मडिह गाविसको इटवा गाउँमा दादुरजस्तो देखिने अज्ञात रोगबाट पाँच बालबालिकाको मृत्यु भएको छ।

१५ दिनको अवधिमा तिन वर्षका आकाश कोरी, डेढ वर्षकी जानकी रैदास, तिन वर्षका सन्जु चौधरी, पांच वर्षकी रिंका यादव र १० महिनाका अमित यादवको मृत्यु भएको हो।

सो गाउँका अन्य ४६ बालबालिकामा रोगको संक्रमण देखिएको र उनीहरूको रगतको नमुना लिएर प्रयोगशाला परीक्षणका लागि काठमाडौं पठाइएको जिल्ला जनस्वास्थ्य कार्यालयका निमित्त प्रमुख विष्णु जैसवालले जानकारी दिए।

### पड्के रोग नियन्त्रण हुँदै

**पाल्पा/रास-** जिल्लाको गल्धा-७ गेकामा पशुमा लाग्ने एन्थ्रेक्स (पड्के रोग) महामारीको रूपमा परेपछि नियन्त्रणको प्रयास भइरहेको छ। बिगतमा फाटफुट देखिने रोग फैलिएर साउनयता ४० पशु मरिसकेपछि जिल्ला स्तरीय स्वास्थ्यकर्मीको टोलीले रोगको भ्याक्सिनेस सुरु गरेको छ।

धेरै पशु बिरामी भएपछि क्षेत्रीय प्रयोगशाला पोखरामा परीक्षण गर्दा एन्थ्रेक्स रोग भएको प्रमाणित भएपछि भ्याक्सिनेस सुरु गरिएको जिल्ला पशु सेवा कार्यालय पाल्पाका प्रमुख तुल्सीराम भण्डारीले बताए। इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको ल्याब टेस्टबाट एन्थ्रेक्स रोग भन्ने पत्ता लागेको र मानिसमा समेत सर्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने देखिएको छ। बरिष्ठ जनस्वास्थ्य प्रशासक राजेन्द्रप्रसाद घिमिरेले मानिसमा समेत संक्रमण हुनसक्ने खतरा रहेकाले सावधानी अपनाउन जरुरी रहेको बताए। मानिसमा यो रोग सरेमा निमोनिया हुने, खकारमा रगत देखा पर्ने, वान्ता हुने र ज्वरो आउनेजस्ता लक्षण देखिन्छ।

# देशको अर्थतन्त्र धार्मिक पर्यटनले सुधार्छ : राष्ट्रपति

**राजधानी संवाददाता**
इलाम, ५ माघ

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको अर्थतन्त्र धार्मिक पर्यटनले सुधार्ने बताएकी छन्।

इलामको बाँफो-९ मांसेबुङमा मंगलवार आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले देशभर रहेका धार्मिक स्थलको प्रवर्द्धन गर्न सके देशको अर्थतन्त्रमा पनि टेवा पुग्ने बताएकी छन्।

नेपालको नयाँ संविधानमा पनि नेपालमा बस्ने सबै जातजातिलाई आफ्नो भाषा, धर्म, संस्कृति, लिपिआदिको जगेर्ना गर्ने अधिकार सुरक्षित गरिएकाले सम्पूर्ण जातजातिले संस्कृति बचाउन अघि बढ्नुपर्नेमा उनको जोड छ। समारोहमा 'महाद्वीप' (लाखवत्ती) प्रज्वलन गरी किरातको उँभौली पर्व उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले किरात धार्मिकस्थल लारम्बा मांसेबुङ किरातेश्वर महादेव र पार्वतीदेखि किरात धर्मगुरु फल्गुनन्दलगायत सन्त-महन्तसंग जोडिएकाले धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको स्पष्ट पारेकी थिइन्।

राष्ट्रपति भण्डारी मंगलवार दिउंसो काठमाडौंबाट हेलिकप्टरमा लारम्बा आएकी थिइन्। उनले मांसेबुङ मन्दिरमा पूजा-आजा गरेपछि किरात धर्मगुरु आत्मानन्द लिङदेन र धर्मावलम्बीहरूसंग भेटघाट गरेकी थिइन्। राष्ट्रपतिसंगै मांसेबुङ आइपुगेका सूचना तथा सञ्चारमन्त्री शेरधन राईले मांसेबुङको धार्मिक महत्त्वबारे चर्चा गरेका थिए।

उनले भने, 'नयाँ संविधानले नेपालका जाति र धर्मलाई उच्च स्थानमा राखेको छ। नयाँ संविधानले सबै जाति, भाषा, धर्म, संस्कृतिको अधिकार समेटेको र आफ्नो अधिकार कहाँ समेटियो भनेर सबैले संविधान अक्षरशः पढ्नुपर्छ,' उनले भने, 'मांसेबुङको पर्यटकीय सम्भावना पनि उच्च छ। धार्मिक स्थलका रूपमा थप विकास गर्दै जांदा पर्यटकीय विकास सँगै हुँदै जानसक्छ।' कार्यक्रममा मन्त्री राईले सरकारले गत ३ मसिरको बैठकबाट किरात धर्मगुरु फाल्गुनन्दको जन्मजयन्ती (२५ कात्तिक) मा सार्वजनिक बिदा दिने निर्णय गरेको बताए।

# हिमपातले सुदूरपश्चिमको जनजीवन प्रभावित

**ध्रुव बीसी/राजधानी**
अछाम, ५ माघ

एक्कासि सुरु भएको हिमपातले सुदूरपश्चिमका पहाडी जिल्लाको जनजीवन प्रभावित भएको छ। मंगलवार दिउंसोदेखि अछाम, बाजुरा, बझाङ, दार्चुला र बैतडी जिल्लाका माथिल्लो भेगमा निरन्तर हिउं परिरहेको छ।

जसकारण अत्यधिक चिसो बढेपछि सबैभन्दा बढी कृषक मारमा परेको ऋषिदह-१ अछामका वीरबहादुर बिकले बताए। उनका अनुसार अछामको रामारोशन, खप्तड, सुतार, देवीथानलगायत गाविसका उच्च भेगमा निरन्तर हिउं परिरहेको छ। हिमपातसंगै अत्यधिक चिसो बढेपछि बनजंगल, मेलापात र गोठालोसमेत जान कठिन भएको छ।

एक दिनमै करिब आधा फिट बढी हिउं परेपछि बाजुराका बिछुया, रुघिन, पाण्डुसैन, मानाकोट, दहकोटलगायत दर्जन बढी गाविसको जनजीवन पनि कष्टकर बनेको छ। दार्चुलाको व्यास, छाडरु, घुसा, खण्डेश्वरी, राप्ता, सिप्टी तथा कैलाशमान सरोवर पर्यटकीय क्षेत्रमा आवतजावतमै समस्या उत्पन्न भएको छ। जिल्लाको उत्तरी तथा कैलालीआसपास क्षेत्रमा समेत हवाते चिसो बढेको छ। कतिपय ठाउंमा मंगलवार दिउंसोदेखि सिसिमिस वर्षा भइरहेको छ भने धेरैजसो जिल्लामा बादलले पुरै आकाश ढाकेको छ।

हिमपातले खेतबारीको उच्च पहाडी गाविसका विभिन्न बस्तीमा हिमपात भएसंगै जाडोले बस्न नसकिने भएपछि स्थानीय पुरै बस्ती खाली गरेर बेसीतिर झरेको खबर छ।

**अछामको रामारोशन, खप्तड, सुतार, देवीथान लगायत गाविसका उच्च भेगमा निरन्तर हिउँ परिरहेको छ। हिमपातसँगै अत्यधिक चिसो बढेपछि वनजंगल, मेलापात र गोठालोसमेत जान कठिन भएको छ।**

होटल र चोकचोकमा दाउरा बालेर आगो तापेको भिडभाड बढेको छ भने कामकाज पुरै ठप्प छ। माथिल्लो क्षेत्रमा हिमपात सुरु भएपछि डोटी, डडेलधुरा र अन्नवाली सखाप हुने चिन्ताले किसानलाई पिरलो बाँधिएको छ। तुसारोले फस्टाउन नसकेको उच्च पहाडी क्षेत्रको गहुँवाली हिमपातले पुरै नष्ट हुने सम्भावना बढेको किसानको भनाइ छ। अधिकांश क्षेत्रमा मुख्य खाद्यबालीका रूपमा लगाइने गहुँलगायत अन्नवाली हिउंले ढाकेपछि फेरि भोकमरीको चिन्ता थपिएको छ।

# 'पुनर्निर्माणलाई राष्ट्र निर्माणको अभियान बनाऊ'

**कास्की/रासस-** उपप्रधानमन्त्री कमल थापाले भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई राष्ट्र निर्माणको अभियानमा लैजानुपर्ने बताएका छन्।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पोखरामा आयोजना गरेको पश्चिमाञ्चल क्षेत्रको आर्थिक वर्ष ०७२/७३ को अर्धवार्षिक प्रगति समीक्षा गोष्ठीको मंगलवार उद्घाटन गर्दै उनले नवनिर्माण अभियान चलाएर देशलाई समृद्ध बनाउनुपर्ने बताए। 'भूकम्पले जनधनको क्षतिसंगै सांस्कृतिक, पुरातात्त्विक संरचना पनि ध्वस्त भएका छन्,' थापाले भने, 'भूकम्पले दिएको पीडालाई भुलेर अवसरका रूपमा लिनुपर्छ।'

संविधानका केही कमजोरी भए पनि देश नयाँ चरणमा प्रवेश गरेको बताउँदै मन्त्री थापाले अब आर्थिक विकास र सुशासनलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्नेमा जोड दिए।

स्थानीय निकायले आफ्नो जिम्मेवारी पूरा गरेमा राष्ट्र निर्माणको अभियानले गति लिने उनको भनाइ छ। 'कुल बजेटको ८० अर्ब रुपैयां खर्च गर्ने जिम्मेवारी स्थानीय विकास मन्त्रालयको छ,' उनले भने, 'जिबिस, नगरपालिका र गाविसलाई आफ्नो जिम्मेवारी पूरा गरी लक्ष्य प्राप्तिमा योगदान दिन आग्रह गर्छु।' उपप्रधानमन्त्री थापाले संविधानको भावनाअनुसार छिटै स्थानीय निकायको निर्वाचन तयारी गरिने पनि बताए।

गोष्ठीमा राष्ट्रिय योजना आयोगका सदस्य डा. सुमित्रा अमात्यले प्राथमिकताका आधारमा योजना छनोट गर्न आग्रह गरिन्। यही ८ माघसम्म चल्ने कार्यक्रममा पश्चिमाञ्चलका १६ जिल्लाका स्थानीय विकास अधिकारी, प्राविधिक कार्यालयका प्रमुख इन्जिनियर र नगरपालिकाका कार्यकारी अधिकृतको सहभागिता छ।

# सहिद स्तम्भ अनावरण हुँदै

**राजधानी संवाददाता**
हेटौंडा, ५ माघ

हेटौंडाको सहिद स्मारकमा निर्माण गरिएको सहिद स्तम्भको अनावरण हुने भएको छ। सहिद स्तम्भसहितका संरचनाको अनावरण राष्ट्रपति विद्यादेवी भण्डारीले गर्ने जनाइएको छ।

राष्ट्रपति भण्डारीले सहिद सप्ताहको अवसर (१६ माघ) मा स्तम्भ अनावरणसहित सहिद गेट, झोलुंगे पुल र सहिद ग्यालरीको उद्घाटन गर्ने सहिद स्मारक समितिका अध्यक्ष डोरमणि पौडेलले जानकारी दिए। कार्यक्रममा प्रजातान्त्रिक पार्कको शिलान्यास पनि हुने उनले बताए।

सहिद स्मारक विकास समितिको आयोजनामा सोमबार भएको सर्वपक्षीय छलफलका अवसरमा सहिद स्तम्भसहितका संरचनाको अनावरण तथा शिलान्यास गर्ने जानकारी दिइएको हो।

यही १६ माघमा सहिद दिवसको दिन हुने कार्यक्रममा उपप्रधान, परराष्ट्र तथा स्थानीय विकासमन्त्री कमल थापा, पर्यटनमन्त्री आनन्द पोखरेलसमेत आउने तय भएको विकास समितिका अध्यक्ष डोरमणि पौडेलले बताए।

हेटौंडाको पर्यटकीय स्थल सहिद स्मारकमा सबै सहिदलाई एउटै स्तम्भमा प्रतीकात्मक रूपमा समेट्ने गरी निर्माण गरिएको छ।

मुलुकमा प्रजातन्त्र स्थापनार्थ बलिदान गर्ने १२ सहिदको एकै ढुंगामा प्रतिमा निर्माण गरी स्मारक बनाइएको सो क्षेत्रमा देश र जनताको मुक्ति तथा प्रजातन्त्रका लागि जीवन उत्सर्ग गरेका सबै सहिदको सम्झनामा प्रतीकात्मक स्तम्भ निर्माण गरिएको हो।

स्तम्भ करिब डेढ करोड रुपैयांमा निर्माण पूरा भएको जनाइएको छ। सहिदको प्रतीकात्मक अर्थ, आन्दोलनको अमूर्त झलक दिने आकृति, गोली-बन्दुकलगात हतियारसम्बन्धी चित्रात्मक प्रस्तुति पनि अमूर्त रूपमा राखिएको छ।

आकर्षक बगैंचासहित ग्रेनाइड लगाएर बनाउन लागिएको स्तम्भ ५० फिट अग्लो र १९ मिटर अर्धव्यासको छ। विभिन्न कालखण्डमा भएका सम्पूर्ण प्रजातान्त्रिक आन्दोलन तथा सुवानीका सहिदलाईसमेत स्तम्भमा समेटिएको छ।

# जनसभाको पूर्वसन्ध्यामा रक्तदान

**राजधानी संवाददाता**
मोरङ, ५ माघ

तराई मधेस संवाद तथा जनजागरण अभियानअन्तर्गत युवा संघ नेपालले मोरङको पुरानो सदरमुकाम रंगेलीमा रक्तदान कार्यक्रम गरेको छ।

७ माघमा प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसहितका नेताले सम्बोधन गर्ने कार्यक्रमलाई भव्यता प्रदान गर्न युवा संघले नगर सरसफाइ, रक्तदानलगायत कार्यक्रम गर्दै आएको छ। 'हिमाल-पहाड-तराई, कोही छैन पराई' भन्ने नाराका साथ जागरण अभियानलाई सफल बनाउन आइतवार नगरको सरसफाइ गरेको युवा संघले मंगलवार रक्तदान कार्यक्रम गरेको हो। युवा संघ कोसी अञ्चल कमिटीले आयोजना गरेको रक्तदान कार्यक्रममा ५८ पिन्ट रगत संकलन भएको आयोजक कमिटीका अध्यक्ष रोहित कोइरालाले बताए।

युवा संघ मोरङको व्यवस्थापनमा हुने कार्यक्रमको तयारीसमेत तीव्र पारिएको छ। 'वृहत् जनसभाका लागि अन्तिम तयारी गरिरहेका छौं,' जिल्ला अध्यक्ष मुकेश बुढाथोकीले भने, 'जनसभा भव्यताका साथ सम्पन्न हुनेछ।'

# ट्रकको ठक्करबाट सईको मृत्यु

**मोरङ/रास-** बिराटनगर-६ मुनालपथमा मंगलबार भएको सवारी दुर्घटनामा संशस्त प्रहरीका एक नायब निरीक्षक (सई) को मृत्यु भएको छ।

सीमा सुरक्षा प्रहरी कार्यालय रानी बिराटनगरमा कार्यरत नायब निरीक्षक ३५ वर्षीय जनार्दन तिम्सिनाको घटनास्थलमै मृत्यु भएको मोरङ प्रहरीले जनाएको छ।

को१८प ८८६८ नम्बरको मोटरसाइकलमा कार्यालयतर्फ जाँदै गरेका तिम्सिनालाई बिपरीत दिशाबाट आएको नारख ६९९२ नम्बरको ट्रकले ठक्कर दिएको थियो। तिम्सिनाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

# कांग्रेस र मधेसी दलका कारण समस्या : मन्त्री मानवी

**डोटी/रास-** पशुपक्षी विकासमन्त्री शान्ता मानवीले मधेसी दल र नेपाली कांग्रेसका कारण संविधान कार्यान्वयनमा समस्या भएको बताएकी छन्।

सोमबार डोटीको सिलगढीमा आयोजित कार्यक्रममा मन्त्री मानवीले यस्तो बताएकी हुन्। मानवीले भनिन्, 'मधेस आन्दोलनका नाममा केही मुठ्ठीभर व्यक्तिले देशभित्रको कुरा देशबाहिर लगेर एउटा समस्या भयो, यस्तै नेपाली कांग्रेसले संविधान जारी हुनुपूर्वको भद्र सहमति तोडेर सरकारलाई संविधान कार्यान्वयनमा समस्या गरेको छ,' उनले थपिन्, 'सामन्तबादी चिन्तन, जमिनदारी शैलीका मधेसका केही व्यक्तिहरूका कारण नाकाबन्दीको समस्या निम्तिएको हो।' उनले नेपालमा पहिलो संविधानसभा निर्वाचन एमालेकै भूमिकाका कारण सफल भएको र दोस्रो पटकको निर्वाचन तथा संविधान जारी गर्न पनि एमाले र एमाले अध्यक्ष केपी शर्मा ओलीको भूमिका ठुलो रहेको बताइन्।

विभिन्न दलले संविधान जारी गर्नुपूर्वको सहयोगको स्मरण गर्दै त्यसवेलामा भएको भद्र सहमतिअनुसार नेपाली कांग्रेसले आफ्नो चरित्र देखाउँदै सहमति तोडेपछि सरकारमा सहभागी दललाई मिलाउन पनि मन्त्रालय फुटाउनु सरकारको बाध्यता भएको उनले बताइन्।

# नदी प्रदूषणले घटे जलपक्षी

**रामकुमार श्रेष्ठ/राजधानी**
नवलपरासी, ५ माघ

**नारायणी नदीमा चरा गणना**

नवलपरासी र चितवनको सिमाना भएर बग्ने नारायणी नदी तथा चितवन राष्ट्रिय निकुञ्ज आसपासको क्षेत्रमा चरा गणना सकिएको छ।

बर्सैनि चरा गणना गर्ने क्रममा यस वर्ष पनि आइतबार र सोमबार दुई दिन चरा गणना गरिएको हो।

चितवन राष्ट्रिय निकुञ्जमा पाइने १ सय १५ प्रजातिका चरामध्ये नारायणी नदी नारायणगढको पुलदेखि त्रिवेणीसम्म ४७ प्रजातिका चरा पाइने गर्छन्। नवलपरासीको नारायणी नदीकिनार आसपासका सिमसार क्षेत्रमा पाइने चराहरूको गणनाका लागि दुई समूह बनाएर पक्षी अर्थात् चराको गणना गरिएको नेपाल पक्षी संरक्षण संघका केन्द्रीय सदस्य धनबहादुर चौधरीले जानकारी दिए।

नदीमा भएको प्रदूषण, चराको बासस्थानको अतिक्रमण, चोरीनिकासीलगायतका कारण चराको संख्या पछिल्लो समय घट्दो क्रममा रहेको छ। गणनाका क्रममा चितवन राष्ट्रिय निकुञ्जमा चराको संख्या घटेको छ। प्रकृतिविद् भागीरथ चौधरीका अनुसार चरा घट्नुको मुख्य कारण चरा आश्रित क्षेत्र नारायणी नदी प्रदूषित हुनु हो।

नारायणी नदीमा विभिन्न कारखानाबाट निस्केको प्रदूषित पानी सोझै फालिने र नदीलाई ढल निकासको रूपमा व्यवस्थापन गर्नाले पनि नदी प्रदूषण भई चरा घटेका हुन्। नेपाल पक्षी संरक्षण संघका केन्द्रीय सदस्य धनबहादुर चौधरीले नदी प्रदूषण हुँदा चरा रोगी भई मर्नुका साथै चराको प्रजनन क्षमतामा पनि कमी आएको बताए।

यस्तै, उनले चराहरूको सरदर बाँच्ने उमेर पनि घट्दै गएको बताए।

यसैगरी, चोरीनिकासी र बासस्थानको अभाव पनि चरा घट्नुको मुख्य कारण हो। चराहरूको आहार बिषादीयुक्त हुनु पनि चरा घट्नुको अर्को कारण भएको चौधरीले बताए।

यहाँ भुँडीफोर, कन्याडकुरुङ, चखेवाचखेवीको संख्या बर्सैनि घटेको पाइएको छ। बातावरण सन्तुलन राख्न महत्त्वपूर्ण मानिने चरा घट्नुले बातावरणमा समेत प्रभाव पारेको बताइन्छ। धनबहादुर चौधरीले चरा सबै ठाउँमा घटेका र चितवन राष्ट्रिय निकुञ्जमा अझ तीव्र रूपमा घटिरहेको बताए। चितवन राष्ट्रिय निकुञ्जमा पाइने १ सय १५ प्रजातिका चरामध्ये नारायणी नदीमा ४७ प्रजातिका चरा देखिने गरेकोमा अहिले त्यो घटेर ३९ प्रजातिका मात्रै पाइएका छन्। चराका प्रजाति लोप नभइसके पनि चराको संख्या अत्यधिक घटेको चौधरीको अनुभव छ।

प्रत्येक वर्ष यही समयमा नारायणी नदीमा धारू भिलेज रिसोर्टको व्यवस्थापनमा चरा गणना गरिंदै आएको छ। चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, चोरीसिकारी नियन्त्रण युवा जागरण अभियान, नेपाल पक्षी संरक्षण संघ, वर्ड एजुकेसन सोसाइटी (सौराहा), हिमालयन नेचर (काठमाडौं), डब्लुडब्लुएफ ताल परियोजना, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतको सहमति र सहयोगमा चितवन राष्ट्रिय निकुञ्ज बरपर वासस्थान बनाएर नारायणी नदीमा चरीचरण गर्ने पक्षीहरूको गणना गरिएको हो।

नारायणी नदीका साथै चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको सिमसार क्षेत्र राप्ती नदी, देवी ताल, कमल ताल, लामे तालगायत मुख्य क्षेत्रमा पक्षी गणना गरिएको चौधरीले जानकारी दिए।

विश्वमा पाइने पक्षीहरूमा १० प्रतिशत प्रजाति नेपालमा पाइने गरेका छन्। जसमध्ये ३३ प्रजातिका पक्षी दुर्लभ मानिन्छन्। तीमध्ये विश्वमा दुर्लभ मानिएका २६ प्रजातिका पक्षी चितवन राष्ट्रिय निकुञ्जमै पाइने गरेको चौधरीले बताए। चौधरीका अनुसार जसमध्ये ११ प्रजाति सिमसारमा आश्रित रहेका छन्।

सम्पादकीय

## अंशबन्डाको बोझ

**अंशबन्डाका लागि कागज पत्र बोकेर सदरमुकाम धाएका स्थानीयले पाएको सास्ती हेर्दा लाग्छ 'अब अंशबन्डाको तयारीमा रहेकाहरू समेत अंशबन्डा गर्ने कि नगर्ने ?' भनेर दोधारमा पर्नेछन् । अहिले सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखालगायतका जिल्लास्थित मालपोत कार्यालयमा अंशबन्डा गर्नेहरूको भिड लागेको छ । दुर्गम गाउँबाट सदरमुकाम आएकाहरूले सरकारले उपलब्ध गराएको १५ हजार रुपैयाँ राहत रकमसमेत अंशबन्डाकै झन्झटमा सिध्याइसकेका छन् । यो याममा अंशबन्डा गर्नुको मुख्य कारण हो, भूकम्पपीडित काई बनाउनु । सरकारले भूकम्पपीडितको काई बनेकालाई आवास निर्माणका लागि २ लाख रुपैयाँ अनुदान दिने भएपछि अधिकांश व्यक्ति अंशबन्डाका लागि मालपोत कार्यालय धाउन थालेका छन् ।**

**भूकम्पपीडितका लागि सरकारले एक चरण सर्वेक्षण गरेर भूकम्पपीडित काई बाँडिसकेको छ । काई बनेकाहरूले सरकारले तोकेको मापदण्डअनुसार घर बनाएकाहरूले २ लाख अनुदान पाउनेछन् । जसले मापदण्डअनुसार घर बनाउँछन्, तिनले मात्रै त्यो रकम पाउनेछन् । तर, त्यसरी रकम लिन जगाको लालपुर्जा अनिवार्य चाहिने भएकाले गाउँका केही सिधासादा किसान साँच्चै मकांमा परेका छन् । अहिले पनि नेपालका गाउँमा दुई, तिन वा बढी छोरा हुनेहरू सहमतिमै छुटभिन्न भएर छुट्टै घर बनाएर बसेका छन् । तीमध्ये कतिले कानुनी रूपमा अंशबन्डा गरेका छैनन् । ती सबैसाधारण अहिले वास्तवमै मकांमा परेका छन् । व्यावहारिक रूपमा छुट्टाछुट्टै घर बनाएर बसे पनि मालपोत कार्यालयबाट अंशबन्डा गरिएको तथा नापी कार्यालयबाट कित्ताकाट भएको आधार नभएकाले उनीहरू छुट्टिएको प्रमाण नपुग्ने हुँदा घर निर्माणका लागि अनुदान नपाउने सम्भावना बढेको छ । सदरमुकाममा अहिले भिड लाग्नमा ती नागरिक पनि दोषी होलान्, जसले छुट्टिएर पनि कित्ताकाट गर्ने झन्झट गरेनन् । यसो भन्दैमा 'पहिला किन आएनौ ?' भनेर राज्य बेखबर जस्तो बन्न मिल्दैन । वास्तवमै छुट्टिएर बसेका तर कित्ताकाट मात्रै नगरेकाहरूलाई तत्काले कित्ताकाट गरिदिने र भूकम्पपीडित काईको व्यवस्था गरिदिनुपर्छ ।**

**भूकम्प प्रभावित १४ जिल्लामा अहिलेसम्म सरकारले ५ लाखभन्दा बढी काई वितरण गरे पनि कतिपय काई पाउनुपर्नेहरू छुटेको र कतिपय नपाउनुपर्नेहरूले पाएको गुनासो आइरहेको छ । तसर्थ, अब सम्बन्धित जिल्ला प्रशासन कार्यालयले नगरपालिका एवं गाविसको समन्वयमा तत्काले विशेष टोली बनाएर काम गर्नु जरुरी छ । त्यो टोलीलाई सदरमुकाममा राखेर होइन, जहाँ समस्या पर्छ, त्यहीँ दौडाएर समस्या समाधान गर्नुपर्छ । किनकि, सबै जिल्लामा यो समस्या छैन । जहाँ समस्या छ, त्यहाँ टोली पठाएर अनुगमनको व्यवस्था गर्ने हो भने पीडित सर्वसाधारण अनावश्यक खर्च हुनबाट बच्नेछन् । अहिले कतिपय गैरसरकारी संस्थाले समेत गाउँगाउँमा भूकम्पपीडितको तथ्य संकलन गर्ने काम गरेका छन् । तिनै संघ/संस्थालाई पनि राज्यले चाह्यो भने आवश्यक मात्रामा परिचालन गर्न सक्नेछ । यसो भए पीडित नागरिकले राज्यले आफ्ना लागि काम गरेको अनुभूति गर्ने अवसर पनि पाउनेछन् ।**

# देशले भोगिरहेको अभाव र दबाब

■ रत्न प्रजापति

यतिखेर हाम्रो पहाड पीडामा छ । तराई तनावमा छ । अनि सिँगै देशचाहिँ अभावमा छ । यही पीडा, तनाव र अभावमा बितिरहेको छ अमूल्य समय । समयलाई चिन्न सके र समयसँगै हिँड्न सके धेरै सफलता र धेरै उपलब्धि हासिल गर्न सकिन्छ । तर, हामी भने समयलाई चिन्न नसकेर र समयसँगै हिँड्न नसकेर धेरै कुरा गुमाइरहेका छौं । जुन कुरा अहिले हामी गुमाइरहेका छौं, त्यही कुराको कालान्तरमा ठुलो अभाव हुने निश्चित छ । यसो त अहिले नै धेरै कुराको अभाव भोलिरहेका छौं । यिनै धेरै कुराको अभावले सिगैं देश ग्रस्त छ । समय आफ्नै गतिमा हिँडिरहेछ तर हामी अलमलिइरहेछौं, प्राकृतिक विपत्ति, आन्दोलन र नाकाबन्दीले सिर्जना गरेका पीडा, तनाव र अभाव झेल्दै । पीडा, तनाव र अभावको व्यवस्थापनमै बितिरहेछ अमूल्य समय । त्यसैले, हामीले प्राप्त गर्न सफलता र उपलब्धि हामीदेखि धेरै टाढा भएको छ ।

**पहाडको पीडा**

पहाड असीम पीडामा छ । त्यो पीडा दिएको हो, बैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पले । त्यो भूकम्पले पृथ्वी मात्रै हल्लिएन, पहाडको जीवनलाई नै हल्लाइदियो र दुःख र पीडामा बेसरी बचारिदियो । धन्न मानिसहरूको मनैचाहिँ हल्लिइसकेको छैन । भूकम्पबाट १४ जिल्ला अति प्रभावित भए । अरू दुई दर्जनजति जिल्ला पनि केही न केही रूपमा प्रभावित भए । भूकम्पले प्रभावित जिल्लामा हजारौं मन्दिर भत्किए, मन्दिरजस्ता लाखौं घर भत्किए, बालबालिकाले रमाउँदै, खेल्दै विद्या आर्जन गर्ने विद्यालयहरू भत्किए, बाटा, गोरेटा र सडकहरू भत्किए र भासिए अनि पहिरोमा पुरिए । देशलाई उज्यालो बनाउन बन्दै गरेका विद्युत् आयोजनाहरू ध्वस्त भए । हजारौं मानिसले जीवन गुमाए । बाँचेकाहरूको पनि जीवन अस्तव्यस्त भयो । कसैले अभिभावक गुमाए, कसैले सहारा गुमाए । कसैले संरक्षक गुमाए । कसैले जीवनको किनारा गुमाए अनि पाए असीम दुःख, पीडा र वेदना । त्यहीँबाट सुरु भयो थप पीडा र समस्याको शृंखला पनि । कहाँ जाने ? कहाँ बस्ने ? के खाने ? के लाउने ? मनमा लागेको चोट त आफैंसंग छ, तनमा लागेको चोटमा मलम लाउने उपाय पनि धेरैसंग भएन । त्यसैले, चोट सहेरै बस्न विवश छन्, धेरै भूकम्पपीडित । सान्त्वनाका दुई शब्द बोलिदिने र दुखेको घाउमा एक चिम्टी मलम दलिदिने गुणी मान्छे अझै कति पीडितले भेटेका छैनन् । भत्किएको घरमा धेरै सपना पुरिए पनि जीवनको जिजीविषा भने यथावत बोकेर बसेका धेरै मान्छे अझै मनकारीहरूको बाटो हेर्दै छन् ।

सरकारी तथ्यांकले भन्दा, भूकम्पले ४ लाख ९८ हजार ८ सय ५२ घरसंरचना भत्किए । ७ खर्व ६ अर्ब रुपैयाँ बराबरको क्षति भयो । यो खालि भौतिक क्षतिको विवरण हो । खोई लाखौं मनको क्षतिको विवरण ? के त्यो मनको क्षतिको विवरण कुनै अभिलेखमा समेटिन सक्छ ? अथवा, मनको त्यो क्षतिको पूर्ति हुन सक्छ ? सरकारले भौतिक क्षतिको पूर्ति गर्न पुनर्निर्माणको योजना बनाएको छ । पुनर्निर्माणकै लागि स्रोत जुटाउन उसले दाता सम्मेलन पनि गऱ्यो र झन्डै ४ खर्व ४० अर्ब रुपैयाँको सहायताको वचनबद्धता पनि पायो विदेशी दाताहरूबाट । तर, पुनर्निर्माण प्राधिकरण गठन, यसका प्रमुख पदाधिकारी नियुक्ति, प्राधिकरणको पूर्णता र यसको कार्यारम्भ गर्नमा भएको ढिलाइले पीडितहरूले आफ्नो पीडामाथि खेलाँची भएको महसुस गर्नुपऱ्यो । राहतको आसैआसमा वर्षा बित्यो र हिउँद पनि लाग्यो । हिउँदको चिसो सिरेटोले मुटुमै प्रहार गर्दा एकसरो पातलो कपडाले जिउ ढाकेका पीडितहरू भूकम्पको डरले भन्दा पनि जोडले थर्थरी कामिरहेका छन् । चिसो खप्न नसकेरै कति जनाले मृत्युवरण पनि गरिसके । बाँचेकाहरू पनि चिसोसंग लड्दै र शीतसंग रुझ्दै टहरा र छाप्राहरूमा रात गुजार्दै छन् । चिसोले मर्नु न बाँच्नुको कठिन स्थितिमा पुगेका पीडितहरूको स्थायी व्यवस्थापन कहिले हुने हो ? थाहा छैन । बल्ल २ माघबाट पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माणको महाअभियान थालेको छ । यो अभियान सबै पीडितसम्म पुग्ने कहिले हो ? त्यसको भने कुनै ठेगान छैन । त्यसमा राजनीतिक दबाव र प्रभावले काम गर्ने नै होला । दलका आफ्नै मान्छे र आसेपासेलाई पहिला सेवा पुऱ्याउन दलका मान्छे लाग्ने नै छन् । राहत पाउनकै लागि नक्कली पीडित खडा गरेर वास्तविक पीडितको खिल्ली उडाएकाहरूले फेरि पनि यस्तै काम नगर्लान् भन्ने कुनै ग्यारेन्टी छैन ।

**तराईको तनाव**

संघीयता, प्रदेशको सीमांकन र संविधानका बुंदाहरूप्रति असहमति र असन्तुष्टि जनाउँदै तराईमा सुरु भएको आन्दोलनले पांच महिना पूरा गरिसक्यो । राज्यले नागरिकलाई भै व्यवहार नगरेको गुनासो छ तराईको । त्यसैले तराईमा असन्तुष्टि छ । असन्तुष्टि छ, त्यसैले आक्रोश छ । आक्रोश छ, त्यसैले आन्दोलन छ । आन्दोलन छ, त्यसैले तनाव छ । एकातिर अधिकार दिलाउने राजनीतिक मुद्दा, अर्कोतिर अधिकार पाउने जनताको आशा । त्यसैले, यति लामो समयसम्म आन्दोलन अटुट लयमा जारी छ । आन्दोलनकै क्रममा टीकापुरबाट सुरु भएको हिंसाको शृंखला अझै रोकिएको छैन । आन्दोलनरत दलका नेताहरूको दावीअनुसार अहिलेसम्म ६ दर्जन आन्दोलनकारीको मृत्यु भएको छ । यसो त दर्जनकै हाराहारीमा सुरक्षाकर्मीसमेत मारिइसकेका छन् । तराईमा आन्दोलन संगसँगै हिंसा पनि जारी रहँदा जनतामा भय र त्रास सिर्जना भएको छ । चैनले निदाउन सकेका छैनन्, तराईका कतिपय जनता । महिनौंदेखि बजार खुलेनन् । यातायातका साधन चलेनन् । स्कुल कलेज खुलेनन् । हाटबजार लागेनन् । उद्योगधन्दा चलेनन् । किसानको खेती चौपट भयो । व्यापारीको व्यापार चौपट भयो । उद्योगको उत्पादन बन्द भयो । लाखौं कामदार कामबिहीन भए । रोजीरोटी खोसियो । भोकै बस्नुपर्ने स्थिति सिर्जना भयो । मान्छे विरामी पर्दा अस्पतालसम्म लान सक्ने स्थिति भएन । एम्बुलेन्समा तोडफोड भयो । औषधि बोकेको गाडीमा आगजनी भयो । गुडिरहेको मोटरसाइकल पनि जलाइयो । सडकमा हिंडडुल गर्नै पनि डरमर्दो भयो । भन्नै पर्दा तराईमा आगो लागेको छ र तराई जलिरहेछ विगत पांच महिनादेखि । यसले गर्दा सबैलाई तनाव भयो, सबैतिर तनाव भयो । नेताहरूको राजनीतिले जनताको जीवनवृत्ति प्रभावित भयो । त्यसैले, आन्दोलनको समर्थनमा पनि तराई तातेकै छ । आन्दोलनको विरोधमा पनि तराई तातेकै छ । यो दोहोरो मारमा परेका छन् सर्वसाधारण, जसलाई राजनीतिसंग कुनै सरोकार छैन र यो आन्दोलनसंग पनि कुनै सरोकार छैन । ठुल्ठुला अधिकारको कुरा गर्नेहरूले गरिबको झुपडीमा चुलो बाल्ने कुरा नगर्दा गरिबहरू निराश छन् । यो आन्दोलनले उनीहरूलाई झनै निराश पारेको छ ।

**तराईका जनतालाई अधिकार दिलाउने निहुँमा भएको आन्दोलनले भएको अधिकार पनि खोस्ने काम हुँदै छ । जनता स्वतन्त्रता र अधिकारविहीन हुँदै छन् । नेताको करकापले आन्दोलनमा होमिएका जनता घाइते भएर अस्पतालमा छटपटाइरहेका छन् र पछुताइरहेका छन् । तिन वा चार जना नेताको हठ र 'इगो'ले गर्दा लाखौं नेपाली कष्टपूर्ण जीवन बिताउन बाध्य छन् ।**

तराईवाटै आन्दोलनको प्रतिकार हुनुलाई अब तराईका आन्दोलनरत नेताहरूले गहिरिएर सोच्नु जरुरी भइसकेको छ । आखिर जनतालाई नै मन नपर्ने आन्दोलन कसका लागि ? कसैले उक्साएकै भरमा सरकारलाई अप्ठ्यारोमा पार्ने काम भइरहँदा दुःख कसले पाइरहेका छन् ? भन्ने कुरामा जिम्मेवार नेताहरूले सोच्नुपर्छ ।

**देशले भोगिरहेको अभाव र दबाब**

देशभित्रकै समस्याले पीडा दिइरहेको अवस्थामा छिमेकीले गरेको नाकाबन्दीले थप पीडा दिएको छ । सिगैं देशले सकस भोगेको छ । आर्थिक र सामाजिक असर बेहोरेको छ । भूकम्पको मनोसामाजिक असरले सहज भइनसकेको जनजीवन नाकाबन्दीले फेरि असहज बनेको छ । यही नाकाबन्दीकै कारण कुल गार्हस्थ्य उत्पादनको झन्डै आधा हिस्सा बराबरको नोक्सानी पनि बेहोर्नुपरेको छ देशको अर्थतन्त्रले । आन्तरिक उत्पादन घट्दा र आयातमा कमी आउँदा देशैभरि अत्यावश्यक वस्तुको अभाव चुलिएको छ । अभावकै कारण मूल्यवृद्धि दर १९ दशमलव ६ प्रतिशतमा पुगेको छ । यही अभावको बेला केही कालोबजारीले उपभोक्ताको चरम शोषण गरेर नाफा कमाएका छन् । संकटका बेला देशलाई सघाउनुको साटो शोषण गर्ने यस्ता अपराधीलाई कानुनी दायरामा ल्याउन नसक्ने प्रशासनतन्त्रले गर्दा जनतामा थप निराशा छाएको छ ।

भूकम्पको पीडा, आन्दोलनको तनाव र नाकाबन्दीको असरले गर्दा देशमा मानवीय संकट परेको अवस्था छ । यो संकट निवारणका लागि अब आ-आफ्ना स्वार्थलाई त्यागेर राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखै सबै आन्दोलनरत पक्ष पनि जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्ने वेला छ । देशले अहिले भोगिरहेको पीडा, तनाव र अभावबाट मुक्ति नपाएसम्म विकास र आर्थिक समृद्धिको प्रयासले गति लिन सक्दैन । त्यसैले, छिट्टै आन्दोलनको अन्त्य र नकाबन्दी खुलाएर परिस्थितिलाई सहज बनाएर सुरु भई नै सकेको पुनर्निर्माण कार्यलाई प्रभावकारी ढंगमा अघि बढाउने कार्यमा सबै पक्षले सहयोग गर्नुपर्ने आवश्यकता टड्कारो भएको छ । संविधानका बुंदालाई नै निहुं बनाएर कसैले उचाल्दिएकै भरमा देशलाई समस्यामा पार्ने हो भने देशै नरहन पनि सक्छ । देशै नरहे जतिसुकै समावेशी र उत्कृष्ट संविधान बने पनि त्यसको कुनै अर्थ रहन्न । देश रहे संविधानमा हेरफेर गर्ने काम गर्दै गर्न पनि सकिन्छ । यतिखेर देश अभाव छ र दबावमा छ । एकातिर आन्दोलन र नाकाबन्दीले गर्दा अर्थतन्त्र कमजोर बनेको छ । आर्थिक र सामाजिक आवश्यकता पूरा गर्ने सामर्थ्यको अभावले देशमा असहज परिस्थिति व्याप्त छ, तैपनि देशमाथि पहाडको पीडा र तराईको तनावलाई सम्बोधन गर्नैपर्ने दबाव परेको छ । त्यसैले, यतिखेर देशलाई माया गर्नेहरूको खाँचो छ । समग्रमा देशले भोगिरहेको पीडा, तनाव, अभाव र दबावको अन्त्य गर्दै विकास र समृद्धिलाई सघाउने काममा सबै एक हुन सकौं ।

# बेरोजगारीको दलदलमा युवा

■ महेश बराल

बेरोजगारी समस्या एउटा यस्तो खतरनाक समस्या हो, जसको असर व्यक्ति, समाज अनि राष्ट्रका लागि एकदमै प्रतिकूल भएर देखा पर्छ । आर्थिक, सामाजिक, व्यक्तिगत, पारिवारिक अथवा व्यक्तिको समग्र परिवेशलाई अझोगतिलिर लान एउटा समाजका एक इई्भोटा बरोजगार जनशक्ति नै काफी ठहर्छन् । बेरोजगारीले थिल्थिलिएको दिमाग भयानक हुन सक्छ । बेरोजगारीले जन्माएको नैराश्य अथवा बेरोजगारीले जन्माएको उल्टो सोच अथवा बेरोजगार चिन्तन अथवा बेरोजगार मनस्थिति कसैको भलोमा रहँदैनन् । त्यसैले, एउटा समाजमा एक व्यक्ति मात्रै बेरोजगार रहनु भनेको त्यो सिंगो समाज नै कमजोर रहनु हो । जीवन धान्नकै लागि जे पनि गर्नुपर्ने परिस्थिति आउँदै त हो अपराध जन्मिने पनि । हो, बेरोजगारीले समाजमा अपराध सिर्जना गर्नेमा दुई मत हुँदैन ।

बेरोजगारी समस्या जुनसुकै उमेर समूहका जुनसुकै व्यक्तिका लागि पनि भयावह हुन्छ । यो उमेरगत हिसाबले हुने कुरो पनि होइन । तर, आमजनजीवन र तमाम तथ्यहरूलाई मध्यनजर गर्ने हो भने युवा अवस्थाको बेरोजगारी अझ जटिल वर्गमा पर्न सक्छ । युवा अवस्था, अझ त्यो पनि प्रारम्भिक चरणकै (सामान्यतयाः २० वर्षदेखि ३० वर्षविचको) अवस्थालाई अझ जटिल अवस्थाको रूपमा व्याख्या गर्न सकिन्छ । व्यक्ति मानसिक रूपमा परिपक्व भई नसकेको अवस्था अथवा स्वविवेकले राम्ररी काम गर्न थालिनसकेको अवस्था नै युवा अवस्थाको रूपमा चिनिन्छ । अथवा, जीवनको यस्तो प्रारम्भिक चरण, जसले बाँकी रहेको सिंगो जीवनको मार्गचित्र कोर्ने गर्छ । यही उमेर अवस्थामा व्यक्तिको सोचाइ पनि परिष्कृत भएर आउँदै गरेको हुन्छ । उसका योजनाहरू निर्माण हुँदै हुन्छन्, भविष्यका योजनाहरू बुनिन्छन्, केही गरौं भन्ने भावनाको निर्माण भएको हुन्छ । यही वेला बेरोजगारीले कसैलाई गांज्छ भने त्यो हरकोहीले पनि सहन सक्ने खालको हुँदैन, जसको परिणाम सधैं नकारात्मक नै हुने गर्छ ।

तमाम तथ्यांकलाई आधार मानेर हेर्ने हो भने नेपालमा अहिले कम्तीमा पनि १० लाख युवा जनशक्ति बेरोजगार रहेको अवस्था छ । विगतमा भएको सशस्त्र जनयुद्ध, अस्थिर राजनीति, सरकारको स्पष्ट नीतिको अभाव, कमजोर अर्थव्यवस्था अनि गति लिन नसकेको औद्योगिक विकासलगायतका कारणले युवा बेरोजगारी बढाउन महत्त्वपूण भूमिका निर्वाह गरिरहेका छन् । देश विगत लामो समयदेखि संक्रमणको दलदलमा फसेको छ । युद्धको ध्वंसधी अझै सकिएको छैन । राजनीतिक अवस्था नाजुक छ । वर्षैभरि भइरहने आन्दोलनले अवस्था झनै नाजुक बनाउँदै लगेको छ । व्यक्तिको क्षमता, योग्यता, सिप अनि कामप्रतिको दक्षताका आधारमा नभई पैसा र प्रभावका आधारमा उसको मूल्यांकन गर्ने चलनको विकास हुँदै छ । हैकमवाजले चलाएको देशमा कुनचाहिँ इमानदारले ठाउँ पाउला र ? यसले गर्दा कलिलै उमेरमा व्यक्तिमा भ्रष्टाचारको अभ्यास विकसित हुनु कुनै अनौठो कुरा रहेन अब ।

समग्रमा हेर्ने हो भने नेपालमा दुई प्रकारका युवा जमात देखिन्छन् । एक, जो इमानदार छन् । ती आफ्नो योग्यता र क्षमतामा विश्वास गर्छन् । ती पढ्न चाहन्छन् र आफूले पढेर पाएको ज्ञान आफ्नै देशका लागि प्रयोग गर्न चाहन्छन् । जसलाई देशको माया छ । सानै भए पनि केही योगदान दिन चाहन्छन्, देशलाई । यिनीहरूमा भ्रष्टाचारप्रति वितृष्णा छ । देशको अवस्थाप्रति चिन्तित रहन्छन् । देशको काबिल समूह हो यो । असल सोच्ने, असल हुने अनि असल नै गर्न खोज्ने । यो जमात् बौद्धिक पनि छ । यसमा योजनाहरू छन् अनि त्यसलाई कार्यान्वयन गर्न सक्ने क्षमता पनि छ । तर, अफसोच हाम्रा यही जमात अहिले प्रयोगविहीन छ । बेरोजगार छ । अयोग्यको विल्ला भिर्न बाध्य छ । शोषित छ ।

**युवा विकासका लागि भनेर अनेक संस्थाहरू खोलिए/खोलिँदै छन् । सरकारको बजेट पनि छुट्टिइयो होला कतिकति । कसले कुन ठाउँमा के कस्ता कामहरू गरेका छन् त ? अथवा, केही उपलब्धि पनि छन् त ? उपलब्धि भए कहाँ छ ? हचुवाका भरमा गठन गरिएका सरकार मातहतका युवा विकास संस्थाहरू सरकारी पैसा पचाउन मात्रै सीमित रहे । गैरसरकारी संस्थाहरू विदेशी अनुदान कुम्ल्याउन ।**

दोस्रो, जो स्वभावैले भ्रष्ट छ । जसको बालापन नै खराब छ । जसको स्कुलिङ नै खराब छ । जो हरकुरामा आफ्नो फाइदा हेर्छ । जसलाई ज्ञान र पढाइभन्दा कुटनीति र जालसाजीमा विश्वास छ । जो आफ्नो स्वार्थका लागि मात्रै देशमा बसेको छ । जो सानासाना सेवाहरूमा पनि नाफाघाटाको हिसाब गर्छ । जसलाई सेवाको अर्थ थाहा छैन । आफ्नो सोच्ने, आफैं उठ्ने अनि आफैं मात्र बनिन खोज्ने । जो नेताको अघिपछि हिंड्न रुचाउँछ । खासमा यो समूह देशका लागि योग्य छैन । तर, देशमा यही जमातको हालीमुहाली छ । जो संख्यामा पनि सानो छ तर हरठाउँमा यसैको प्रभाव छ । भ्रष्ट नेताहरूको फाइदाका लागि ।

समस्या यस्तैवाट सुरु हुन्छ । असल हुन्छ भन्दा पनि जब कोहीलाई खराब बन्न बाध्य पारिन्छ भने, केही गर्छु भन्दा दिइँदैन भने, अवसरका सारा ढोकाहरू बन्द गरिन्छन् भने, आफूले आर्जन गरेको ज्ञानको सही उपयोग हुन सक्दैन भने, जब आफूले आस गरेको ठाउँमा आफू भन्दा कम योग्य व्यक्तिले आरक्षण पाउँछ भने, जब सही सोच्दा पनि खराब व्यवहार मिल्छ भने योग्य र असल व्यक्तिलाई के लाग्ला ? द्वन्द्वको सुरुआत पनि यस्तैवाट सुरु हुन्छ । अपराध पनि यस्तैवाट सुरु हुन्छ । भ्रष्टाचार पनि यस्तैवाट सुरु हुन्छ । जब युवाले समाज, राजनीति अनि आफू आसपासको परिवेशवाट आस गरेको कुरा पाउँदैन, उसमा नैराश्य उत्पन्न भई नै हाल्छ । यो स्वाभाविक हो । बेरोजगारीले अझ त्यसमा पीडा थप्छ । तब त्यो इमानदार पनि व्यभिचारी बन्न बाध्य बन्छ । हो, कारण यस्तै हो, जसकारण व्यक्तिमा दुइटा मुख्य विकल्पबाहेक अर्को बाटो बन्द भएको हुन्छ कि विदेश पलायन हुने कि यहीं बसेर आफूमा पनि भ्रष्ट सोचको विकास गर्ने ।

समस्या कहांवाट सुरु भयो त ? यसको अन्त्य कहां हुने हो ? कहिलेसम्म यस्तै भइरहने ? को जिम्मेवार बन्ने यो सबका लागि ? कसले भूमिका खेल्ने समाधानका लागि ? खेले पनि कस्तो भूमिका खेल्ने ? दैनिक विदेश भासिँदै गरेका हजारौं जमातलाई रोक्न सक्ने योजना कोसंग छ ? बेरोजगारीको जड के हो ? युवा के चाहन्छ ? के पाइरहेछ ? योग्य जनशक्ति विदेसिएर कमजोरले आरक्षण पाउने कानुनको अन्त्य कहिले हुने ? कसले सक्ने अन्त्य गर्न ? नीतिनियम, सिद्धान्त, कानुन बनाएर अथवा बोलेर मात्रै अब केही हुनेवाला रहेन । कागजी घोषणाले अथवा भाषणका गफले अथवा मिडियाका अन्तर्वार्तामा देखाएका फोत्रा आश्वासनले पनि केही लछ्यार्न नसक्ने भयो । स्पष्ट कार्यनीति कसले ल्याउने त ? त्यसको जिम्मेवारी कसले लिने ? हरप्रश्न अनुत्तरित भएर रहिरहेका छन्, वर्षौंदेखि । यी प्रश्न यसरी नै अनुत्तरित नै रहिरहनेछन्, आगामी धेरै वर्षसम्म पनि ।

युवा विकासका लागि भनेर अनेक संस्थाहरू खोलिए/खोलिरहेका छन् । सरकारको बजेट पनि छुट्टियो होला कतिकति । कसले कुन ठाउँमा के कस्ता कामहरू गरेका छन् त ? अथवा केही उपलब्धि पनि छन् त ? उपलब्धि भए कहां छ ? हचुवाका भरमा गठन गरिएका सरकार मातहतका युवा विकास संस्थाहरू सरकारी पैसा पचाउन मात्रै सीमित रहे । गैरसरकारी संस्थाहरू विदेशी अनुदान कुम्ल्याउन । 'युवा विकास' नामधारी संस्थाहरू कुन ठाउँमा कस्ता युवाहरूको विकास गर्दै छन् त ? बेरोजगारीले जर्जर बनेको समुदाय तिनीहरूको सूचीमा पर्दैन या तिनीहरूको लक्ष्य ती होइनन् ? समस्या हिजो जहाँ थियो, आज पनि त्यहीं नै छ । ज्युंका त्युं छ । गाउँवाट हुलका हुल निस्कएका जनशक्तिहरू, सहरका बौद्धिक भनाउँदा जनशक्तिहरू, अथवा युनिभर्सिटीले उत्पादन गरेका विद्वानहरू, कोको कहाँकहाँ कस्तो अवस्थामा छन् ? कुनै तथ्यांक कसैसंग छ ? खाडी, यूरोप, अमेरिका, अस्ट्रेलिया, भारत अथवा यस्तै अरू विदेशी भूमिमा ती छरपस्ट छन् । अफसोसको कुरा देशले युवा गुमाइरहेछ ।

युवामा देखिएको यो बेरोजगारीको समस्या केवल व्यक्तिका लागि होइन, राष्ट्रकै लागि समस्या हो । समाज, परिवार, आसपासको परिवेश सबैसबैका लागि समस्या हो । यो देश कति निरीह छ भन्ने उदाहरण हो । सरकारको लाचारीको पराकाष्ठा हो । आजका शिक्षित, सचेत, पिपवान अनि इमानदार जवानहरू यसरी अनुत्पादक भएर रहनु पक्कै पनि कसैका लागि हितको कुरो होइन । यो सोच्नै पर्ने वेला हो । कसै न कसैले त यसवारे ठोस कदम उठाउनैपर्ने हुन्छ । सरकार, प्रशासन, सरकारका संयन्त्रहरू, नेताहरू, युवाका लागि काम गर्ने सरकारी गैरसरकारी संस्था/संगठन अथवा सम्बद्ध सबैले । तर कहिले ?

# नेपाल-भारत सम्बन्धको नयाँ आयाम

■ विपीन देव

आजको सन्दर्भमा नेपाल र भारतको सम्बन्धलाई नयाँ ढंगले बुझ्न आवश्यक देखिन्छ । इतिहास, ग्रन्थ र विद्वान् हरूका मत र अभिमतभन्दा यसलाई व्यावहारिक कूटनीतिक कोणवाट हेर्नु आवश्यक देखिन्छ । यो सम्बन्धको वहस सेमिनार र वाचनालयमा मात्र सीमित छैन, चुलोमा आगो वाल्दा, कालोवजारीमा पेट्रोल किन्दा, एउटै औषधिका लागि विभिन्न औषधालय घुम्दा यसको विश्लेषण गर्नुपर्ने हुन्छ । यो हुनुमा के प्रस्ट देखिन्छ भने देशको कूटनीति अब राजनेताले चलाउन अक्षम भएका छन् । त्यसकारण, जनता यसमा आफैं वहस गरिरहेका हुन्छन् । नेपालको राजनीति बढी 'ड्राइगनोस्टिक' (रोग पत्ता लगाउने प्रक्रिया) भएको छ, 'प्रेक्रिप्टिक' (उपचार विधि) हुन सकेको छैन । तसर्थ, भावी सन्ततिका लागि, नेपाल-भारतको सम्बन्धका लागि 'रोडम्याप' बनाउनु आवश्यक छ । वास्तवमा पराराष्ट्र नीति भावनात्मक आवेग र संवेगवाट चल्ने होइन । धर्म र संस्कृतिको सेतुवाट पनि टिक्दैन ।

**मधेसको जनकपुरदेखि लुम्बिनीसम्म भारतीय पर्यटकका लागि ठुलो आकर्षण दिन सक्छौं । कोसी टप्पुलाई एउटा पर्यटकको महत्त्वपूर्ण स्थल बनाए हामी बोधगयाबाट चिनियाँ पर्यटकलाई पनि आकर्षित गर्न सक्छौं ।**

इरान र इराकमा एउटै धर्म भए तापनि लामो समयसम्म दुई देशले युद्ध गरे । देशको कूटनीति वास्तवमा यथार्थवादी दृष्टिकोणवाट सञ्चालन गर्नुपर्दछ । भारतसंगको दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्दछ । अहिलेको भूमण्डलीकरण र खुला अर्थतन्त्रको संसारमा लियो रोजको 'नेपाल इज नट ल्यान्डलक्ड कन्ट्री बट इट इज इन्डिया लक्ड कन्ट्री' भन्ने कथनलाई थांती राखी हामीले आफूलाई 'नेपाल इज इन्डिया लिक्ड कन्ट्री' भन्नुपर्दछ । पक्तिकारको बुझाइ के छ भने भारतको विकासको लहर र वेगवाट हामीले आफूलाई वञ्चित राख्नुहुन्न । यसका लागि 'चाइना कार्ड' फलदायी हुँदैन । चाइना कार्डभन्दा हामीले 'मधेस कार्ड' प्रयोग गर्नुपर्छ । अर्थात्, तराईको उर्वर भूमि र साधनलाई एउटा हरित क्रान्तिको नाराका साथ राष्ट्रिय आर्थिक योजना दिएर हामीले भारतप्रतिको निर्भरतालाई कम गर्न सकिन्छ । तराईकी भूमि, नदी, वाग र वगैंचालाई उत्पादनयुक्त बनाई हामी 'नेपाल ब्रान्ड' बनाउन सक्छौं । मधेसको जनकपुरदेखि लुम्बिनीसम्म भारतीय पर्यटकका लागि ठुलो आकर्षण दिन सक्छौं । कोसी टप्पुलाई एउटा पर्यटकको महत्त्वपूर्ण स्थल बनाए हामी बोधगयाबाट चिनियाँ पर्यटकलाई पनि आकर्षित गर्न सक्छौं ।

यी कुराको सार के भने हामीले अवको कूटनीतिलाई आर्थिक चस्मावाट विश्लेषण गर्न जरुरी छ । भारतसंगको सम्बन्धलाई दार्शनिक धरातल दिनुपर्दछ । यसका लागि व्यक्तिपिच्छे वा पार्टीपिच्छे धारणा आउनु गैरराष्ट्रिय कुरा हो । विदेश नीतिलाई मन्तव्यको मन्थनवाट राष्ट्रिय हितका लागि प्रयोग गरिन्छ । भारतको सन्दर्भमा नै हेर्ने हो भने भारतीय जनता पार्टीको पराराष्ट्र नीति डा. श्यामप्रसाद मुखर्जी, दिन दयाल उपाध्याय र खालकरको त्रिकोणात्मक चिन्तनको धरातलमा प्रयोग भएको छ । अटल विहारी वाजपेयी त प्रयोगकर्ता मात्र हुन् । भारतमा पराराष्ट्र सुरक्षा र विकाससंग जोडिएको छ भने हाम्रो पराराष्ट्र नीति पार्टीहरूको हित र नेताहरूको व्यक्तिगत स्वार्थवाट निर्देशित र निर्मित रहेको देखिन्छ । नेपाल र भारतको सम्बन्धलाई सुमधुर बनाउन नेपालमा राजनीतिक स्थिरता हुनु आवश्यक छ, जसवाट विदेशी चलखेलको न्यूनीकरण हुन्छ । अर्थात्, सबै राजनीतिक पार्टीले पराराष्ट्र नीतिमा एउटा खास समझदारी बनाउनुपर्दछ । दोस्रो कुरा, हाम्रो 'राष्ट्रवाद'को व्याख्यालाई परिमार्जित र परिष्कृत गर्नुपर्दछ । पाकिस्तानले भारतविरोधी भावनालाई राष्ट्रवाद बनायो । फलस्वरूप बंगालदेशको जन्म भयो । पाकिस्तानको अर्थतन्त्रले गति पाउन सकेन । पाकिस्तानी भूमि विदेशी चलखेलको केन्द्र भयो । त्यसकारण, राष्ट्रवादको सरल र व्यावहारिक पक्ष नै राष्ट्रहित हो । अहिलेको अवस्थामा नेपाललाई रणनीतिक कूटनीतिक भूमिका रूपमा विदेशीहरूले प्रयोग गरिरहेका देखिन्छ ।

दातृ संस्थाहरूले राजनेताहरूको सोच र चाहनालाई बुझेर आफ्नो गैरसरकारी संस्थाको माध्यमवाट नियन्त्रण गरेको पाइन्छ । त्यस अर्थमा नेताहरू पराराष्ट्र नीतिलाई राष्ट्रहितअनुरूप सञ्चालन गर्न सक्

जोर्डनको माफ्राक सहरमा रहेको शरणार्थी शिबिरबाट चिहाउँदै इई सिरियाली शरणार्थी । तस्बिर सिन्हुवा/रासस

# भारतीय प्रधानमन्त्री र रक्षामन्त्रीलाई मार्ने आईएसको धम्की

**एजेन्सी**
गोवा, ५ माघ

इराक र सिरियाको केही भूभाग कब्जा गरी शासन गरिरहेको इस्लामिक विद्रोही समूह इस्लामिक स्टेट (आईएस) ले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री मनोहर परिकारलाई मार्ने धम्की दिएको छ ।

गोवा प्रहरीलाई उद्धृत गर्दै टाइम्स अफ इन्डियाले उल्लेख गरे अनुसार गृह र सामान्य प्रशासन विभागमा नाम उल्लेख नगरी प्राप्त पत्रमा गाईको मासु खान लगाइएको प्रतिबन्धको विरोध गर्दै आईएसले मार्ने धम्की दिइएको हो ।

'तिमीहरू (प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री मनोहर परिकार) ले गाईको मासु खान अनुमति दिएका छौनी, आफ्नो ख्याल राख्दै गर्नु' पत्रमा उल्लेख छ । प्रहरी आईजीपी भी रेनगानधनले पत्रबारे छानविनको प्रक्रिया सुरु भइसकेको जानकारी दिएको पनि टाइम्स अफ इन्डियाले जनाएको छ। रेनगानधनले

पत्रमा प्रधानमन्त्री मोदी र रक्षामन्त्री परिकारको नाम उल्लेख गर्दै जवदेखि गाई काटमार गर्नमा प्रतिबन्ध लगायौं, तिमीहरूसंग अब चाँडै भेट हुने उल्लेख गरेको जनाए ।

रेनगानधनले सो पत्रबारे आतंकवादविरोधी निकायको छानविन पछि निश्चित भएको र चिठ्ठी स्थानीय क्षेत्रबाटै पठाइएको पनि जानकारी दिए। प्रहरीले परिकारको सुरक्षा मजबुद बनाउने पनि निर्णय गरेको छ ।

हिन्दू धर्मभा गाईलाई उच्च सम्मान र पूजा गरिने हुँदा हिन्दू बाहुल्य भारतमा केही महिनाअघि एक मुस्लिमलाई गाईको मासु खाएको आरोपमा मरणासन्न हुने गरी कुटपिट गरेपछि यो विषय पुनः चर्चामा आएको थियो । भारतको संविधानको धारा ४८ मा गाईको काटमारमा रोक लगाउन राज्यहरूलाई अधिकार प्रदान गरेको छ । हाल भारतका २९ मध्ये २४ राज्यमा गाई काटमार रोक्ने आ-आफ्नै कानून रहेका छन् ।

हाल भारतका चेन्नाई, बम्बई जस्ता ठुलाठुला सहरमा धेरै गैरकानुनी गाई काटमार गर्ने काम भइरहेको बताइएको छ । पछिल्लो तथ्यांक अनुसार भारतमा बर्सेनि करिब ४० लाख टन गाईको मासु उत्पादन हुने गरेको छ, जसमा आधाभन्दा बढी भारतमै खपत हुने गरेको छ ।

# चीनको आर्थिक वृद्धि २५ वर्षयताकै न्यून

**एजेन्सी**
बेइजिङ, ५ माघ

चीनको अर्थतन्त्र सन् २०१५ मा ६ दशमलव ९ प्रतिशतले वृद्धि भएको थियो । सन् २०१४ मा यो वृद्धि दर ९ दशमलव ३ प्रतिशत रहेको थियो, जुन २५ वर्षकै सबैभन्दा न्यून वृद्धि थियो ।

विश्व अर्थतन्त्रको चालकको रूपमा लिइने चिनियाँ वृद्धि विश्वभरका लगानीकर्ताको प्रमुख चासोको विषय हो । चीनमा यो वर्ष ६ दशमलव ३ तथा आगामी वर्ष ६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मौद्रिक कोषले प्रक्षेपण गरिसकेको छ। तथापि बेइजिङले यो वृद्धिलाई ७ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको थियो । प्रयोग नयाँ रोजगारको अवसर सिर्जना नहुन्जेल कमजोर आर्थिक वृद्धिलाई स्वीकार गरिने चिनियाँ प्रधानमन्त्री लि खस्याङले बताइसकेका थिए ।

विज्ञहरूका अनुसार चिनियाँ वृद्धि त्यहाँको आधिकारिक तथ्यांकले दर्साएको भन्दा वास्तवमै न्यून भएको पर्यवेक्षक बताउँछन् । तथांकलाई बेइजिङका अधिकारीले अवमूल्यांकन गर्दै आएका छन् ।

विज्ञहरूका अनुसार ६ दशमलव ८ प्रतिशत थप आर्थिक ऊर्जाका लागि उत्प्रेरणा मिल्छ । त्यसैले आर्थिक वृद्धिमा थोरै घटवढले कहिलेकाहीँ सकारात्मक फाइदा गर्छ। राष्ट्रिय तथ्यांक ब्युरोका अनुसार सन् २०१५ को अन्तिम चौमासिकमा यहाँको आर्थिक वृद्धि ६ दशमलव ८ मा समेटिएको थियो ।

खतरनाक अवस्था ?

एक दशकभन्दा बढीसम्म तीव्र वृद्धिसँगै पछिल्लो दुई वर्ष चीनमा आर्थिक वृद्धिमा विषमता आएको छ। केन्द्रीय सरकार उपभोग र सेवाले नेतृत्व गरेको अर्थ तन्त्रतर्फ अगाडि बढ्न चाहेकै वेला यस्तो विषमता आएको हो । तर, संकमणकाललाई व्यवस्था गर्नु नै चीनका लागि चुनौती साबित भएको छ ।

उपभोगले हांकेको अर्थतन्त्रको सिर्जनातर्फ चीनको केन्द्रबिन्दु आफैंमा गलत भएको केही विज्ञहरूको तर्क छ । उनीहरूका अनुसार अर्थतन्त्रलाई पुनः सन्तुलनमा राख्न सरकारले उत्पादनलाई बढी ध्यान दिनुपर्छ ।

'उच्च उपभोगले क्षणिक रूपमा आर्थिक वृद्धि ल्याए पनि तर आर्थिक सिद्धान्तअनुसार यसले थोरै प्रभाव पार्छ,' विश्लेषक जोन झउ टिप्पणी गर्छन् । चीनको अहिलेको विकासको चरणलाई अझै बढी लगानी आवश्यक पर्छ ताकि देशले उपभोग र सेवातर्फ समयमै स्वाभाविक रूपमा पुनः सन्तुलन कायम गर्नेछ । 'ती मार्गहरूतर्फ अर्थतन्त्रलाई घचेट्नु पनि खतरनाक हुन्छ,' उनी भन्छन् ।

एउटा उक्ति नै छ कि जब चीनले हाच्छयुँ गर्छ बाँकी संसारलाई पनि रुघा लाग्छ । चीनको स्टक बजारमा पछिल्ला वर्षमा भएका दुर्घटनाले लगनीकर्ताको भावनालाई नराम्रोसँग प्रभावित गरेको छ । तर, चीनको अर्थतनीति ओरालोतर्फ जादै छ भन्ने खबर आफैमा अनौठो भने होइन । सरकारले नेतृत्व गरेको लगानीवाट आर्थिक अवस्था गुजेको अहिलेको अवस्थामा अर्थतन्त्र कमजोर हुनु अस्वाभाविक होइन । त्यस्तै, निर्माण अर्थतन्त्र सेवा र उपभोगमा निर्भर छ । निर्माण अर्थतन्त्रले चीनको अर्थतन्त्रको ५० दशमलव ५ प्रतिशत हिस्सा ओगट्छ । यो हिस्सा सन् २०१४ मा ४८ दशमलव ५ प्रतिशत रहेको छ ।

तर, अहिलेको चिन्ता भनेको भावी दिनमा चीनको अर्थतन्त्र अझै कस्तो खराब मार्गमा जाला भन्ने हो । आलोचकहरूका अनुसार चीनको तथ्यांक त्यति भरपर्दो छैन र वास्तविक वृद्धिका तथ्यांक झनै कमजोर हुन सक्छन् । सरकारले दावी गरेभन्दा निकै न्यून आर्थिक वृद्धि हुने हालै सार्वजनिक गरिएको प्रान्तीय आर्थिक तथ्यांकले खुलासा गरेको छ ।

चीनको वार्षिक आर्थिक वृद्धि संसारकै लागि निकै महत्त्वपूर्ण समाचार बन्ने गरेको छ । तर, त्योभन्दा महत्त्वपूर्ण मासिक रूपमा सार्वजनिक हुने आर्थिक तथ्यांक पनि हो जसले त्यहाँको अर्थतन्त्रलाई गहिरो रूपमा विश्लेषण गरेको हुन्छ । मासिक तथ्यांकले चीनको अर्थतन्त्र कता बढिरहेको छ भन्ने विषयमा गहन विश्लेषण गरिएको हुन्छ ।

मंगलवार मासिक औद्योगिक उत्पादन (आईपी) र चीनका लागि फुटकर बिक्री संख्यासमेत सार्वजनिक गरिएको थियो । जसअनुसार डिसेम्बरको तथ्यांक अन्यको तुलनामा निकै खराब थियो । डिसेम्बरमा आर्थिक वृद्धि ५ दशमलव ९ प्रतिशतले विस्तार भएको थियो । यो तथ्यांक नोभेम्बरमा ६ दशमलव रहेको थियो । फुटकर बिक्री वृद्धिमा पनि नोभेम्बरको तुलनामा डिसेम्बरमा घटेको थियो ।

# प्रहरी चौकी हमलामा १० को मृत्यु

**एजेन्सी**
इस्लामाबाद, ५ माघ

पाकिस्तानको उत्तरपश्चिमी प्रान्तीय राजधानी पेसावरमा रहेको एक प्रहरी चौकीमा मंगलवार गराइएको विस्फोटमा परी कम्तीमा १० व्यक्तिको मृत्यु भएको समाचार छ ।

सो विस्फोटमा एक बालकसहित १० को मृत्यु भएको बताइएको छ । यस विस्फोटमा परी अन्य १७ जना घाइते भएका स्थानीय सञ्चार माध्यमले जानकारी दिएको छ ।

पेसावर जिल्ला र जम्रुद सहरको सीमा क्षेत्रमा रहेको कर्खानो वजारमा रहेको प्रहरी जांच चौकीमा सो घटना भएको जनाइएको छ । सुरक्षावल र उद्धारकर्ताको टोलीले मारिएका व्यक्तिहरूको शव

र घाइतेलाई पेसावरको अस्पतालमा लगेको बताइएको छ । विस्फोटमा मारिएका व्यक्तिहरूमा एक बालक र स्थानीय एक पत्रकारसमेत रहेको जनाइएको छ ।

घाइतेमध्ये करिब सातको अवस्था चिन्ताजनक भएको हुनाले मृतकको संख्या बढ्न सक्ने अस्पताल स्रोतले जानकारी दिएको छ । यो कस्तो किसिमको आक्रमण हो, सोवारे भने प्रस्ट नभएको बताइएको छ । तर, केही समाचार माध्यमले यो आत्मघाती आक्रमण भएको बताएका छन् ।

# माल्दिभ्सका पूर्वराष्ट्रपति उपचारका लागि रिहा

**एजेन्सी**
कोलम्बो, ५ माघ

माल्दिभ्सका पूर्वराष्ट्रपति मोहम्मद नसिदलाई उपचारका लागि रिहाइ गरिएको छ। माल्दिभ्स सरकारले उनको उपचारका लागि रिहाइ गरेको जनाएको छ ।

उपचारका लागि रिहाइ भएपछि उनले आफ्नो रिहाइका लागि आवाज उठाइदिने सबै स्वदेशी तथा विदेशी समर्थकलाई धन्यवाद दिएका छन् । गत मार्चमा उनलाई दिइएको सजायवारे विश्वव्यापी रूपमा विरोध भएको थियो । जसकारण, उनीमाथि विश्व समुदायको सान्त्वना पनि बढेको हो ।

उनलाई स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि सोमवार अबेरतिर रिहा गरिएको थियो । करिब ९ महिनादेखि थुनामा रहेका नसिद रिहाइपछि सोमवारै श्रीलंका प्रस्थान गरेका थिए । उसी उपचारका लागि बुधवार वेलायत प्रस्थान गर्ने बताइएको छ । उनका सहयोगी अहमद नसिमले उनलाई ३० दिनका लागि जेलबाट मुक्त गरिएको जानकारी दिए ।

आतंककारी क्रियाकलापमा संलग्न भएको अरोपमा उनलाई जेलमा राखिएको छ । पूर्वराष्ट्रपतिलाई नै यस्तो आरोपमा जेलमा राख्नु निन्दनीय रहेको भन्दै विश्वका नेताले माल्दिभ्स सरकारको व्यापक विरोध गरिरहेका छन् ।

# 'इराकमा १९ हजार नागरिकको मृत्यु'

**बग्दाद/एजेन्सी-** सन् २०१४ को अक्टोबरदेखि सन् २०१५ को अन्त्यसम्म इराकमा भएको द्वन्द्वका कारण १८ हजार ८०२ सर्वसाधारणको मृत्यु भएको संयुक्त राष्ट्रसंघद्वारा मंगलवार सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको छ।

इराकी सुरक्षाकर्मी र इस्लामिक स्टेट (आईएस) समूहविच भएको द्वन्द्वका कारण १८ हजार ८ सय दुईजनाको मृत्यु भएको र यसको दोब्बर अर्थात् ३ लाख ८६ हजार २ ४५ जना घाइते भएको राष्ट्रसंघको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यसैगरी, सार्वजनिक प्रतिवेदनअनुसार ठुलो संख्यामा मानवअधिकार उल्लंघनका घटना भएका छन् ।

# यमनमा न्यायाधीशको हत्या

**आदेन/एजेन्सी-** यमनी दक्षिणी नगर आदेनमा सोमवार एक न्यायाधीशको हत्या भएको समाचार छ । आतंकवादविरोधी एक स्थानीय अदालतका न्यायाधीशको सोमवार साँझ हत्या भएको समाचारमा जनाइएको छ ।

यमनमा जारी हत्याहिंसा शृंखलाअन्तर्गत सोमवार सो हत्या भएको समाचारमा जनाइएको छ । अल कायदाका लडाकुले न्यायाधीश हादी मुल्कीको हत्या गरेका हुन् । प्रहरीले सो हत्यामा अल कायदाकै हात रहेको जनाएको छ । तर, यमनमा रहेको अल कायदाको समूहले भने यस विषयमा केही बताएको छैन । दक्षिणी यमनी नगर आदेनको मन्सुराह नगरमा उनको हत्या भएको बताइएको छ। प्रहरीले मोटरसाइकलमा आएका दुईजनाले उनको हत्या गरेर भागेका प्रत्यक्षदर्शीले जनाएका हुन् । आदेनका अधिकारीले सो नगरमा मोटरसाइकलमा आवतजावतका लागि प्रतिबन्ध लगाएका छन् ।


वर्गीकृत डिस्प्ले

सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते बाँकेको बेलभारदेखि नेपालगन्जसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : सुन्दर खटिक
राहदानी नं.: ३२६०८४०
ठेगाना : बेलभार-६, बाँके
सम्पर्क : ९८०४४७७२६४

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते बर्दियाको मैनापोखरदेखि गुलरियासम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : विजय माझी
राहदानी नं.: ०७२१८८११
ठेगाना : मैनापोखर-९, बर्दिया
सम्पर्क : ९८६८४४०३०९

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते बर्दियाको भलारी डीदेखि गुलरियासम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : रमेश खतिक
राहदानी नं.: २६५७५९०
ठेगाना : सोरहवा-६, बर्दिया
सम्पर्क : ९८१२५८७७७२

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते बर्दियाको मैनापोखरदेखि गुलरियासम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : लल्ला चमार
राहदानी नं.: २६५७२३९
ठेगाना : गुलरिया न.पा. ४, बर्दिया
सम्पर्क : ९८४८०७४१६

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते बर्दियाको मैनापोखरदेखि गुलरियासम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : राजेन्द्र चमार
राहदानी नं.: २६५७२७४
ठेगाना : गुलरिया न.पा. ४, बर्दिया
सम्पर्क : ९८४८०७४१६

**राहदानी हरायो**
मिति २०७२/१०/०३ गते पेन्सीकोलादेखि नयाँ वानेश्वरसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : भीमराज राई
राहदानी नं.: ०९१३६१९६
ठेगाना : खार्तम्खा-६, खोटाङ

**राहदानी हरायो**
मिति २०७२/१०/०३ गते पेन्सीकोलादेखि नयाँ वानेश्वरसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : हेमराज राई
राहदानी नं.: ०९१३६१७८
ठेगाना : खार्तम्खा-६, खोटाङ

**राहदानी हरायो**
मिति २०७२/०८/२९ गते ज्यामिरे १ सल्लेदेखि दिक्तेलेसम्म खसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : दिनेश राई
राहदानी नं.: ०६२००२५२
ठेगाना : ज्यामिरे-१, खोटाङ
सम्पर्क : ९८०८१४५४१६

CUG Company को लागी
महिला/पुरुष तु: आवश्यकता
योग्यता: Test, Slc,Or Above
तलब: 11,200/-
सुविधा: कम्पनीको नियमअनुसार
ग्वार्को, ललितपुर
9844239966
9808857315
नोट: ग्राहक सोको हुदा कर्मचारीमा हुनुपर्ने संहोता अनिवार्य पनि अफिस खुलदा रहने घ।

**बीमालेख हरायो**
मिति २०७२/८/४ गते नरदेवीदेखि रत्नपार्कसम्म जांदा मेरो निम्न व्यहोरा भएको बिमालेख हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : Prithav Bhakta Maharjan
बिमालेख नं.: २०६१६५
ठेगाना : नरदेवी-२७, काठमाडौं
सम्पर्क : ९८४१२८८९३०

**राहदानी हरायो**
मिति २०७२/९/२८ गते बसपार्कदेखि चक्रपथसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : हुकुम बली
राहदानी नं.: ३९६३०६५
ठेगाना : जिनाबाङ-९, रोल्पा
सम्पर्क : ९८०९८५२१०७

**राहदानी हरायो**
मिति २०७२/४/०६ गते बालाजु बसपार्कदेखि एयरपोटसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : भिम बहादुर दमाई
राहदानी नं.: ०६८०७५९
ठेगाना : म्याग्दी-६, भकिम्ली
सम्पर्क : ९८१७४३७४५

**राहदानी हरायो**
मिति २०७२/७/३ गते नयाँ बसपार्कदेखि महाराजन्ज चकपथसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हरायको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।
नाम : गणेश बहादुर ओली
राहदानी नं.: ०५७१६०१८
ठेगाना : धनबाङ-६, सल्यान
सम्पर्क : ९८४१३७१९६६

**आवश्यकता**
नेपाली साजाश्रव को लागि निम्न कर्मचारीहरु आवश्यकता भएको ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।
कुक - १ रेस्टिङ हेल्पर- १
सम्पर्क: ९८४३१३७४३५, ९८६०६४७५२९
बनस्थली, नागार्जुन न.पा. राधाकृष्ण मन्दिर नजिक

एक प्रतिष्ठित URI Company लाई
तु चाहियो
संख्या: 4 Ladies/ 3 Gents
तलब: 10,500/-
योग्यता: Test/SIC,+2 above
सुविधा: आफ्नो समानकुरीमा
ललितपुर, ग्वाहालखोरयान
9860140619
9815137837
नोट: ग्राहक सोको हुदा कर्मचारीमा हुनुपर्ने संहोता अनिवार्य पनि अफिस खुलदा रहेको ।

वर्गीकृत डिस्प्ले
२५०
वर्गीकृत विज्ञापन
प्रति शब्द
रु ५/-

राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का क्षेत्रीय तथा ब्यूरो कार्यालयहरु
नेपालगञ्ज:
क्षेत्रीय कार्यालय फोन : ०८१-५२५४३४
बुटवल :
क्षेत्रीय कार्यालय
फोन : ०७१-४३४४५५
पोखरा :
(क्षेत्रीय कार्यालय)
फोन : ४८६५६३५१३

# मुसहर बस्तीमा धुर्मुस सुन्तलीको सहयोग

**काठमाडौं/रास-** धुर्मुस सुन्तलीले महोत्तरी बर्दिवासका ५५ परिवारलाई सिरक, डस्ना वितरण गरेका छन् । मुसहर बस्तीको विकराल अवस्था देखपछि उनीहरूले तत्कालका लागि प्रतिपरिवार दुई-दुईओटा सिरक र डस्ना वितरण गरेका हुन् । जाडोयममा शीत लहरले मुसहरलाई सताउने भएकाले न्यानोका लागि सिरक डस्ना वितरण गरिएको धुर्मुस सुन्तली फाउन्डेसनले जनाएको छ ।

यस्तै, प्रत्येक परिवारलाई एक बोरा चामल र दाल पनि उपलब्ध गराइएको छ । नेपाली कम्युनिटी सेन्टर ओर्न्याण्डो र युनाइटेड फूलोरिडाको सहयोगमा धुर्मुस सुन्तली फाउन्डेसनले साढे ५ लाखबराबरको राहत प्याकेज मुसहर बस्तीमा वितरण गरेको हो ।

मुसहर बस्तीकै सबैभन्दा बढी अध्ययन गरिरहेका मन्जे सदालाई धुर्मुस सुन्तली फाउन्डेसनले प्रोत्साहन स्वरूप ५ हजार रुपैयां नगद पनि प्रदान गरेको छ । विद्यालयनजिकै रहे पनि पढ्न नजाने समस्या समाजकै उदाहरणीय रहेकाले मन्जेलाई नगद रकम दिइएको फाउन्डेसनले जनाएको छ ।

मुसहर समुदायको जीवनस्तर उकास्नका लागि औपचारिक शिक्षासँगै व्यापक जनचेतनाको खाँचो रहेको हास्यकलाकार सीताराम कट्टेलको भनाइ छ । गरिब र पिछडिएका समुदायको उत्थान गर्न सके देश आफै विकसित बन्दै जानेमा उनको विश्वास छ । यसको साथै तराईका मुसहर बस्तीको पीडामा मलम लगाउन सके मधेश र पहाडबिचको तिक्तता कम हुनेमा पनि धुर्मुस विश्वस्त छन् । आफूहरू मधेस र पहाडबिचको पुल बन्न चाहेको पनि उनले स्पष्ट गरेका छन् ।

मुसहर बस्तीमा सहयोग सामग्री वितरण गर्दै कुञ्जना घिमिरेले आधारभूत आवश्यकताको अभाव रहेकाप्रति दुःख व्यक्त गरेकी छिन् । सरसफाइ, बालविवाह, अशिक्षालगायत विविध समस्याले व्याप्त मुसहर बस्तीको मुहार फेर्न सकेमा आफ्नो मनले पनि शान्ति पाउने उनको भनाइ छ ।

बस्तीको मुहार फेर्ने काम एक व्यक्तिको मात्र आंटले सम्भव नरहेको भन्दै उनले सबैको साथ, सहयोग र समर्थनका लागि अपिल गरेकी छिन् । सहयोगी हातको साथ पाएमा मुसहर बस्तीलाई नमुना बस्ती बनाउने आफूहरूको योजना रहेको उनले बताएकी छिन् ।

# मिसेस इन्टरनेसनलको सहयोग

**काठमाडौं/रास-** भूकम्पले घर खेत गुमाई कष्टपूर्ण जीवन जिउन बाध्य सिन्धुपाल्चोकका भूकम्पपीडित जाडोबाट समेत पीडित अएपछि मिसेस नेपाल इन्टरनेसनल-२०१५ का विजयी तथा प्रतियोगीले उनीहरूलाई घरटहरमा पुगेर न्यानो सहयोग गरेका छन् । मिसेस नेपाल इन्टरनेसन- २०१५ का विभिन्न उपाधि विजेता तथा प्रतियोगीले सिन्धुपाल्चोकको मर्मिङ-५ स्थित भूकम्प र जाडोबाट पीडित दलित समुदायका परिवारलाई न्यानो सहयोग गरेका हुन् । रिवन इन्टरटेनमेन्टका अध्यक्ष निशु भाका अनुसार प्रतियोगीले सो स्थानका ८० दलित परिवारलाई खाद्य पदार्थका साथ ब्ल्याँकेट, सिरक, म्याट, पन्जा र टोपी उपलब्ध गराएका हुन् ।

मिसेस नेपाल इन्टरनेसन- २०१५ का उपाधि विजेता तथा प्रतियोगीहरू उषा लिम्बु, विजेता श्रेष्ठ, स्मिता पाण्डे, प्रतिमा केसी, सरिता भुजु श्रेष्ठ, सरला श्रेष्ठ, मीरा मानन्धर, परिकल्पना राईले सो स्थानमा गई सहयोगको हात बढाएका हुन् ।

भाका अनुसार प्रतियोगिताका विजयी तथा सहभागीहरूले अन्य स्थानका भूकम्प र जाडोबाट पीडितहरूलाई पनि न्यानो सामग्री सहयोग उपलब्ध गराउने व्यवस्था मिलाएका छन् । उनीहरूले सहयोगीहरूको सहयोग तथा आफ्नै रकम खर्च गरेर न्यानो सहयोगको व्यवस्था गरेका हुन् । जसअनुसार अबको सहयोग सलाहीको कविलासी- ९ गयरका मुसहर समुदायलाई उपलब्ध गराइने जनाइएको छ ।

# शंकर के राईको पृथ्वीपारि सार्वजनिक

**राजधानी समाचारदाता**
काठमाडौं, ५ माघ

गीतकार शंकर के राईले आफ्नो पहिलो गीत 'पृथ्वीपारि'को म्युजिक भिडियो सार्वजनिक गरेका छन् । मंगलवार पर्यटन बोर्डमा एक औपचारिक कार्यक्रम गरी सो गीतको म्युजिक भिडियो सार्वजनिक गरिएको हो ।

अग्रज गायिका संगीता प्रधान र अर्की गायिका पार्वती राईले संयुक्त रूपमा म्युजिक भिडियो सार्वजनिक गरेका हुन् । कार्यक्रमका आयोजकसमेत रहेका गीतकार राईले पृथ्वीपारिलाई एउटा ब्रान्डकै रूपमा विस्तार गर्ने लक्ष्यसहित आफूहरू अघि बढेको जानकारी दिए ।

'हामीले पृथ्वीपारिलाई एउटा गीतको रूपमा मात्रै नभई एउटा ब्रान्डकै रूपमा विकास गर्न खोजिरहेका छौं,' म्युजिक भिडियो सार्वजनिक अएपछि उनले भने, 'समग्रमा भन्नुपर्दा अहिलेसम्मको गीतसंगीतको जुन ट्रेन्ड छ हामी त्योभन्दा फरक तरिकाले दर्शक श्रोतामाँझ आउने प्रयास गर्दै छौं ।' पृथ्वीपारिमा युवा संगीतकार डीवी खड्काले संगीत गरेका छन् भने मनिला सोताइले स्वरबद्ध गरेकी छन् । म्युजिक भिडियोको निर्देशन भने रेडियो कार्यक्रम प्रस्तोतासमेत रहेका सुरज श्रेष्ठले गरेका छन् ।

# भूकम्पपीडितको सहयोगार्थ सांगीतिक साँझ

**काठमाडौं/रास-** वैशाख १२ मा गएको विनाशकारी भूकम्पले दुर्गम ठाउंमा बस्ने धुपै व्यक्तिले दुःख पाएका छन् । यो दुःखलाई पार लगाउन समाजका हरेक शक्ति निरन्तर निस्वार्थ रूपमा लागि परेका छन् ।

यसै क्रममा आगामी माघ १७ गते आइतबार दरबारमार्गको नलिंड गजलमा मानवताका पाइला नामक अभियानले नुवाकोट छाप गाविसका भूकम्पपीडितलाई सहयोग गर्न सांगीतिक साँझ आयोजना गर्ने भएको छ ।

कार्यक्रममा गायिका मिलन अमात्य र नेपाली तारा ३ प्रताप लामालै आफ्नो प्रस्तुति दिने भएका छन् ।

कार्यक्रमा मिलन अमात्य र प्रतापसंगै अन्य विभिन्न कलाकारको समेत उपस्थिति रहने कार्यक्रम संयोजक नवीन कोइरालाले जानकारी दिए । कार्यक्रमबाट उठेको सम्पूर्ण रकम छाप गाउँ, नुवाकोटका सर्वसाधारणलाई राहत वितरण गरिनेछ ।

# नाट्य कलालाई व्यावसायिक बनाउन जोड

**कोकिला ढकाल/राजधानी**
इलाम, ५ माघ

नाटककार डा.देवी क्षत्री दुलालको 'पाथीभरा देवीको उत्पति कसरी ?' नामक नाटक आगामी माघ ९ गते इलाममा प्रदर्शन हुने अन्तिम तयारी भइरहेको छ । इलाममा हराइ सकेको रङ कलालाई ब्युंताउने र व्यावसायिकता उन्मुख गराउने उद्देश्यले प्रदर्शन हुन लागेको नाटकलाई दर्शकमाझ उभ्याउन चेतना नाट्य समूहका कलाकारहरूले प्रयास गरेका छन् ।

पर्यटनको क्षेत्रमा धार्मिक पर्यटनले बढी भूमिका खेल्दै आएको मेची अञ्चलमा 'पाथीभरा देवी'ले महत्त्वपूर्ण स्थान ओगटेको नाटककार डा. दुलालको बुझाइ छ । पाथीभरा ताप्लेजुङको एउटा पहाडमा मात्र सीमित नभएर इलाम, झापा, तेह्रथुमलगातका जिल्लामा पनि कान्छी पाथीभरा, माइली पाथीभरा, सानी पाथीभराजस्ता नाम दिएर धार्मिक पर्यटनको विकासमा ठुलो टेवा पुगेकाले यो पाथीभरा देवीको उत्पति कसरी भयो भन्ने कुरालाई नाटकले समेटेको डा. दुलालले बताए ।

चेतना नाट्य समूहले आयोजना गरेको पत्रकार सम्मेलनमा जिल्लामा रङकला हराउँदै

गएकाले यसलाई कसरी बचाउन सकिन्छ र नाट्यकलाबाट कसरी युवा पुस्तालाई सुमार्गमा हिंडाएर व्यावसायिक बनाउन सकिन्छ भन्ने अर्को अभ्यास रहेको समूहका अध्यक्ष सुरेश पोर्तेलले बताए । गुरुङ, राई र लिम्बू समुदायको मुख्य पृष्ठभूमि, जातीय वेशभूषा, शब्द प्रयोगमा आञ्चलिकताआदि प्रस्तुत गर्न भएकाले यो नाटकले राम्रो छाप छोड्न सक्ने अपेक्षा लिइएको संस्थाले जनाएको छ ।

आगामी माघ ९ गते दिउँसो ३ बजेदेखि सदरमुकामस्थित गौतम बुद्ध सभागृहमा आयोजना गर्न लागिएको नाटकबाट कलाकारितामा युवाको प्रवेशलाई पनि एकाकार गर्ने आयोजक समूहका सचिव अन्वेष थुलुङ बताउँछन् । नाटककार दुलालको 'नाटक अनाटक' कृतिमा रहेको पाथीभरा देवीको उत्पत्ति कसरीलाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय नाटक महोत्सव-२०७२ मा काठमाडौंमा प्रदर्शन गरिसकिएको छ । इलाममा प्रदर्शनपछि ताप्लेजुङ, धनकुटा र तेह्रथुममा समेत नाटक प्रदर्शन गर्ने बताइएको छ ।

सुरेश पोर्तेलद्वारा निर्देशित नाटकको मुख्य भूमिकामा सुबास लुइटेल, अन्वेष थुलुङ, नविना लुइटेल, सरिता तामाङ, सिर्जना राई राम आचार्यलगायतका कलाकारको सहभागिता रहने छ । नाटकको कथावस्तु अनुसारका दृश्य, समुदाय, जनजीवन, जीशनशैली आदि कुरालाई जस्ताको त्यस्तै मञ्चमा उतारिएको कलाकारको भनाइ छ ।

हराउँदै गएको रङ कलालाई पुनर्जीवन दिन सकेमा अबको युवापुस्तालाई नराम्रो तथा दुर्व्यसनीबाट समेत जोगाउन सकिने अवस्था रहन्छ,' नाटककार दुलालले भने, 'यो नाटक देखाएर आफ्ना बालबच्चा, विद्यार्थीहरू तथा युवा जगत्लाई पनि रङकलाको महत्त्व दर्साउन सकिन्छ र कलाकारितालाई बाटोमा हिंडाउन सकिन्छ भन्ने कुरा तमाम अभिभावकले बुझिदिनुहोस् ।' पत्रकार सम्मेलन मार्फत नाट्य समूहले सो नाटक हेर्न सबैलाई आग्रहसमेत गरेको छ । जिल्लामा स्थापित सो नाट्य समूहले यसअघि समाजमा रहेको छुवाछुतको विषयलाई समेटेर 'कया मानविरेकी' र समाजमा विद्यमान घरेलु हिंसाबाट पीडित नेपाली महिलाको अवस्थालाई समेटेर 'ठूली' नामक वृत्तचित्र निकालिसकेको छ ।


## साउदी अरेबीयामा रोजगार

१. कम्पनी : ABDUL RAHMAN HAMAD SNAIDI & CO. FOR TRADING & CONTRACTING शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०४ चलानी नं. : ७५३ LT. No. 148886

| क्र. | कामदारको पद | मास संख्या पुरुष | महिला | मासिक तलब SR | अ.क. | अवसरको तलब भत्ता | औसत राष्ट्रिय प्रतिदिन काम घण्टामा | औसत काम महिला | खाने समय | बस्ने समय | कुल औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 04 | | 1100 | 30,800 | | ८ घण्टा | ६ दिन | | छ | छ |

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

SAHARA INTERNATIONAL PVT. LTD.
Kathmandu,Nepal, P.O.Box: 8975 EPC 2123,
Tel: +977-1-4113623, 4113624, Fax: +977-1-4113624,
E-mail:sahara_int121@hotmail.com, Web: www.saharamanpower.com
Govt. Lic. No : 121/055/56

## मलेशियामा रोजगार

१. कम्पनी : RAINBOW SEAFOOD RESTAURANT SDN BHD शहर : Perak
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ चलानी नं. : ७६२ LT. No. 150532

| क्र. | कामदारको पद | मास संख्या | महिला | मासिक तलब RM | अ.क. | अवसरको तलब भत्ता | औसत राष्ट्रिय प्रतिदिन काम घण्टामा | औसत काम महिला | खाने समय | बस्ने समय | कुल औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 08 | 0 | 900 | 22,500 | | ८ घण्टा | ६ दिन | | छैन | छ |

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

निलकमल ह्युमन रिसोर्स प्रा.लि.
सिनामङ्गल-९, एयरपोर्ट (सुवना विमान पक्षाडी, काठमाडौं, नेपाल, फोन : ०१-४१५२४१३
४१५२४१४, बर्दाघाट ०८७४१५०३९, ९८५७०८०३९१ (मलराज) ९८४१३६८२७ (मिरा).
Email : info@neelkamalnepal.com,Web : www.neelkamalnepal.com
श्रम इजाजत पत्र नं. ७९३/०५६

## साउदी अरेबीयामा रोजगार

1. Company : FUAD ESSA AL-YOUSUF EST. सहर : KSA
पूर्व स्वीकृती मिति : २०७२/१०/०५ चलानी नं. : ७६४ LT. No.: 148738

| क्र. | कामदारको पद | मास संख्या पुरुष | महिला | मासिक तलब SR | अ.क. | अवसरको तलब भत्ता | औसत राष्ट्रिय प्रतिदिन काम घण्टामा | औसत काम महिला | खाने समय | बस्ने समय | कुल औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 01 | | 1200 | 33,600 | | ८ घण्टा | ६ दिन | | छ | छ |
| 2 | electration | 01 | | 1200 | 33,600 | | | | | | |
| 3 | PUBLIC BUILDING (MASON) | 01 | | 1200 | 33,600 | | | | | | |

वर्ल्ड फेमर ओभरसिज प्रा.लि. Lic. No. : 347/059/060
बसुन्धरा, काठमाडौं फोन : 4362800, 4385123 , 4362801
सम्पर्क : 9851128259, 9852033230, 9851048967, 9851032959
शाखा कार्यालय : चितवन भरतपुर फोन : 056-525918, सम्पर्क : 9855053915

## कमलामाई यातायात सेवा

काठमाडौंबाट सिन्धुली, भिमान, बर्दिबास, जनकपुर, मरिन र भीमेश्वानसम्मका लागि आउन जान कमलामाई यातायात सेवाको टाटा सुमो बोलेरोलाई सम्झनुहोस् ।

सम्पर्क : कोटेश्वर काउन्टर : सरोज- ९८४९०८१९८०, ९८०३७९०७२
सिन्धुली काउन्टर : ०४७-५२११२५ बिनोद : ९८४४०७७८२९
बद्री मो. ९८४४२७७७, ९८१२०८७०७४


## आजको राशिफल

ज्यो. पं. घनानन्द शर्मा घिमिरे 9849082003

मेष- कामहरू असफल हुनेछ ।
वृष- जग्गाको काम सफल हुनेछ ।
मिथुन- काममा अपजस मिल्नेछ ।
कर्कट- सहयोग मिल्ने योग छ ।
सिंह- कामहरू पूरा हुनेछन् ।
कन्या- समय प्रतिकूल रहनेछ ।
तुला- शत्रुदेखि होसियार रहनुपर्नेछ ।
वृश्चिक- मान-सम्मान मिल्ने योग छ ।
धनु- सुख तथा शान्ति हुनेछ ।
मकर- शारीरिक पीडा हुनेछ ।
कुम्भ- मनमा डर-चिन्ता पैदा हुनेछ ।
मीन- परिवारको सहयोग मिल्नेछ ।


## Gopi Krishna Movies

TODAYS MOVIES
BAJIRAO MASTANI 8:20, 11:20 2:20, 5:20
सरगबाट सिर्जना 8:20, 11:20 2:20, 5:20
काफलपाको 8:20, 11:20 2:20, 5:20
फन्को 8:20, 11:20 2:20, 5:20
बागमती 8:20, 11:20 2:20, 5:20
प्रदेशी 8:20, 11:20 2:20, 5:20
कबड्डी कबड्डी 8:20, 11:20 2:20, 5:20




Booking : 4812393/4812409
नेपालको एकमात्र कर्पोरेट पर्दा मुभिज प्रा.लि. काठमाडौंका ट्रिक्ट दर, राष्ट्रिय सरको र प्रदेशि तथा सुविधा अन्तर्राष्ट्रिय सरको ट्रिक्ट दर माग र ३०० र र. १०० माथि, सुकबार, शनिबार र सार्वजनिक बिदा बाहेक हरेक दिनहिलो र बेलुकी सोमा ३० मिनिट छुटको पनि व्यवस्था छ ।

## नारायणी यातायात

नारायणी यातायात व्यवसायी संघाहरा संचालित टाटा सुमो सेवा काठमाडौंबाट दक्षिणकाली, मणिङ्ग, हेटौंडा हुँदै बीरगञ्जसम्म छुट्ने समय बिहान ६ बजेदेखि ९ बजेसम्म हरेक आधाआधा घण्टामा छुट्ने बिहान १० बजेदेखि बेलका ४ बजेसम्म हरेक एकएक घण्टामा छुट्ने सम्पर्क :
मुख्य कार्यालय : हेटौंडा ०४७-५२१७७०
शाखा कार्यालय बालु ९२७०४९२७, शाखा कार्यालय बीरगंज ०५१-५२०६१४, मो. ९८४१-४०२४४४, ९८४१-४३८१४८, ९८४१-४७२९७


## एम्बुलेन्स

| | |
|---|---|
| बारामाडी सेवा समिति नेपाल | ४१२२२८० |
| पकाली सेवा समिति एम्बुलेन्स | ४-४८४६३ |
| नेपाल बेसर एम्बुलेन्स | ४-१६०१९ |
| ग्रेन्डल क्लब, बागडुलि | ४-५२७०२५ |
| रेडक्रस एम्बुलेन्स | ४-१५७०४४ |
| बालाजी एम्बुलेन्स | ४-२४७११ |
| परोपकार एम्बुलेन्स | ४-१५८४९ |
| सिद्धाबसन्त एम्बुलेन्स नि.शुल्क | ४-५२१२१३ |
| प्रतिज्ञा एम्बुलेन्स | ४-५११११ |
| जसवन्तका एम्बुलेन्स | ४-२७४५१२ |
| नर्सिङ्गहोम एम्बुलेन्स | ४-५२४७४ |
| कीर्तिपुर एम्बुलेन्स | ४-४४१७० |
| मध्यपुर ट्रिमी एम्बुलेन्स | ४-५९३७० |
| पाइलि आर्थोपेट सेवा केन्द्र | ४-४२०११ |
| शाय सहु नि.शुल्क एम्बुलेन्स | ४-२२८४४ |
| नर्सिङ्गहोम बस्ने एम्बुलेन्स | ४-२१६०७ |
| आयाम सेवा केन्द्र | ४-४२६०७ |
| महुरु हि नेपाल एम्बुलेन्स सेवा | ५-६३१६२ |
| मेडिकल कलेज सिमरोपल | ४-९९०४८ |
| नि.शुल्क एम्बुलेन्स | ४-९९०४८ |
| साइरी नेपाल एम्बुलेन्स सेवा | ४-४२०९६ |
| एम्बुलेन्स सेवा | ४-४२०९४ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स सेवा | ६६१०६६ |
| भक्तपुर रेडक्रस एम्बुलेन्सबार सेवा | ६६१०६६ |
| अन्ना एम्बुलेन्स सेवा | ६६६६६६ |
| नेपाल एम्बुलेन्स सेवा | ७०१ |
| सर्पेन्ट एम्बुलेन्स सेवा | ६६६६६० |
| नेपाल बेसर सम्बयात | ४-२६०१४ |
| नि.शुल्क सम्बयात | ४-९९०४८ |
| नि.शुल्क सम्बयात सेवा सदन | ४-२६२६२१ |

## अस्पताल

| | |
|---|---|
| बीर अस्पताल : | ४-२१४८०, ४-२६९९८८ |
| विराज अस्पताल : | ४-९९०४८, ४-९९०४८ |
| कान्ति बाल अस्पताल : | ४- ४१४८०, ४-४२४२१ |
| प्रभुसी गृह : | ४-२६३६५ |
| ट्रेलु अस्पताल : | ४-२६३९५ |
| बीरेन्द्र प्रुरी अस्पताल : | ४-४१०२३ |
| हिम सिटी हस्पिटल : | ४३१२२६, ४३२२४२ |
| अग्नि अस्पताल : | ४-१५८२१ |
| हुयराग केन्द्र : | ४-३७५२२ |
| पाटन अस्पताल : | ४-५२२१२ |
| मानसिक अस्पताल : | ४-५२१३३ |
| हिमेश्वोपचारिक चिकित्सालय : | ३५१२८१ |
| भक्तपुर अस्पताल : | ६-५७०१८ |
| कोरल अस्पताल : | ४-५१११ |
| मुनिसान ट्रेनल हस्पिटल, कलंकी : | ४०४२६४ |
| एक ट्रम केयर : | ४-२५४३२ |
| कान्तिपुर ट्रेनल कलेज : | ४-३५२१०, ४१५१४० |
| हेलिङ्ग हेल्थ साइकोलिक अस्पताल : | ४-२७०१६, ४२४३३५ |
| विराज अस्पताल सिमरोपल : | ४-९९०४८ |
| नि.शुल्क हिलियोपाथिक चिकित्सालय : | ४-२३३१४० |
| मेलमन बिहुरी केन्द्र : | ४-३६३६१ |
| मध्यपुर मेडिसिन अस्पताल : | ४-९२१७८ |
| साम्राज्यविक स्वास्थ्य सेवा केन्द्र, हेटौंडा : | ०४७२१२१८८ |
| विश्वास अस्पताल तथा प्रसूति गृह, पोखरा : | ४३६३९६, ४३०७२२ |
| अन्नपुर्ण ट्रमेल्थ अस्पताल, बागबाजार : | ४३३३३३ |
| ॐ नमाल ट्रेनल अस्पताल, बागबाजार : | ४४२७७०, ४४७४२२ |
| कान्तिपुर ट्रेनल हस्पिटल, महाराजगन्ज : | ४४२४९६, ४०७८२१ |
| सुमेर अस्पताल, धापासेल, नर्सिङ्गपुर : | ४०६३२७, ४०६३३७ |
| शिवमन्दिर हस्पिटल, बाबु, कुलेश्वर | ४३०५८०, ४३०५८१ |
| महिन मेडिसिन अस्पताल, कलंकी | ४२८४१६, ४५४०१४ |

## अग्नि यातायात

कलंकीबाट दिवा बस प्रस्थान समय

| ट्रु नाम | बिहान |
|---|---|
| कोइराला | ८:१५ |
| महुरु | ९:०० |
| सौरीरुम | ९:१५ |
| बुधमार्ग | ९:३० |
| साइमाइ | ९:४० |
| बिरटमनगर (नाँगा) | ९:४० |
| राजबिराज | ९:५५ |
| धरान | ५:३० |
| बिरटमनगर (नया टा) | ६:०५ |
| बीरगन्ज, कमैया (नाँगा) | ५:३० |
| जनकपुर | ७:०० |
| तौर | ७:१५ |
| सलाथवा | ७:४५ |
| बीरगन्ज, कमैया (सोझै) | ७:४५ |
| पोखरा (नया टा) | ९:०० |
| सलाथवा | ८:१५ |
| बीरगन्ज, कमैया (सोझै) | ५:१५ |

दिनबेला तथा अन्य जानकारी

| | |
|---|---|
| प्रधान कार्यालय कलंकी : | ४३५०३१, ४३५२१२ |
| बुकिङ्ग, कलंकी | ४-२५२३३९, ४-२५२३३९ |
| बुकिङ्ग, बुगमार्ग | ४-२९३७०९, ४-२९७०८९ |
| बुकिङ्ग, पोखरा | ४-४२१७८९ |
| पोखरा (बेलेक्स कार्यालय ट्रटरी) | ०६१-४२१३३० |
| पोखरा | ०६१-४२१७४८ |
| जनकपुर | ०४१-४२१७०९ |
| राजबिराज | ०३१-४२०४१६ |

## मकालु यातायात

काठमाडौंबाट प्रस्थान समय

| ट्रु समय | बिहान |
|---|---|
| कोइराला | ९:०० |
| महुरु | ९:१० |
| बाघमस्ता | ९:१० |
| धरान | ९:४५ |
| बिरटमनगर पोलो | ९:४५ |
| राजबिराज | ९:०० |
| बिरा | ६:१५ |
| बिरटमनगर सोझै | ६:४५ |
| तौर | ६:४५ |
| बीरगन्ज पोलो | ७:०५ |
| जनकपुर | ७:१० |
| बारामाडी | ७:८० |
| बीरगन्ज सोझै | ९:०० |
| बीरगन्ज सोझै | १०:०० |
| महुरु (बेलुका) | ४:३० |
| बिरटमनगर (बेलुका) | ४:३० |
| कोइराला (राति) | ९:३० |
| बीरगन्ज (राति) | ९:१५ |

यात्रुबसको सुविधाका लागि माउण्ड मकालु यातायात सेवा प्रा.लि.द्वारा काठमाडौं-सिनेरी हुँदै टेटौंडासम्म 'मकालु टाटा सुमो' सञ्चालन हुँदै छ ।

दिनबेला तथा अन्य जानकारी
सम्पर्क : ४२७७६२१, ४२८१७४, ४२८७७५, ०५७-५२१५३६ हेटौंडा


## CityMAX

For Booking : 01 2297957

Show Time
काफलपाको 8:30 AM, 3:30 PM
फन्को 12:30, 6:30 PM

www.citymaxcinemas.com
For updated show please type 'CITYMAX' and send it to '4546' citymaxcinemas

# अर्थ

## मेगा बैंक-क्लियरिङ हाउस विद्युतीय भुक्तानी सम्झौता

**काठमाडौं/रास-** मेगा बैंक नेपाल र नेपाल क्लियरिङ हाउस लिमिटेडबिच अन्तर बैंक बिद्युतीय भुक्तानी प्रणाली (आईपीएस) सेवाको सम्झौता भएको छ। सम्झौतामा मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाह र क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले हस्ताक्षर गरे।

अब क्लियरिङ हाउसले अन्तर बैंक विद्युतीय भुक्तानी सेवा सञ्चालनका लागि मेगा बैंकलाई प्रणाली उपलब्ध गराउने छ। त्यसपछि मेगा बैंकले अन्तरबैंक भुक्तानीको सेवा सुरुआत गर्ने छ। सम्झौताअनुसार कम्पनीसँग आवद्ध सदस्य बैंक तथा वित्तीय संस्थाका ग्राहकको खातामा भुक्तानी दिने र लिने लगायत कारोबार स्वचालित रूपमा सञ्चालन हुने छ।

यो प्रणालीबाट सदस्य बैंक तथा वित्तीय संस्थाले ग्राहकको रकम स्थानान्तरण, लाभांश भुक्तानी, आईपीओ रिफन्ड, बिल भुक्तानी, प्रिमियम भुक्तानी, सामाजिक सुरक्षाभत्ता, पेन्सन तलब र भुक्तानी, रेमिट्यान्सलगायतका भुक्तानी दिने तथा लिने सेवा सञ्चालन हुने बताइएको छ। प्रणालीमार्फत हुने कारोबार पारदर्शी हुने, अधिकतम् संख्यामा हुने कारोबार पनि सहजै गर्न सकिने, जोखिम न्यूनीकरण हुनेलगायत सरल भुक्तानी सेवासमेत ग्राहकलाई प्रदान गर्न सकिने मेगा बैंकले जनाएको छ।

## टीभीएसको सोरुम रविभवनमा

**काठमाडौं/रास-** शंकर ग्रुप अन्तर्गतको जगदम्बा मोटर्सले टीभीएस मोटर कम्पनीको रविभवनमा सोरुम खोलेको छ। योसहित कम्पनीको सोरुम संख्या १० पुगेको छ। टीभीएस मोटर कम्पनीको अन्तर्राष्ट्रिय बजार व्यवस्थापन प्रबन्धक आशिष औरो चौधरी र जगदम्बा मोटर्स प्रालिका प्रबन्ध निर्देशक साहिल अग्रवालले सोरुमको उद्घाटन गरे।

रविभवन सोरुममा नेपालमा बिक्री धालनी गरिएका टीभीएसका सम्पूर्ण बाइक तथा स्कूटर, अपाचे १६० सीसी, अपाचे १८० सीसी, जुपिटर, विगो, जेस्ट, फिनिक्स १२५ र स्टारसिटी प्लस ११० उपलब्ध छन्। सोरुमले आफ्नो उत्कृष्ट सेवामार्फत नेपाली मोटरबाइक पारखीमा उत्साह थप्ने कम्पनीले बताएको छ।

## बिहीबारदेखि बंगलादेश एक्स्पो




**काठमाडौं/रास-** बंगलादेशी राजदूतावासको आयोजनामा बिहीबारदेखि काठमाडौंमा 'बंगलादेश एक्स्पो २०१६' हुने भएको छ। सिन्थेसिस एक्जिबिसन्स एन्ड इभेन्ट्स प्रालिको व्यवस्थापनमा काठमाडौंको भक्तीमण्डपस्थित प्रदर्शनी कक्षमा आयोजना हुने एक्स्पोमा बंगलादेशका व्यवसायीले आफ्ना उत्पादनको प्रदर्शन तथा बिक्रीवितरण गर्ने छन्।

विभिन्न बिधाका उत्पादन निर्माण सामग्री, तयारी पोसाक, प्लास्टिकजन्य उत्पादन, सेरामिक्स, जुट तथा जुटजन्य उत्पादन, छालाजन्य उत्पादन, टेक्सटाइलका उत्पादन, औषधिजन्य उत्पादन, सौन्दर्य सामग्री, जुत्ताचप्पल, बिद्युतीय सामग्री एक्स्पोको आकर्षणका रूपमा रहने छन्। त्यसैगरी हस्तकलाका उत्पादन, कृषिजन्य उत्पादन तथा औजार, तयारी खाद्य सामग्री, प्रबिधिजन्य सेवा सुबिधा तथा पर्यटनसम्बन्धी वस्तु तथा सेवा एक्स्पोका अवलोकनकर्ताको आकर्षण बन्ने बताइएको छ।

नेपालका लागि बंगलादेशका राजदूत मसफी बिन्ते साम्सले द्विदेशीय व्यापार बिस्तारका लागि एक्स्पोले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन्। बंगलादेशले सन् २०३० सम्ममा ३० हजार मेगाबाट बिद्युत् खपत गर्ने योजना बनाएअनुसार नेपालबाट ५ हजार मेगाबाट बिद्युत् आयातका लागि बंगलादेश तयार रहेको र यसका लागि बंगलादेशी बिद्युत् उत्पादक कम्पनीले नेपाल भ्रमण गर्ने पनि उनले जानकारी दिइन्।

एक्स्पोसँगै समानान्तर रूपमा नेपालका लागि बंगलादेशी राजदूतावासले नेपाल बंगलादेश बिजनेस फोरमको पनि आयोजना गर्ने भएको छ। माघ २२ र २३ गते दरबारमार्गस्थित अन्नपूर्ण होटलमा आयोजना सो गोष्ठी नेपाल बंगलादेशको व्यापारिक सम्बन्ध, समृद्धदेखि हिमालसम्म व्यापारिक आबद्धता, बिस्तार तथा लगानी भन्ने नाराका साथ आयोजना हुन लागेको हो। गोष्ठीमा दुई देशका सरकारका उच्च पदाधिकारी, निजी क्षेत्र, व्यावसायिक संघसंगठनका प्रतिनिधि तथा बिभिन्न क्षेत्रका बिज्ञको सहभागिता रहने बताइएको छ।

## केसीएमको 'कुबेरबिच' सुरु

**काठमाडौं/रास-** काठमाडौं कलेज अफ म्यानेजमेन्ट (केसीएम)ले औपचारिक रूपमा सेयर तथा लगानीसम्बन्धी तालिम प्रदान गर्ने उद्देश्यका साथ 'कुबेरबिच' कार्यक्रमको सुरुआत गरेको छ।

सो कार्यक्रमको नेपाल स्टक एक्सेन्जका सहायक महाप्रबन्धक निरञ्जन फुंयाल तथा सिभिल क्यापिटलका प्रमुख कार्यकारी अधिकृत भीष्म चालिसेले संयुक्त रूपमा उद्घाटन गरे।

## रेडक्रसले १२ हजार घर बनाउने

**काठमाडौं/रास-** नेपाल रेडक्रस सोसाइटीले भूकम्प प्रभावित जिल्लामा करिव १२ हजार घर बनाउने भएको छ। रेडकसका केन्द्रीय अध्यक्ष सञ्जीव थापाले अति प्रभावित १४ जिल्लामध्ये पहिलो चरणमा उपत्यकाबाहेकका ११ जिल्लामा ११ हजार ६ सय घर बनाउने जानकारी दिए। 'घर निर्माणका लागि सहयोग जुटिसकेकाले हामी अब तत्कालै प्रक्रिया सुरु गर्छौं,' थापाले भने। उनका अनुसार रेडक्रसले घर निर्माणका लागि सहरी विकास तथा भवन निर्माण विभागसंग यसै साता सम्झौता (एमओयू) गर्न लागेको छ।

सरकारले पुर्ननिर्माण विधेयक पास गरिसकेको अवस्थामा अब काम गर्न कानुनी व्यवधान नरहेकाले सरकारका स्थानीय निकायसंगको समन्वयमा रेडक्रसले भूकम्प प्रभावितका लागि घर बनाइदिन लागेको हो। राहत वितरणको चरण सकिएपछि रेडक्रसले पुनर्लाभ कार्यक्रम सञ्चालनका लागि छुट्टै युनिट नै तयार गरेको छ। एकीकृत रूपमा प्रभावित जिल्लामा कार्यक्रम सञ्चालन गर्न पुनर्लाभ युनिट तयार गरिएको हो। पुनर्लाभ कार्यक्रमका संयोजक उमेश ढकाल अनुसार पुनर्लाभ कार्यक्रमका लागि बिभिन्न सहयोगी निकायमार्फत् रेडक्रसले ६ अर्बभन्दा बढी रकम सहयोगको प्रतिबद्धता प्राप्त गरिसकेको छ।

# आन्तरिक हवाई भाडा घट्यो

**मधुजंग पाण्डे/राजधानी**
काठमाडौं, ५ माघ

नेपाल आयल निगमले हवाई इन्धनको मूल्य केही घटाएपछि हवाई भाडा पनि घटेको छ। अब काठमाडौंबाट हुने आन्तरिक उडानको हवाई भाडा केही घट्ने छ। वायुसेवा सञ्चालक संघ-नेपालले बुधबारदेखि लागू हुने गरी हवाई भाडा घटाएको हो। यसअघि २ सय २३ रुपैयां प्रतिलिटर मूल्य रहेको हवाई इन्धनको मूल्य घटेर १ सय ६४ रुपैयांमा झरेको छ।

हवाई इन्धनको मूल्य करिव ३६ प्रतिशतले घटेपछि हवाई भाडा पनि २० देखि २३ प्रतिशतसम्म घटेको हो। तर, काठमाडौं वाहिरबाट हुने उडानको भाडादर भने घटेको छैन। सिम्रिक एयरका बजार प्रबन्धक प्रज्वल थापाले आयल निगमले सोमबार इन्धनको मूल्य समायोजन गरेपछि काठमाडौंबाट बिभिन्न गन्तव्यका लागि उड्ने आन्तरिक उडानको भाडा केही घटेको बताए।

उनले काठमाडौंभन्दा वाहिरका बिमानस्थलबाट उड्ने जहाजको भाडा भने नघटेको जानकारी दिए। उनले त्यहाँ यसअघि १ सय १८ रुपैयां लिटरमा दिइरहेको हवाई इन्धनको मूल्य बढेर अहिले १ सय ६४ रुपैयां पुगेपछि काठमाडौं वाहिर भने हवाई भाडा बढेको बताए। भारतीय नाकाबन्दीपछि हवाई जहाजबाट इन्धन ल्याउनुपर्दा काठमाडौमा हवाई इन्धनको मूल्य झन्डै दोब्बर बनाइएको थियो। तर, काठमाडौं वाहिरका इन्धन डिपोमा भारतबाट दयांकरमा तेल आइरहँदा बढाउनुपरेको थिएन। आयल निगमले सोमबार इन्धनको मूल्य समायोजन गर्दा काठमाडौमा घटेको र काठमाडौं वाहिर बढेको उनले जानकारी दिए।

वायुसेवा सञ्चालक संघ-नेपालका अनुसार काठमाडौंबाट पोखराका लागि हवाई भाडा अहिलेको भन्दा १ हजार १ सय ६३ रुपैयां घटेरप्रति टिकट ६ हजार ४ सय ९० वाट जम्मा ५ हजार ३ सय २५ रुपैयां भएको छ। यसैगरी मैरहवाका लागि १ हजार ४ सय २३ रुपैयां घटेर प्रतिटिकट ८ हजार ६० वाट जम्मा ६ हजार ६ सय ४० रुपैयां भएको छ। यसैगरी, काठमाडौंबाट सबैभन्दा नजिकको गन्तव्य चितवनको भरतपुरकालागि ९ सय ३ रुपैयां घटेर प्रति यात्रु ४ हजार ८ सय ५०वाट जम्मा ३ हजार ९ सय ४७ रुपैयां भएको छ।

बिराटनगरका लागि १ हजार ५ सय ९३ रुपैयां घटेर प्रतियात्रु ९ हजार १ सय ५५वाट ७ हजार ५ सय ६० रुपैयां कायम भएको छ। जनकपुरका लागि १ हजार ३४ रुपैयां घटी प्रतियात्रु ४ हजार ६ सय ५ रुपैयांवाट जम्मा ४ हजार ५ सय ७० रुपैयां भएको छ। यसैगरी, काठमाडौंवाट सिमराका लागि ७ सय ७५ रुपैयां घटेर प्रतियात्रु हवाई भाडा दर ४ हजार १ सय ६० वाट जम्मा ३ हजार ३ सय ८५ रुपैयां तोकिएको छ। धनगढीका लागि २ हजार ६ सय ७० रुपैयां घटेर प्रतियात्रु १५ हजार ७ सय १५ वाट जम्मा १३ हजार १ सय २५ रुपैयां कायम भएको छ।

नेपालगन्जका लागि पनि २ हजार २३ रुपैयां घटेर प्रतियात्रु ११ हजार ८ सय ९० वाट जम्मा ९ हजार ८ सय ६५ रुपैयां कायम भएको छ। त्यसैगरी काठमाडौंवाट भद्रपुरका लागि १ हजार ८ सय ९५ रुपैयां घटेर प्रतियात्रु ११ हजार ७० वाट ९ हजार १ सय ७५ रुपैयां र तुम्लिङटारका लागि १ हजार ४ सय २३ रुपैयां घटेर प्रतियात्रु ७ हजार ७ सय ५० वाट जम्मा ६ हजार ३ सय २७ रुपैयां कायम भएको छ।

यसैगरी माउन्टेन उडानका लागि २ हजार ५ सय ८५ रुपैयां घटेर प्रतियात्रु १४ हजार ३५ वाट जम्मा ११ हजार ४ सय ८५ रुपैयां कायम भएको छ। हवाई इन्धनको मूल्य घटेपछि हवाई टिकटमा जोडिएर आउने फ्युल सरचार्ज घटाउँदा हवाई भाडादर घट्न पुगेको हो। यसअघि भारतको अघोषित नाकाबन्दीको वेला उत्पन्न इन्धनको चरम अभावमा नेपाल वायुसेवा निगमले जहाजवाट हवाई इन्धन ल्याउंदा महँगो परेको भन्दै मूल्य दोब्बर बनाएपछि त्यतिवेला सबै विमान कम्पनीले पनि हवाई भाडा बढाएका थिए।

अहिले इन्धनको मूल्य घटेसँगै हवाई भाडादर पनि घटेको जानकारी गराउँदै थापाले भने, 'बुधबारदेखि नै अहिले घटेको नयाँ भाडादर कायम हुने छ।' काठमाडौंबाहिर बिराटनगर, पोखरा र नेपालगन्जबाट नजिकको गन्तव्यमा हुँदै आइरहेको हवाई सेवाको भाडा केही बढेको छ। काठमाडौं बाहिर नेपालगन्ज, धनगढी, मैरहवा, पोखरा र बिराटनगर बिमानस्थलमा हवाई डिपो हुँदा इन्धन भर्ने सुबिधा पनि सुरु गर्ने छन्। आधा सिलिन्डर ग्यांस बिक्री गर्दा धेरै उपभोक्ताले पाए पनि दुबानी गर्दा लागत महँगो पर्ने गरेको छ।

# अर्को सातादेखि भरी सिलिन्डर ग्याँस

**राजधानी समाचारदाता**
काठमाडौं, ५ माघ

सरकारले आगामी सातादेखि पूर्ण तौल (१४.२ किलो) को सिलिन्डर वितरण गर्ने गृहकार्य थालेको छ। नेपाल एलपी ग्यांस उद्योग संघ, वाणिज्य तथा आपूर्ति विभाग, नेपाल आयल निगमको सहकार्यमा आपूर्ति मन्त्रालयले आगामी सातादेखि पूर्ण तौलको सिलिन्डर बजारमा ल्याउने तयारी गरेको हो।

गत असोजदेखि भारतवाट पर्याप्त मात्रामा ग्यांसको आपूर्ति नहुंदा सरकारले ११ कात्तिकदेखि १४.२ किलो तौल क्षमता भएको सिलिन्डरलाई ७१ किलोको सिलिन्डर वितरण गर्न उद्योगीलाई निर्देशन दिएको थियो। सर्वसाधारणलाई गहत दिन ७१ किलो तौल भएको सिलिन्डर तयार पारेर सर्वसाधारणलाई वितरण गर्ने व्यवस्था मिलाइए पनि अधिकांश उपभोक्ताले सास्ती मात्रै खेप्न बाध्य भएपछि सरकारले अहिले पुनः पूर्ण तौलको सिलिन्डरमा जाने तयारी गरेको हो।

आपूर्ति मन्त्रालयका उपसचिव शिवप्रसाद विपाठीका अनुसार ग्यांस उद्योग संघले पूर्ण तौलको सिलिन्डर बिक्री गर्न पाऊँ भन्दै गत पुस २० गते नै मन्त्रालयमा प्रस्ताव गरेका छन्।

'आधा तौलको सिलिन्डर ठूलो परिमाणमा उपभोक्ताको घरमा होल्ड (थन्किएको) हुँदा अहिले बुलेट आएर पनि ग्यांस रिफिलिङ गर्न सिलिन्डर भेट्न कठिन भएको छ', उपसचिव विपाठीले भने, 'पूर्ण तौलको सिलिन्डरमन्दा आधा तौलको सिलिन्डरमा उद्योगी, डिलर र बिक्रेताले बदमासी गरेर दुबानी खर्च बढाएर बढी रकमको आधारमा उपभोक्तालाई वितरण गरेको गुनासो आइरहेका छन्, त्यही भएर पूर्ण तौलमै जाने विषयमा गृहकार्य सुरु भएको छ।

वाणिज्य तथा आपूर्ति व्यवस्थापन बिभागले पनि खुद्रा बिक्रेता र खाद्यान्न बिक्री गर्ने पसल सञ्चालकले आफुखुसी मूल्य असुल गरेर उपभोक्तालाई सिलिन्डर वितरण गरेका कारण उपभोक्तालाई मार परेको र एउटै उपभोक्ताको घरमा तिनदेखि चारओटा कम्पनीको सिलिन्डर थन्किएकाले अहिले आएको बुलेटको ग्यांस भर्न सिलिन्डर अभाव हुँदा पूर्ण तौलमा जान भनेर मन्त्रालयसहित निगमलाई सिफारिस गरेको छ। 'अहिलेकै अवस्थामा नियमित रूपमा आयात भइरह्यो भने आगामी सातादेखि पूर्ण तौलको सिलिन्डरमा जान्छौं', बिभागका निर्देशक हरिनारायण वेलवासेले भने, 'सर्वसाधारणलाई सुलभ रूपमा ग्यांस उपलब्ध गराउन आधि सिलिन्डरको व्यवस्था गरिए पनि यसबाट उपभोक्ता ठगिएका थिए।'

आधा तौल भएका सिलिन्डर दुबानी खर्च बढी लागेको भन्दै बिक्रेताले ७ सय पर्ने प्रतिलिन्डर ग्यांसलाई १ हजार रुपैयांसम्म बेच्ने गरेको थिए। दुबानी भाडा र सिलिन्डर अभाव भएपछि ग्यांस उद्योगीले आइतवारदेखि पूरै सिलिन्डर ग्यांस बिक्री गर्ने भएका छन्। नेपाल एलपी ग्यांस उद्योग संघले दुई साताअघि आपूर्ति मन्त्रालयमा गरेको प्रस्ताव कार्यान्वयनमा आए उद्योगीले आइतवारबाटै पूरा सिलिन्डर ग्यांस भर्न सुरु गर्ने छन्। आधा सिलिन्डर ग्यांस बिक्री गर्दा धेरै उपभोक्ताले पाए पनि दुबानी गर्दा लागत महँगो पर्ने गरेको छ।

# कन्टेनरको विलम्ब शुल्क मिनाहको पहल

**राजधानी समाचारदाता**
काठमाडौं, ५ माघ

विगत पांच महिनाभन्दा बढी समयदेखि जारी भारतको अघोषित नाकाबन्दी र तराई आन्दोलनका कारण भारतमा अलपत्र परेका कन्टेनरको बिलम्ब शुल्क मिनाह गर्न नेपाल उद्योग बाणिज्य महासंघले पहल थालेको छ।

छिमेकी मुलुक भारतसहित बिभिन्न देशवाट आयात गरिएका सामान धेरै समयदेखि वाटोमा थन्किंदा लागेको जरिबाना तथा पोर्ट भाडा मिनहा गर्न महासंघले पहल सुरु गरेको हो। यसै विषयमा भारतका सिपिड एजेन्सीसँग छलफल गर्न महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठको नेतृत्वको एक टोली मंगलबार भारतको कोलकातातर्फ गएको छ।

सो टोलीले कोलकातास्थित नेपाली महावाणिज्य दूतावासको सहयोगमा बिलम्ब शुल्क मिनाहका लागि पहल गर्ने छ। टोलीमा नेपाल फ्रेटफर्वाडर्स एसोसिएसन (नेफा) का अध्यक्ष राजन शर्मा, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष प्रदीपकुमार केडिया, मोरङ व्यापार संघका निवर्तमान अध्यक्ष अविनाश बोहोरा र मुकेश राठी, चौधरी ग्रुपका एससी साव, नेफाका अशोकमान कपाली, अनिल श्रेष्ठ, थोमस मुरे, प्रज्वल अमात्य र हरि सापकोटा सहभागी छन्।

कोलकातामा टोलीले एसोसिएसन अफ सिपिड इन्टरेस्ट र नेपाल क्लियरिङ एजेन्टस एसोसिएसका पदाधिकारीसंग डिटेन्सन र डेमरेज शुल्क मिनाहका विषयमा छलफल गर्ने महासंघले जनाएको छ। महासंघले विज्ञप्तिमार्फत यस्तो जानकारी गराएको हो।

# कृषि विकास बैंकले नेपाली साझेदार पाए पनि लिने

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
तपाई हाम्रो परम्परागत बैंक

**राजधानी समाचारदाता**
काठमाडौं, ५ माघ

कृषि विकास बैंकले उपयुक्त साझेदार पाए नेपाली साझेदार नै भए पनि भित्र्याउने भएको छ। विदेशी साझेदार खोजी गरेको लामो समय भए पनि उपयुक्त प्रस्ताव नआएकाले उपयुक्त स्वदेशी साझेदार पाए त्यस्तो साझेदार पनि भित्र्याउने वाटो खुला गर्न लागेको हो।

बैंकले ४९औं वर्ष पूरा गरी ५०औं वर्षमा प्रवेश गर्न लागेको अवसरमा बैंकका गतिविधि र आगामी कार्ययोजनाका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा बैंकका प्रमुख कार्यकारी अधिकृत लीलाप्रकाश सिटौलाले यस्तो जानकारी दिएका हुन्।

उनले बैंकले विदेशी साझेदार भित्र्याउने प्रयास गरिरहेको भए पनि उपयुक्त साझेदार पाए नेपाली पनि ल्याउन सकिने जानकारी दिएका हुन्।

'हामीले लामो समयदेखि विदेशी साझेदार भित्र्याउन प्रयास गरिरहेका छौं तर लामो समयसम्म पनि उपयुक्त प्रस्ताव नआएको उपयुक्त नेपाली नै साझेदारवाट प्रस्ताव आए त्यसमा पनि हामी खुला रहने सोच बनाएका छौं,' प्रमुख कार्यकारी अधिकृत सिटौलाले भने। यस्तै बैंक अब सामाजिक अभिमुखीकरणसहितको बैंक बन्ने योजना रहेको उनको भनाइ हुं।

बैंकको चुक्ता पुंजी अहिले ९ अर्ब ८६ करोड ८ लाख रुपैयां रहेको छ। यसमध्ये नेपाल सरकारको ६ अर्ब ४३ करोड ६८ लाख रुपैयां अग्राधिकार सेयर रहेको छ। बैंकले यस्तो अग्राधिकार सेयरसमेत गणना गरेर चुक्ता पुंजी ९ अर्ब ८६ करोड रुपैयां दावी गरेकामा राष्ट्र बैंकले अग्राधिकार सेयरलाई चुक्ता पुंजीमा गणना गर्न नपाइने भनिसकेको छ। यस्तो अवस्थामा सबैलाई फाइदा हुने गरी राष्ट्र बैंकले तोकेअनुसारको पुंजी पुऱ्याउने प्रमुख कार्यकारी अधिकृत सिटौलाले बताए। यस्तो विधि के हुन सक्छ भन्नेमा उनले केही पनि खुलाएनन्।

बैंकले सरकारको सेयर स्वामित्व ५१ प्रतिशतमा नघट्ने गरी साधारण सेयरधनीको हिस्सा बढाउने प्रयत्न थालेको छ।

बैंकले गत आर्थिक वर्षमा ७६ अर्ब ९० करोड रुपैयां निक्षेप संकलन र ८५ अर्ब ४७ करोड रुपैयां कर्जा प्रवाह गरेको छ। बैंकको साबा असुली ७५ अर्ब ६० करोड रुपैयां, ब्याज असुली ८ अर्ब ५६ करोड रुपैयां छ। यस्तै सञ्चालन नाफा १ अर्ब ७१ करोड रुपैयां र खुद नाफा १ अर्ब ८८ करोड रुपैयां गरेको छ।

बैंकले चाँडै नै भिसा कार्ड सञ्चालनमा ल्याउन लागेको प्रमुख कार्यकारी अधिकृत सिटौलाले जानकारी दिए।

**निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री रत्न मान राईकी नातीनी श्री मोहन कुमार राईकी छोरी लक्ष्मनपुर - २, झापा बस्ने वर्ष ४६ की सरस्वती राईको मिति २०७२/०६/१५ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकको चुच्चेपाटी शाखामा रहेको वचत खाता नं. ००९-०००-००३७१०U मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको बुबा श्री मोहन कुमार राईले मिति २०७२/०९/३० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । ग्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

SanimaBank
www.sanimabank.com

पो.ब.नं.: २०३९४, 'अलकापुरी, नक्साल, काठमाडौं फोनः +९७७-१-४४२८९७९
फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com

Government of Nepal
Ministry of Finance
Financial Comptroller General Office
**District Treasury Comptroller Office, Bara**

**INVITATION FOR BID**

**Bid Notice No 01-2072/73**

**Date of First Publication: 2072/10/06 (January 20, 2016)**

1. Government of Nepal, Ministry of Finance, Financial Comptroller General Office, District Treasury Comptroller Office, Bara invites sealed bid from duly registered eligible and qualified Bidders for Purchase Works given in the table below.
2. Interested eligible bidders may obtain further information and inspect the Bidding Documents at District Treasury Comptroller Office, Bara during office hour.
3. A complete set of Bidding documents may be purchased by the interested eligible Bidders from the office on submission of a written application to the office mentioned above, attached with duly attested copies of Bidder's registration, VAT registration, Tax clearance certificate all valid for the Fiscal Year 2071/72.
4. The purchased Bidding document shall be duly filled up and sealed in an envelope addressing to the office mentioned above indicating contract number, description of works, name of the Bidder's firm or JV and its address and the bid must be submitted at District Treasury Comptroller Office, Bara no later than 12:00 hours of 07-11-2072 (19-02-2016). The Bids will be opened physically at the same place and on the same day at 13:00 hour in the presence of the bidders' representatives, who choose to attend in person. Absence of any or the Bidders' entire representatives shall not hinder the opening of the Bids.
5. The bid must be accompanied by Original Voucher of Bid Security amount as stated in table below for each contract deposited at Rastriya Banijya Bank, Kalaiya in Deposit Account no. 1260203000000 of District Treasury Comptroller Office (Ko.Le.Ni.Ka.) , Bara or Bid Security Guarantee issued by any commercial bank approved by the Government of Nepal. Bids and Bid security shall be valid for the periods as mentioned in the table below from the deadline for Bid submission
6. The Bidders are invited to participate in the pre-bid meeting to be held at District Treasury Comptroller Office, Bara on 27-10-2072 (10-02-2016), at 12:30 hour. If the date happens to be a public holiday, then this event will take place at the same time on the next working day.
7. If the last date of purchasing of Bidding document falls on public holiday, the bidding document can be purchased on the following working day and submitted on the subsequent working day at the same time and place stated above. Similarly if the last day of bid submission falls on public holiday, the bids shall be submitted up to 12:00 hours of the next working day. In such cases the bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. Bidders are advised to visit the site and assess the actual site before submitting the bids at their own cost.
9. The Bidders shall quote the item rates in the Bill of Quantities exclusive of VAT and VAT shall be added separately in the total amount. All other taxes and levies which may be applicable shall be included in the quoted rates. In case the rates quoted in figures and words differ, the rates quoted in words shall govern.
10. Bidders can bid as a single contractor or in the form of a Joint Venture of maximum of three contracting firms.
11. Contract will be awarded based on post qualification process satisfying the qualification requirement as given in bidding data in the bidding documents.
12. All the rights as to whether to accept or reject, wholly or partly any or all the bids or cancel the bidding process without assigning any reason, whatsoever are reserved to District Treasury Comptroller Office, Bara.
13. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063, public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Table:**

| SN | Contract Number | Description of Purchase Works | Average Annual Turnover | Bid Document Fee (NRs) | Estimated Amount inclusive of VAT, NRs) | Bid Validity Period | Bid Security Amount & Validity Period, NRs |
|---|---|---|---|---|---|---|---|
| 1 | 01-2072/73 | Installation, setup and configuration of Power backup system (Solar system). | As per bid Documents | 1000.00 | 15,60,000.00 | 90 Days from last date of bid submission | 45000.00 & 120 days from the date of bid opening |

Chief Treasury Comptroller

# 'नेपाल सम्झेर खेल्नोस्'

*विदाइपछि प्रधानमन्त्री केपी शर्मा ओलीसंग सामूहिक तस्विर खिचाउँदै यू-१९ क्रिकेट खेलाडी ।* **तस्बिर सौजन्य : आनन्दराम डंगोल**

**राजधानी समाचारदाता**
काठमाडौं, ५ माघ

~~विश्वकप्का राम्रो प्रदर्शनको अपेक्षासहित नेपाली युवा टोली बंगलादेश प्रस्थान गरेको छ । मंगलवार एक कार्यक्रममा बिप्र प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वकप खेल्न तयारीमा रहेको यू-१९ को राष्ट्रिय क्रिकेट टोलीलाई बिदाइ गरे ।~~

बिदाइ कार्यक्रममा खेलाडीलाई सम्बोधन गर्दै ओलीले भने, 'नेपाल सम्झेर खेल्नुहोस्, सगमाथा र नेपाल जप्नुभयो तपाईको ब्याटले छक्का र चौका प्रहार गर्ने छ । तपाईको बलले बिकेट ढाल्नेछ ।' उनले नेपाल सरकार क्रिकेटको बिकासका लागि संवेदनसिल रहेको भने बताउँदै सरकारबाट गर्नुपर्ने कुराको बिषयमा प्रस्ताब पेश गर्न समेत आग्रह गरे । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री सत्यनारायण मन्डल, राखेपका सदस्यसचिब केशबकुमार बिष्ट, नेपाल क्रिकेट संघका अध्यक्ष रमेश सिलवालको उपस्थिति थियो ।

आगामी साताबाट बंगलादेशमा हुने विश्वकप खेल्न जानुअघि नेपाली टोलीले भारतमा केही अभ्यास खेलहरू खेलेको थियो । त्यसपछि स्वदेश फर्किएको टोली बुधबार बिहान ढाकातर्फ जाने छ । सातौं पटक विश्वकप खेल्न लागेको नेपाल आफ्नो यात्रालाई सुखद बनाउने लक्ष्यका साथ ढाकातर्फ लागेको हो । ९ माघबाट सुरु हुन लागेको प्रतियोगितामा टेस्ट मान्यता प्राप्त ९ सहित कुल १६ देशको सहभागिता रहेको छ । अस्ट्रेलिया भने सुरक्षाको कारण देखाउँदै विश्वकपबाट बाहिरिएको छ ।

जगत टमाटाको प्रशिक्षणमा रहेको नेपाली टिमको कप्तानी भूमिका राजु रिजालले सम्हाल्ने छन् । प्रशिक्षक टमाटा नेपाली टिमले सन्तुलित भएकाले प्रदर्शन सुखद आउने बिश्वास व्यक्त गरे । उनले भने, 'हामी आफ्नो तर्फबाट सक्दो राम्रो खेल्ने छौं । हाम्रो पुरानो प्रदर्शनलाई निरन्तरता दिँदै दोस्रो चरणसम्म पुग्ने हाम्रो पहिलो लक्ष्य हुने छ ।'

खेलाडीलाई बिदाइ गर्दै प्रधानमन्त्रीले केपी शर्मा ओलीले आत्माबिश्वा र अनुशासनमा रहेर देशलाई सम्मिएर प्रदर्शन गर्न आग्रह गरे । उनले भने, 'अहिले क्रिकेटमा आकर्षण छ, अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले ढिलो पाइला चालेको भए पनि यसले राष्ट्रिय गौरब बढाएको छ । जसलाई युवा टिमले निरन्तरता दिनुपर्छ ।' क्रिकेट बिकासका लागि सरकार संवेदनशील रहेको भन्दै उनले सरकारका तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम गर्नका लागि आफू तयार रहेको बताए । युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डल, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवकुमार बिष्ट, नेपाल क्रिकेट संघ तदर्थ समितिका अध्यक्ष रमेश सिलवाललगायतले युवा टिमलाई बिदाइ गरेका थिए ।

नेपालले पहिलो खेल यही माघ १४ गते न्युजिल्यान्डबिरुद्ध खेल्दै छ भने भारत र आयरल्यान्ड पनि सोही समूहमा छन् । २० सदस्यीय नेपाली टोली बुधबार बंगलादेश जाँदै छ । टोलीका कप्तान राजु रिजाल छन् भने उपकप्तान आरिफ सेख छन् ।

त्यसैगरी सुनिल धमला, सन्दीप सुनार, योगेन्द्रसिंह कार्की, शंकर राना, दीपेन्द्रसिंह ऐरी, राजबीर सिंह, प्रेम तमाङ, ईशान पाण्डे, दीपेश श्रेष्ठ, सन्दीप लामिछाने, सुशील कंडेल, हिमांशु दत्त र कुशल भुर्तेल छन् । मुख्य प्रशिक्षकका जगतबहादुर टमाटा छन् । बलिड प्रशिक्षकमा बिनोद दास छन् । व्यवस्थापकमा सुदीप शर्मा छन् भने प्राबिधिक बिश्लेषकमा रमण सिबाकोटी र चिकित्समा दीनेश भट्ट रहेका छन् । नेपाली टोलीले १४ माघमा न्युजिल्यान्डबिरुद्ध खेलेर अभियान सुरु गर्ने छन् । नेपाल रहेको समूहमा आयरल्यान्ड र भारत रहेका छन् ।

# सिमरामाथि सहाराको बदला

**बिजय नेपाल/राजधानी**
पोखरा, ५ माघ

पोखरामा मंगलबारदेखि १४औं आहा रारा गोल्ड कप फुटबल प्रतियोगिता सुरु भएको छ । पोखरा रंगशालामा आगामी १६ माघसम्म चल्ने प्रतियोगितामा नेपालका ए डिभिजन क्लब, आयोजक र बिदेशी ३ सहित १२ टिमले भाग लिएका छन् ।

प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिब केशबबहादुर बिष्टले उद्घाटन गरे । उद्घाटन खेलमा आयोजक सहारा क्लब पोखरा बिजयी भएको छ । अघिल्लो संस्करणको उद्घाटनमा नब जनजागृति युवा क्लब सिमरासँग टाइब्रेकरमा बेहोराको हार सहाराले यसपालि फर्काउन सफल भयो । सहाराको पक्षमा ३-० को नतिजामा बिदेशी खेलाडीको उच्च योगदान देखियो । खेल सुरुआतको ६ मिनेटमा बिदेशी खेलाडी एन्भिसले बिपक्षी किपर रबि थापालाई बिट गर्दै बल गोलपोस्टमा छिराउन सफल भएका हुन् । पहिलो हाफमा १-० ले अग्रता लिएको सहारा क्लबले घरेलु दर्शकको व्यापक समर्थनमा दोस्रो हाफमा थप दुई गोल गरी जित सुनिश्चित गरेको हो । खेलको ५२ मिनेटमा बिदेशी खेलाडी गे मर्टियलले गोल गर्दै गोलअन्तर २-० मा पुऱ्याएका बिए । उनले बुद्ध तामाङको कर्नर प्रहार सदुपयोग गरेका हुन् ।

गोलमा फर्किने प्रयासमा रहेको नब जनजागृति युवा क्लबले केही राम्रा अबसर खेर फाल्यो । खेलको उत्तरार्द्धमा सहाराका लागि कमल थापाले थप १ गोल गरेपछि सिमरा घर फर्किन बाध्य भयो । सिमराले सहारालाई अघिल्लो संस्करणमा टाइब्रेकरमा हराएको थियो । थापाले खेलको ८२ मिनेटमा बान भर्सेस बान बललाई गोलपोस्टको दिशा दिँदै सहारालाई क्वार्टरफाइनलमा पुऱ्याउन महत पुऱ्याए । खेलमा एल्भिस म्यान अफ दि म्याच घोषित भए । खेलमा दुबै टिमले ३/३ जना बिदेशी खेलाडी मैदान उतारेका बिए ।

प्रतियोगिताको ४० मिनेटमै सहाराका लागि गोलअन्तर दोब्बर गर्ने अबसर गुमेको थियो । बुद्ध तामाङको पास भरपर्दा खेलाडी शिब श्रेष्ठले हेडमार्फत गोलको दिशा दिएकोमा बिपक्षी किपरले उत्कृष्ट बचाउ गरेका थिए । सिमराका लागि बुपै अबसर खेर गयो । सहारा १२औं संस्करणको बिजेता हो । सहाराले सेमिफाइनल प्रबेशका लागि युनाइटेड सिक्किम एफसी भारतसँग ९ माघमा प्रतिस्पर्धा गर्ने प्रतियोगिता संयोजक केशबबहादुर थापाले बताए ।

प्रतियोगिता उद्घाटन गर्न हिलो गरी रंगशाला आइपुगेका राखेप सदस्यसचिब बिष्टले खेलकुदको बिकासमा सबैजनाको सहयोग आबश्यक रहेको बताए । उनले आगामी सागको उद्घाटन पर्यटकीय नगरी पोखरामै गर्न आफूले पहल गर्ने बताए । हिमश्री फुड्सको उत्पादन आहा रारा चाउचाउको प्रायोजनमा सुरु प्रतियोगितामा नेपाल पुलिस क्लब, रुस्लान थ्रिस्टार क्लब, लक्ष्मी हुन्डाई मनाङ मर्स्याङ्दी क्लब, जाबलाखेल युथ क्लब, रमपम झापा-११, नब जनजागृति युवा क्लब सिमरा, बिभागीय नेपाल आर्मी, सशस्त्र प्रहरी (एपीएफ), आयोजक सहारा क्लब, बिदेशी इन्डियन आर्मी गोर्खा ब्रिगेट टिम, युनाइटेड सिक्किम एफसी भारत र रहमदगन्ज एमएफ सोसाइटी बंगलादेशले भाग लिएको क्लब अध्यक्ष बीरभद्र आचार्यले बताए ।

प्रतियोगिता रोमाञ्चकारी बनाउन तथा सहभागी टिमको मनोबल बढाउन आयोजकले पुरस्कार राशि बढाएको छ । बिजेताले ५ लाख १ हजार रुपैयाँ नगदसहित सिल्ड, मेडल र प्रमाण पत्र पुरस्कार प्राप्त गर्ने छ भने उपबिजेताले २ लाख ५१ हजार पुरस्कार पाउने छ ।

अघिल्लो पटक बिजेताले ३ लाख ५१ हजार र उपबिजेताले २ लाख १ हजार पाएका बिए । सर्बोकृष्ट खेलाडीलाई हिरो स्कुटर र सर्बाधिक गोलकर्तालाई २५ हजार पुरस्कार दिइनेछ । उत्कृष्ट पाँच बिधामा उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई जनही १५ हजार रुपैयाँ पुरस्कार दिइने क्लब महासचिब केशबराज बरालले जानकारी दिए । प्रतियोगितामा ७९ लाख ६२ हजार खर्च र झन्डै १ करोड आम्दानी हुने आयोजकको अपेक्षा छ ।

# आर्मी र हिमालयन क्रिकेट एकेडेमी फाइनलमा

**काठमाडौं/रास-** हिमालयन क्रिकेट एकेडेमी र बिभुवन आर्मी क्लब प्रथम राष्ट्रिय अन्तर क्लब युथ क्रिकेट च्याम्पियनसिपको फाइनलमा प्रबेश गरेका छन् । मंगलबार भएको खेलमा हिमालयन क्रिकेट एकेडेमीले ग्रेट हिमालयन क्रिकेट एकेडेमीलाई ३३ रनले हराउँदै उपाधि नजिक पुगेको हो । त्यसैगरी बिभुवन आर्मी क्लबले बालुवाटार क्रिकेट क्लबलाई हराउँदै हिमालयन क्रिकेट एकेडेमीसँगको भेट निश्चित गरेको हो ।

टीयू क्रिकेट मैदानमा भएको सेमिफाइलनमा खेलमा बिभुवन आर्मी क्लबले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ६ बिकेट गुमाउँदै १ सय १८ रन जोड्यो । जबाफी ब्याटिङमा उत्रिएको बालुवाटार क्रिकेट क्लब १९ ओभर ४ बलमा अलआउट हुँदै १ सय ११ रनमा समेटियो । उसका लागि रबिन जोशीले सर्बाधिक २५ रन जोडे ।

त्यसैगरी सानु तामाङले १९, बिजय गौतमले २२ र रोहित पौडेलले १२ रन जोडे । बालुवाटारलाई समेट्ने क्रममा बिभुवन आर्मीका सरद भेस्वाकरले सर्बाधिक ५ बिकेट लिए । उनले ३ ओभर ४ बल बलिड गर्दै १५ रन खर्चेर ५ बिकेट लिएका थिए । उनी म्यान अफ दि म्याच घोषित भए । उनलाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष तथा नेपाल ओलिम्पिक कमिटीका महासचिव लामा टेन्डी शेर्पाले म्याच अफ दि म्याचको पुरस्कार प्रदान गरे । यस अघि बिभुनब आर्मीका लागि राजु पुलामीले सर्बाधिक ३१ रन जोडेका थिए ।

अर्को सेमिफाइनलमा खेलमा हिमालयन क्रिकेट एकेडेमीले दिएको १ सय ६२ रनको लक्ष्य पछ्याउँदै ब्याटिङमा उत्रिएको ग्रेट हिमालयन क्रिकेट एकेडेमी १ सय २९ रनमा समेटिएको थियो ।

**आजको खेल**

बिभुवन आर्मी क्लबबिरुद्ध हिमालयन क्रिकेट एकेडेमी : ११ बजे (टीयू क्रिकेट मैदान)

# आयोजक भानुभक्त च्याम्पियन

**काठमाडौं/रास-** आयोजक भानुभक्त स्कुलले अन्तर बिद्यालय टेबलटेनिस प्रतियोगितामा मंगलबार टिम च्याम्पियनको उपाधि जितेको छ । भानुभक्तले ६, इभेन्टबाट २ स्वर्ण, ३ रजत र ८ कास्य जितेको छ । २ स्वर्ण मात्र जितेको चाँदबाक स्कुल दोस्रो भयो । एक-एक स्वर्ण जितेका र्‍यालेक्सी र महामञ्जुश्री स्कुल संयुक्त रूपमा तेस्रो स्थानमा रहे । भानुभक्त मेमोरियल उच्च माध्यामिक बिद्यालयको साप्ताहिक खेलकुद महोत्सबअन्तर्गत मंगलबार गल्स यू-१२ को फाइनल खेलमा चाँदबाक स्कुलकी श्वेताआष्मा राणाले आयोजक भानुभक्तकी बबिता श्रेष्ठलाई ११-८, ९-११ र ११-७ ले पराजित गर्दै स्वर्ण जितिन् । सोही स्पर्धामा भानुभक्तका ममता श्रेष्ठ र रोशनी श्रेष्ठ तेस्रो भए । गल्स यू-१४ तर्फ चाँदबाककी आयुष्मा पाण्डेले भानुभक्तकी रोशनी श्रेष्ठलाई ११-७, ९-११ र १२-१० ले हराउँदै स्वर्ण जितिन् । भानुभक्तकी बबिता श्रेष्ठ र केडिनी राई तेस्रो भए । गल्सकै यू-१६ मा महामञ्जुश्रीकी दीपिका कुँवर पहिलो भइन् । उनले फाइनल खेलमा आयोजक भानुभक्तकी अञ्जली शाहीलाई ११-७, ८-११ र ११-८ ले रोकिन् । सोही स्पर्धामा भानुभक्तकी श्रद्धा कार्की र कुमुदिनीकी श्रद्धा थपलिया तेस्रो भए । त्यस्तै, ब्वाइजको यू-१६ को फाइनल खेलमा भानुभक्तका प्रदीप मल्लले आफ्नै स्कुलका सागर छितालमार्थि रोमाञ्चक जित निकाले । पहिलो र दोस्रो सेट १२-१४ र ७-११ ले गुमाए पनि खेलमा फर्कंदै बाँकी सेट भने ११-५, ११-९ र ११-८ ले आफ्नो पक्षमा पारे । सोही समूहमा भानुभक्तका मनोज श्रेष्ठ र एलिन मल्ल तेस्रो भए । महोत्सबअन्तर्गत बुधबार देखि अन्तर बिद्यालय बास्केटबल प्रतियोगिता सञ्चालन हुने छ ।

# लनटेनिस टोली बैंकक जाने

**काठमाडौं/रास-** भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत लनटेनिसमा सहभागी हुने खेलाडी बैदेशिक प्रशिक्षणका लागि बुधबार थाइल्यान्डको बैंकक जाने भएको छ ।

सागका लागि समान ४-४ पुरुष/महिला गरी ८ खेलाडी छनोट भए पनि हाल ३ पुरुष र ३ महिला खेलाडी नेपालबाट थाइल्यान्ड जाने छन् । पुरुषमा संरक्षकभूषण बज्राचार्य, श्रीराम मगर र कमल भण्डारी थाइल्यान्ड जाँदै छन् । अर्का खेलाडी अभिषेक बांस्तोला अमेरिकामा रहेकाले उनी त्यतैबाट थाइल्यान्ड आउने अखिल नेपाल लनटेनिस संघकी अध्यक्ष ज्योति राणाले जानकारी गराइन् ।

महिलामा गंगा शर्मा, बिभूति कार्की र बिजिशा श्रेष्ठ छन् ।

सागका लागि छानिएकी इरा रावत थाइल्यान्डमै छिन् । इरा त्यहींबाट टोलीसंग मिसिने छिन् । टिम प्रशिक्षकमा रेणुदेवी कोन्डा र सृष्टि श्रेष्ठ थापा छन् । जितेन्द्र परियार पनि प्रशिक्षकका रूपमा टोलीसँगै थाइल्यान्ड जाँदै छन् ।

पुरुषमा लनटेनिसले २ दशकपछि सहभागिता जनाउन लागेको हो । महिलाको स्पर्धा सागकै इतिहासमा पहिलोपटक समावेश गरिएको हो ।

टोलीलाई नेपाल ओलिम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठ, राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्षसमेत रहेका एनओसीका महासचिव लामा टेन्डी शेर्पा र लनटेनिस संघकी अध्यक्ष राणाले सातदोबाटोस्थित एनओसी मुख्यालयमा बिदाइ गरे ।


# आवश्यकता

लोकप्रिय राष्ट्रिय दैनिक राजधानीका लागि केही कर्मचारी आवश्यक भएकाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

| | | |
|---|---|---|
| पद | : | ग्राफिक्स डिजाईनर |
| संख्या | : | १ (एक) |
| योग्यता | : | +2 उत्तीर्ण । |
| अनुभव | : | फोटोसप, इनडिजाईन, फ्रिहयान्ड चलाउन जान्ने, साथै, नेपाली, अंग्रेजी टाइप गर्न सक्ने हुनु पर्ने छ । |
| तलब | : | आपसी समझदारीमा । |

| | | |
|---|---|---|
| पद | : | सबारी चालक (रात्रीकालीन) |
| संख्या | : | १ (एक) |
| अनुभव | : | कम्तीमा ३ वर्ष हुनुपर्ने छ । |
| तलब | : | आपसी समझदारीमा । |

राजधानी न्यूज पब्लिकेशन प्रा.लि
कुपण्डोल, ललितपुर, फोन नं. : ५५४६३००
Email : mail@rajdhani.com.np


# लोयल्टीको खेलकुद सप्ताह सुरु

**काठाडौं/रास-** लोयल्टी एकेडेमीको खेलकुद सप्ताह मंगलबारदेखि सुरु भएको छ । शिक्षाका अलावा बिद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा पनि रुचि जगाउने उद्देश्यले

सुरु गरिएको खेलकुद सप्ताहमा एथलेटिक्स, फुटबल, बास्केटबल, टेबलटेनिस, टग अफ बारलगायत १५ खेल समावेश गरिएको संयोजक बीरेन्द्र लिम्बूले जनाएका छन् ।

नर्सरीदेखि कक्षा ९ सम्मका बिद्यार्थीलाई बिभिन्न ४ भागमा बर्गीकरण गरी आन्तरिक प्रतिस्पर्धा गराइएको छ । नर्सरीदेखि कक्षा ३ सम्म प्री ग्रुप, कक्षा ४ देखि ५ सम्म जुनियर ग्रुप, कक्षा ६ देखि ७ सम्म इन्टर ग्रुप तथा कक्षा ८ देखि ९ सम्म सिनियर ग्रुपमा बिभाजन गरिएको छ ।

पहिलो दिन इन्टर ग्रुपको छात्रातर्फ १ सय मिटर दौडमा रेड हाउसकी स्वस्तिका महतरा पहिलो भइन् । इन्टर ग्रुपकै छात्रा हाइजम्पमा येल्लो हाउसकी नम्रता श्रेष्ठले स्वर्ण जितिन् । खेलकुद सप्ताहको डोल्पाका जिल्ला शिक्षा अधिकारी युबराज पौडेलले एक कार्यक्रमबिच उद्घाटन गरे । उनले खेलकुदको मेरुदण्ड बिद्यालय भएकाले बिद्यालयले खेलकुदमा बिशेष ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रम लोयल्टी एकेडेमीका संस्थापक अध्यक्ष बिजय सम्बाहाङफेको सभापतित्वमा भएको थियो ।

# भलिबल खेलाडीलाई ट्र्याकसुट

**काठमाडौं/रास-** बन्द प्रशिक्षणमा रहेको नेपाली राष्ट्रिय महिला भलिबल खेलाडीलाई पूर्वखेलाडीले ट्र्याकसुट र जुत्ता प्रदान गरेका छन् । पूर्वखेलाडीका तर्फबाट कलाकार एवं सञ्चारकर्मी कोमल बलीले प्रदान गरिन् । नेपाली महिला टोलीले भारतमा हुने लागेको १२औं दक्षिण एसियाली खेलकुदका लागि अहिले तयारी गरिरहेको छ । मंगलबार त्रिपुरेश्वरस्थित कभर्डमा कलाकार बलीले खेलाडीको मनोबल बढाउन उद्देश्यले बन्द प्रशिक्षण गरिरहेको स्थानमा पुगेकी थिइन् ।

नेपाली टोलीलाई उनले केही बेर आत्मबिश्वा बढाउन हौसलासमेत प्रदान गरेकी थिइन् । नेपाली टोलीले इरानी प्रशिक्षकको नेतृत्वमा भारतमा हुन लागेको सागको तयारी गरिरहेको छ । टोलीको सहायक प्रशिक्षक कौशिला खत्री र व्यबस्थापक सुनकेशरी माली हुन् । टोलीका सबै खेलाडीलाई दुई थान ट्र्याक सुट र एक जुत्ता प्रदान गरिएको थियो । बिदेशमा भएकी पूर्व महिला भलिबलकी कप्तान सुस्मा थापा स्पोर्ट्स सुज र बिन्दा मल्ल र मायाँ पुनको तर्फबाट एक-एक सेट ट्र्याकसुट प्रदान गरिएको थियो । यस अघि शेरबहादुर खड्का स्मृति प्रतिष्ठान बालकोटले पनि महिला खेलाडि, प्रशिक्षक र व्यबस्थापकलाई ट्र्याकसुट प्रदान गरेको थियो ।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.व.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**